# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ९ पूर्णाङ्क ५८ | २०७४ साउन ३० गते सोमबार | Monday, August 14, 2017 | पृष्ठ ८ | मूल्य रु. १०|-


## सहयोग गर्न क्रान्तिकारी किसान संघको अपिल

**वर्गदृष्टि संवाददाता**

काठमाडौं- नेकपा (क्रान्तिकारी माओवादी) निकट किसान संगठन अखिल नेपाल किसान संघ (क्रान्तिकारी) ले देशैभरको बाढी पहिरोबाट पीडित बनेकाहरुलाई सहयोग गर्न आग्रक गरेको छ ।

संगठनका संयोजक भूमिश्वर कंडेलले एक विज्ञप्ति जारी गर्दै देशका विभिन्न जिल्लामा बाढी पहिरोबाट परेको दैवी विपत्ति प्रति दुःख प्रकट गर्दै पीडित किसान तथा आम जनताहरुमा हार्दिक सहानुभुति प्रकट गरेका छन् ।

उनले पीडितका लागि यथासक्य आर्थिक, भौतिक, नैतिकसहित सबै प्रकारका सहयोग तत्काल उपलब्ध गराइदिन संगठनको केन्द्रीय समिति, जिल्ला समिति तथा सबै शुभचिन्तक तथा सहयोगीहरुलाई आग्रह गरेका छन् ।

कंडेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'देशका विभिन्न जिल्लाहरुमा बाढी पहिरोबाट दैवी विपत्ति भइरहेको जनधनको क्षति प्रति दुःख प्रकट गर्दै पीडित किसानहरु तथा जनसमुदायप्रति हार्दिक सहानुभूति प्रकट गर्दै हाम्रो संगठनका ...बाँकी ८ पेजमा

# देशभर बाढीपहिरोको वितण्डा

**• आइतबार दिउँसोसम्ममा मृतकको संख्या ४९ पुग्यो • बाढीपहिरो र डुबान पीडितको उद्धारमा खट्न पार्टीपंक्तिलाई अध्यक्ष किरणको अपिल**





**वर्गदृष्टि संवाददाता**

काठमाडौं । केही दिनदेखिको अविरल वर्षाका कारण देशैभर बाढीपहिरोले जनधनको ठूलो क्षति पुऱ्याएको छ । शुक्रबारदेखि सक्रिय मनसुनका कारण सबैभन्दा बढी पूर्वी तराईको जनजीवन कष्टकर बनेको छ भने विस्तारै पश्चिमी क्षेत्रमा सर्दै गएकाले उच्च सतर्कता अपनाउन आम सर्वसाधारणलाई गृहमन्त्रालयले आग्रह गरेको छ ।

मन्त्रालयका अनुसार बाढी पहिरोका कारण आइतबार दिउँसो सम्ममा मृत्यु हुनेको संख्या ४९ पुगेको छ भने अन्य १७ जना वेपत्ता भएका छन् । बाढीपहिरोमा परी सुनसरीमा ८ जना, मोरङमा ५ जना, सिन्धुली, झापा र बाँकेमा ४-४ जना, सर्लाही र सुर्खेतमा ३-३ जना, बारा, बर्दिया, दाङमा २-२ जना र कैलाली, पाल्पा, मकवानपुर, धनुषा र पाँचथरमा १-१ जनाको मृत्यु भएको छ ।

यसैगरी, सुनसरीमा ५ जना बेपत्ता भएका रहेका छन् भने, झापामा ४ जना पाँचथर र मोरङमा ३-३ जना तथा सुर्खेत र मकवानपुरमा १-१ जना हराइरहेका छन् । यसैगरी गृह मन्त्रालय अन्तरर्गतको राष्ट्रिय आपतकालीन केन्द्रले १३ जना घाइते भएको जानकारी दिएको छ । बाढी तथा पहिरोका कारण ३०५ घरमा क्षति पुगेको तथ्यांक आइपुगेको र थप क्षतिको विवरण संकलन गर्ने कार्य जारी रहेको मन्त्रालयले जनाएको छ ।

**गर्भवतीसहित ६ जनाको मृत्यु**

लगातारको वर्षापछि जलमग्न बनेको रौतहटमा गाडी डुब्दा गर्भवतीसहित ६ जनाको मृत्यु भएको छ । प्रसुतीका लागि लौकाहाबाट राजपुर अस्पतालमा जाँदै गरेको जीप बाढीले बाटो कटान गरेको ठाउँमा डुबेको थियो । राजपुर अस्पतालको सय मिटर नजिकै बिहान ३ बजेतिर भारतीय नम्बरको जीप डुब्दा गर्भवती महिलासहित ६ जनाको ...बाँकी ७ पेजमा

## पीडितको उद्धारमा खट्न अध्यक्ष किरणको आग्रह



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य 'किरण'ले एक वक्तव्य जारी गर्दै बाढी, पहिरो र डुबानको समस्यामा परेका नागरिकको उद्दारमा जुट्न हार्दिक अपिल गरेका छन् ।

देशभर बाढी पहिरो र डुबानले वितण्डा मच्चाएपछि अध्यक्ष ...बाँकी ७ पेजमा

## डा. केसीका मागमा अखिल (क्रान्तिकारी) को ऐक्यबद्धता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीले चिकित्सा क्षेत्रको सुधारको माग सहित ११ औं पटकको आमरण अनशनमा बसेका डा.गोविन्द केसीका माग प्रति ऐक्यबद्धता जनाउँदै तत्काल माग पूरा गर्न सरकारसँग माग गरेको छ ।

क्रान्तिकारीले केसीको अनशनस्थलमा पुगेर आफ्नो ऐक्यबद्धता जनाएको हो । सो संगठनले त्रिविवि शिक्षण अस्पताल चिकिस्साशास्त्र अध्ययन सस्थानका प्रा.डा. गोविन्द के.सी.ले नेपालको स्वास्थ्य शिक्षा र स्वास्थ्य सेवामा हुदै आएको विकृती र विसंगती विरुद्ध पटक पटक गर्दै आएको अनशनमा समर्थन गर्दै आएको स्मरण गर्दै यो अनशनमा पनि ऐक्यवद्धता र समर्थन जाहेर गरेको हो ।

क्रान्तिकारीले डा.केसीले नेपालको स्वास्थ्य शिक्षा र स्वास्थ्य सेवाका विकृति र विसंगतीको अन्त्य र ती क्षेत्रका सुधारका निम्ति प्रस्तुत गर्दै आएका जायज एवं न्यायपूर्ण मागहरुको सम्बोधन गर्न सरकार र सत्ता पक्षले धेरै पटक सहमति गर्ने तर कार्यन्वयनमा बेवास्ता गर्ने रबैयाको कारण फेरि ११औं पटकको आमरण अनशन जस्तो कठोर सत्याग्रहमा बस्नु पर्ने बाध्यता आउनु दुखद भएको जनाएको छ ।

सो संगठनले ११औं आमरण अनशन गरेको यति लामो समय भइसक्दा पनि समाधानका लागि सरकार र सम्बन्धीत पक्ष जिम्मेवार ढंगले प्रस्तुत नहुनु गैरजिम्मेवारीपनको पराकाष्टा भएको बताएको छ ।

संगठनका सहसंयोजक राम नेपालीले हस्ताक्षर गरेको ऐक्यबद्धता पत्रमा भनिएको छ, 'डा.गोविन्द केसीले उठाउदै आएका जायज मागहरु र सत्याग्रह प्रति हाम्रो संगठन सदा झै दृढ ऐक्यवद्धता जाहेर गर्दै ती मागहरुको यथाशिघ्र सम्बोधन ...बाँकी ८ पेजमा

## अखिल (क्रान्तिकारी) को ७ दिने अल्टिमेटम

**वर्गदृष्टि संवाददाता**

काठमाडौं- पछिल्लो समय शैक्षिक माफिया तथा व्यापारीका विरुद्ध आक्रामक बन्दै आएको नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीले आफ्ना माग पूरा गराउन सात दिने अल्टिमेटम दिएको छ ।

अखिल (क्रान्तिकारी)को काठमाडौं जिल्ला समितिले निजी विद्यालय र कलेजहरूले शुल्कको नाममा ब्रह्मलुट मच्चाएको भन्दै त्यस्ता स्कुल कलेजहरूलाई छानविन गरी तत्काले कारवाही गर्न भन्दै काठमाडौं जिशिका, हिसान, प्याप्सन र एनप्याप्सनलाई सोमबार ज्ञापन पत्र बुझाएको छ ।

संगठनका जिल्ला संयोजक महेश ...बाँकी ८ पेजमा

# पुरानै शक्तिमा फर्किंदै नयाँ शक्तिका नेताहरू

**● वर्गदृष्टि संवाददाता**

काठमाडौं । पुँजीवाद र समाजवादका कतिपय मान्यताहरुलाई घालमेल पार्दै 'सामाजिक लोकतन्त्र' को नारामा नयाँ शक्ति गठन गरेका बाबुराम भट्टराई पूर्णतः असफल देखिएका छन् ।

उनी असफल हुनुको मुख्य कारण उनले लिएको वैचारिक तथा राजनीतिक लाइन नै हो । उनले नयाँ भने पनि विगतमा प्रयोग भइसकेको र असफलसिद्ध असंगतिपूर्ण विचार, सिद्धान्त र त्यसै अनुसारको अस्पष्ट तथा अवसरवादी राजनीतिक लाइन लिएकै कारण उनी एकपछि अर्को असफल हुँदै गए ।

उनलाई विभिन्न राजनीतिक पार्टीबाट विभिन्न स्वार्थ र अभिलाषा बोकेर आएका नेताहरु नयाँ शक्तिलाई छाडेर धमाधम पुरानै शक्तिमा फर्किन थालेका छन् । एमालेबाट



आएकाहरु एमालेमै फर्किएका छन्, तत्कालीन एमाओवादीबाट आएका नेताहरु अहिलेको माओवादी केन्द्रमा फर्किंदैछन् । विभिन्न पेशा व्यवसाय छोडेर आएका एकाडेमिक फिगरका मान्छेहरु पनि पुरानै पेशा व्यवसायमा फर्किंदै छन् ।

बिहीबार मात्रै नयाँ शक्तिका संगठन विभाग प्रमुख समेत रहेका नेता देवेन्द्र पौडेल 'सुनिल' लगायत १५ जना नेताहरुले पार्टीका संयोजक बाबुराम भट्टराईले लिएको 'लाइन' प्रति असन्तुष्टि जनाउँदै राजधानीमा पत्रकार सम्मेलन गरे । उनीहरुले पत्रकार सम्मेलनमा पार्टी सुधारका लागि भन्दै १० बुँदे अपिलसमेत जारी गरे पनि र पौडेलले आफूहरुले पार्टी छाड्न नभएर पार्टीको सुधारका लागि पत्रकार सम्मेलन आयोजना गरेको स्पष्ट पारे पनि उनीहरु माओवादी केन्द्रमा फर्किने वातावरण निर्माणमा लागेको नयाँ शक्तिका एक उच्च नेताले भने ।

पौडेलले पार्टीले तयार गरेको दस्तावेज र पार्टीले लिएको लाइन ...बाँकी ८ पेजमा

## गोलबजारमा अन्तर्क्रिया सम्पन्न

लहान । सिरहाको गोलबजारमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको आयोजनामा २५ साउनमा सम्पन्न भएको अन्तर्क्रियामा मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेल, नेकपा (क्रान्तिकारी माओवादी) का सचिवालय सदस्य तथा २ नं. प्रदेश संयोजक कृष्णदेव सिंह दनुवार, देजमो नेपालका केन्द्रीय कार्यालय सदस्य कमल चौधरी, माओवादी केन्द्रका स्थायी समिति सदस्य जगत यादव, एमालेका जिल्ला सचिव योगेन्द्र सिंह, नयाँ शक्ति पार्टीका केन्द्रीय परिषद् सदस्य जय नारायण यादव, संघीय समाजवादी फोरमको तर्फबाट संजीब यादव, राजपाको तर्फबाट बिन्दू साह, फोरम लोकतान्त्रिकको तर्फबाट अरुण सदा, त्यसैगरि धनपति महतो, पत्रकार महासंघ सिरहा जिल्ला सचिव आशिष बि.क. लगायतको उपस्थिति रहेको थियो ।

अन्तर्क्रिया कार्यक्रमका प्रमुख अतिथी समेत रहेका मोर्चाका अध्यक्ष सीपी गजुरेलले नेपालमा नयाँ जनवादी क्रान्तिको कार्यभारलाई पूरा गर्नका लागि सच्चा क्रान्तिकारीहरु बीच एकता र ध्रुवीकरणको आवश्यकता रहेको बताएका थिए । कार्यक्रममा क्रान्तिकारी माओवादीका नेता दनुवारले नयाँ जनवादी क्रान्तिले मात्रै मधेसका उत्पीडित जनसमुदायलाई मुक्त गर्न सक्ने दावी गर्दै उनले त्यही उद्देश्यमा आधारित रहेर स्थानीय तहको निर्वाचनको ...बाँकी ८ पेजमा

## उद्धार र राहतको काम प्रभावकारी देखिएन : आयोग

**वर्गदृष्टि संवाददाता**

काठमाडौं- राष्ट्रिय मानवअधिकार आयोगले देशभर प्राकृतिक विपत्तिबाट प्रभावित भएकाहरुको उद्धार र राहत वितरण कार्य प्रभावकारी नभएको भन्दै प्रभावकारी राहत तथा उद्दारकार्य सञ्चालन गर्न आग्रह गरेको छ ।

आयोगले बिशेष गरी तराईका जिल्लाहरुमा बाढी र पहाडी जिल्लाहरुमा पहिरोले व्यापक क्षति पुऱ्याएपनि केन्द्रीय बिपद व्यवस्थापन समिति र जिल्ला व्यवस्थापन समितिले राहत र उद्धारमा प्रभावकारी प्रयास गरेको नदेखिएको जनाएको छ ।

हजारौं नागरिक राहत र उद्धारको पर्खाइमा रहेको भन्दै आयोगले सरकार, सुरक्षा निकाय, विभिन्न संघ संस्थाहरुलाई प्रभावकारी कदम चाल्न पनि आग्रह गरेको छ ।

आइतबार बिहान बसेको आयोगको आकस्मिक बैठकले सम्भावित प्राकृतिक प्रकोपको पूर्व तयारी नदेखिएको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ । प्राकृतिक प्रकोपपछि देखिन सक्ने सरुवा रोग तथा महामारीबाट बेलैमा जोगिनका लागि चिकित्सकहरुको अस्थायी टोली तत्काल व्यवस्था गर्न आयोगले सुझाव दिएको छ ।

# देशको सिमाना र अखण्डता

पृथ्वीमा आधुनिक मानव देखापरेको करिब बीसलाख वर्ष भएको मानिन्छ । त्यसको धेरै लामो समयावधि पछि खास गरेर आदिम साम्यवादी समाजको अन्त्य र दास प्रथाको उदयपश्चात् राष्ट्र, राज्य र देशहरुको निर्माण सुरु हुन थालेको हो । त्यस अर्थमा राष्ट्र, राज्य र देश प्रकृति निर्मित विषयहरु होइनन् । ती मानव समाजको विकासक्रममा आर्थिक, सामाजिक परिवर्तनसँगै विकास भएका मनोवैज्ञानिक र सामाजिक चेतनाका रुपहरु हुन् । दोस्रो विश्वयुद्धताका पृथ्वीभरमा करिब साठी वटा राष्ट्र, राज्य र देशहरु विद्यमान थिए । दोस्रो विश्वयुद्धपश्चात् साम्राज्यवादी औपनिवेशिक शासन व्यवस्थाको पतन भएपछि तिनीहरुको संख्या बढ्दै गयो । अहिले संयुक्त राष्ट्रसंघका पूर्ण सदस्य १९४ र अन्यसमेत गरी २०५ वटा राष्ट्र, राज्य र देशहरु रहेका छन् ।

***दोक्लाम क्षेत्रलाई चीनले पूरै आफ्नो भौगोलिक क्षेत्रको रूपमा दावी गरेको छ भने भूटानले पनि आफ्नो दावी त्यागेको छैन । चीन सरकारले आफ्नो जनमुक्ति सेनाको उपस्थितिमा त्यस क्षेत्रमा विकास निर्माणका कार्यहरू विशेष गरेर यातायात र सडक संरचना निर्माण गर्ने कार्यलाई सूचारू रूपले अगाडि बढाइरहेको अवस्थामा भारत मुछिन पुगेको छ ।***



**● परि थापा**

राष्ट्र, राज्य र देशहरुको उदय र निर्माण भएसँगै त्यहाँ राज्यसत्ताको सिर्जना र स्थापना स्वतः हुने हुन्छ । त्यहाँका सत्ता वा सरकारहरुले आफ्नो भौगोलिक सिमाना तोक्ने, निर्धारण गर्ने र त्यस्तो सिमानामाथि आ-आफ्नो दावी प्रस्तुत गर्दछन् । अहिले विश्वभर कायम रहेका राष्ट्र, राज्य र देशहरुमध्ये कतिपयका बीचमा अन्तर्राष्ट्रिय सीमा निर्धारण गर्ने सम्बन्धमा विवादहरु रहेका छन् । र, त्यस्ता विवादहरुका कारणले गर्दा एकआपसमा युद्ध हुने, तनाव उत्पन्न हुने र सम्बन्ध बिग्रने एवं विच्छेद् हुने जस्ता परिघटनाहरु देखापर्ने गरेका छन् । किनभने सिमानाको प्रश्न उनीहरुको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डता सँग जोडिएको हुन्छ ।

नेपालका दुई निकटम छिमेकी राष्ट्रहरु चीन र भारत विगत दुई महिनादेखि चीन, भारत र भूटानबीचको त्रिदेशीय सीमा विवादमा अल्झेका छन् । अझ खास गरेर चीन र भूटानको सिमानामा पर्ने दोक्लाम क्षेत्र चीन र भारतको सीमावर्ती क्षेत्र नभएर चीन र भूटानबीचको दुई देशीय सीमा क्षेत्र हो । दोक्लाम क्षेत्रलाई चीनले पूरै आफ्नो भौगोलिक क्षेत्रको रुपमा दावी गरेको छ भने भूटानले पनि आफ्नो दावी त्यागेको छैन । चीन सरकारले आफ्नो जनमुक्ति सेनाको उपस्थितिमा त्यस क्षेत्रमा विकास निर्माणका कार्यहरु विशेष गरेर यातायात र सडक संरचना निर्माण गर्ने कार्यलाई सूचारु रुपले अगाडि बढाइरहेको अवस्थामा भारत मुछिन पुगेको छ ।

भारतले एकातिर भूटानले आफ्नो सीमा मिचेर चीनले सडक संरचना निर्माण गरेकाले ...बाँकी ७ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# प्राकृतिक विपत्तिको व्यवस्थापन

महाभूकम्पको मारमा परेर थिग्रिन नपाउँदै मुलुकमा अर्को प्राकृतिक विपत्ति आइलागेको छ। केही दिनदेखि परेको अविरल बर्षाका कारण देशका विभिन्न भागमा आएको बाढीपहिरो र डुवानमा परी ३४ जनाको ज्यान गइसकेको छ। कैयौं वेपत्ता अवस्थामा छन् । हजारौं परिवार विस्थापित हुन पुगेका छन् । उद्दार, राहत तथा पुनर्स्थापनाको कार्यमा राज्यको ढिलासास्ती हुँदा कैयौं घाइतेहरु मृत्युको मुखमा धकेलिएका छन् भने स्वस्थ खानेपानीसम्मको अभाव हुँदा अझ ठूलो महामारी फैलनसक्ने स्थिति पनि देखिएको छ। यतातर्फको ध्यान गम्भीररुपमा जान जरुरी छ। बाढी, पहिरो र डुवानले पुऱ्याएको धनजनको क्षतिको यकिन तथ्यांक अझै आउन सकेको छैन ।

पहाडमा पहिरोको प्रकोपमा बृद्धि हुनुको कारण केही वर्ष पहिले गएको भूकम्प हो भने मधेशमा डुवानको समस्या बढ्दै जानुको कारण भारतले नेपालको सीमामा एकतर्फी रुपमा बाँधेको बाँध नै हो। सीमासम्बन्धी अन्तर्राष्ट्रिय कानुन विपरीत नेपालको सहमति नलिई भारतले नेपालको सिमामा पूर्वदेखि पश्चिमसम्म पक्की सडक निर्माण गरेको छ। बाँधभन्दा अग्लो त्यो सडकका कारण पानीको सहज निकास नहुँदा अहिले मधेश डुवानमा परेको हो। जसका कारण ठूलो धनजनको क्षति हुन पुगेको छ। हजारौं परिवार विस्थापित हुन वाध्य हुनु परेको छ । बाँधका कारण हुने डुवानको पीडा त छँदै थियो। अर्कोतिर चुरेको वन विनास, ढुंगा, बालुवा र गिटीको अवैधरुपमा भारततर्फ गरिएको निकासीका कारण भूक्षय हुँदा तराई/मधेसको भूमि भएर बग्ने सबै खहरे खोला, नदीहरु खेतीयोग्य जमिन, बस्तीभन्दा माथि उक्सिएको छ। यसै कारण वर्षेनी बाढी बस्तीमा पसेर विनाश निम्त्याउने गरेको छ। यही समस्यालाई दृष्टिगत गरी राष्ट्रपति चुरे संरक्षण समिति बनाइएको छ। जसको ०७३/०७४ को बार्षिक बजेट १ अर्ब ८८ करोड ३८ लाख थियो। तर देखिने र सबैले अनुभूति गर्ने गरी कुनै काम गरेको देखिएको छैन । दिनानुदिन चुरे जंगल मासिदो छ। घाँस, दाउरा, काठ, ढुंगा, माटो, गिटी, बालुवाको अवैध धन्दा चलिरहेकै छ। जसका कारण हरेक वर्षा मौसममा चुरेमा अत्यधिक भूक्षय बढिरहेको छ । फलतः मधेशको खेतीयोग्य जमिन र वस्तीभन्दा खहरे खोला तथा नदी माथि उक्सिएको छ। र, बाढी बस्तीमा पसेर विनाश निम्त्याउने गरेको छ।

चुरेकै ढुंगा, गिटी र बालुवाको अवैध आयात गरेर भारतले नेपालको सीमामा बनाएको पक्की सडक र सीमामा एकतर्फी रुपमा बनाइएको बाँध नै तराई मधेश डुवानको प्रमुख कारण बनेको छ । पक्की सडक र बाँधका कारण पानीको सहज निकास नहुँदा बर्षेनी मधेसको भूमि डुवानमा पर्दै आएको छ। यो भनेको भारतको नेपालमाथिको ठूलो ज्यादती पनि हो । यसका विरुद्ध सीमामा बस्ने नेपालीहरुले बेला बेलामा विरोध र विद्रोह गर्दै पनि आएका छन् । तर नेपालका शासकहरुले तराई मधेसका जनताले भोग्नुपरेका यी समस्या, तिनको कारण र समाधानबारे भारत सरकारसँग कहिल्यै कुरा गरेन र गर्ने सामर्थ्य राखेन । जनताले विरोध र विद्रोहलाई पनि सत्ता र शक्तिको आडमा दबाउने काम गरियो । 'मरता तो क्या नही करता' भनेजस्तै सीमामा भारतीय ज्यादतीका विरुद्ध नेपाली जनताको आक्रोश दिनदिनै चुलिदै गएको छ। राज्यले त्यसको बेलैमा समाधान नगरे स्थिति विष्फोटक बन्दै जाने देखिन थालेको छ।

राज्य तराई/मधेशका जनताको यो विपत्ति र कष्टसाध्य जीवनप्रति संवेदनशील छ भने भारतले एकतर्फी रुपमा सीमाका निर्माण गरेको पक्की सडक र बाँध भत्काउने दिशामा भारतीय सरकारसँग तत्काल आवश्यक पहल गर्न आवश्यक छ । सप्तकोशीको व्यारेजका सबै ढोका खोलेर पानीको सहज निकास गराउन नेपाल सरकारले पहल गर्नैपर्दछ। साथै, चुरेको वनविनाश, ढुंगा, गिटी, बालुवाको अवैध कारोबारमा प्रतिबन्ध लगाई वृक्षारोपणमा विशेष जोड दिन आवश्यक छ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# एकता क्रान्तिका लागि कि संसदीय निर्वाचनका लागि



● रामसिंह श्रीस ●

आज परिवर्तनकारी शक्तिहरु अर्थात् मूर्तरुपमा भन्नुपर्दा 'माओवादीहरु एकीकरण' हुनुपर्दछ भन्ने कुरा व्यापक रुपमा उठ्न थालेको छ। प्रचण्डले गत स्थायी समितिको बैठकबाट मोहन वैद्य, विप्लव र बाबुरामलाई पार्टी एकताको लागि आव्हान गरेका छन् । त्यसैगरि बावुरामले नेतृत्व गरेको नयाँ शक्ति नेपालका नेता देवेन्द्र पौडेल लगायतहरुले पनि राजधानीमा पत्रकार सम्मेलन गरेर प्रचण्ड, बाबुराम, किरण, उपेन्द्रहरुको बिचमा एकीकरण र ध्रुवीकरणको कुरा गरेका छन् । उनीहरुले एकताको कुरा गर्दा केका लागि एकता गर्ने, त्यसको लागि कुनै आधार वा शर्तहरु अगाडि सारेका छैनन् । स्थानीय चुनावमा माओवादी केन्द्र एमाले र नेकाभन्दा निकै पछाडि पऱ्यो। नायाँ शक्तिको अवस्था त अझै नाजुक देखियो । त्यसकारण उनीहरुले एकताको कुरा उठाउनुको पछाडि मुख्य उद्देश्य अगामी संघीय र प्रदेशको चुनावमा आफ्नो स्थितिमा सुधार ल्याउनको लागि हो भन्ने कुरा प्रष्ट छ।

नेकपा (क्रान्तिकारी माओवादी)को पनि स्थानीय चुनावमा राम्रो अवस्था रहेन र उसले पनि गत केन्द्रीय समितिको बैठकबाट पार्टी एकताका लागि जुन आव्हान गरेको छ, त्यो प्रचण्ड र देवेन्द्रले एकताको लागि गरेको आव्हानभन्दा आधारभूत रुपमा फरक छ। क्रान्तिकारी माओवादीले एकताको लागि 'छ वटा शर्तहरु' अगाडि सारेको छ। ती शर्तहरु यस्ता छन् :

(१) मार्क्सवाद-लेनिनवाद-माओवाद अवलम्बन गर्ने, (२) नयाँ जनवादी क्रान्तिको कार्यदिशा स्वीकार गर्ने, (३) क्रान्तिमा वल प्रयोगको सिद्धान्तलाई मान्ने (४) वर्तमान पश्चगामी संविधानलाई स्वीकार गर्ने (५) वर्तमान सत्ता र व्यवस्थाको मन्त्री परिषद्मा नरहने र (६) जनवादी केन्द्रीयताको सिद्धान्तलाई स्वीकार्ने । क्रान्तिकारी माओवादीले एकताको लागि अगाडि सारेका यी ६ वटा शर्तहरुले प्रचण्ड, देवेन्द्र पौडेलले गर्ने एकताको कुराभन्दा मौलिक रुपले फरक रुपमा प्रस्तुत गरेको छ। प्रचण्डहरुले अगाडि सारेको एकताको उद्देश्य यहि प्रतिक्रियावादी व्यवस्थाभित्र चुनावमा सके बहुमत ल्याएर, त्यो सम्भव नभए पनि अहिलेको अवस्थामा सुधार ल्याएर प्रतिक्रियावादी सत्तामा साझेदारी हुने र खाने छ। तर क्रान्तिकारी माओवादीले अगाडि सारेको एकता उद्देश्य क्रान्तिसित सम्बन्धित छ।

नेपालको कम्युनिष्ट आन्दोलनमा एकताको कुरा पहिलेदेखि नै वर्ग संघर्षलाई चर्काउनका लागि होइन कि चुनावद्वारा प्रतिक्रियावादी सत्तामा जाने उद्देश्यले उठाइएको छ । ०४६ सालको आन्दोलनपछि पनि यो कुरा व्यापक रुपमा उठ्यो । ०६२/०६३ को परिवर्तनपछि पनि उठ्यो र अहिलेको निर्वाचनमा पनि उठिरहेको छ । चुनावभन्दा पहिले र चुनावमा हार व्यहोरेपछि यसप्रकारको एकताको कुरा उठाउने र एकता गर्ने कुरा नेपालको कम्युनिष्ट आन्दोलनमा बार-बार उठ्ने गरेको छ । २०५४ सालमा नेकपा एमालेमा फुट भयो र माले गठन भयो। माले पार्टीले तत्कालीन एमालेलाई राष्ट्रघाती र परिवर्तनविरोधी भनेर विश्लेषण गऱ्यो। त्यतिबेलामा उनीहरुका दस्तावेजहरु र उनीहरुका भाषणहरु भएको साक्षी छन् । तर ०५६ को चुनावी हारपछि तत्कालिन मालेको ठूलो हिस्सा राष्ट्रघाती परिवर्तनविरोधी एमालेमा प्रवेश गऱ्यो । हिजोका राष्ट्रघाती र परिवर्तनविरोधी एमाले नेताहरु प्रवेशीहरुका लागि राष्ट्रवादी र परिवर्तनकारी बन्न पुगे । यो प्रवृत्ति एमालेमा मात्र सिमित छैन ।

**२०५४ सालमा नेकपा एमालेमा फुट भयो र माले गठन भयो । माले पार्टीले तत्कालीन एमालेलाई राष्ट्रघाती र परिवर्तनविरोधी भनेर विश्लेषण गऱ्यो । त्यतिबेलामा उनीहरूका दस्तावेजहरू र उनीहरूका भाषणहरू भएको साक्षी छन् । तर ०५६ को चुनावी हारपछि तत्कालिन मालेको ठूलो हिस्सा राष्ट्रघाती परिवर्तनविरोधी एमालेमा प्रवेश गऱ्यो । हिजोका राष्ट्रघाती र परिवर्तनविरोधी एमाले नेताहरू प्रवेशीहरूका लागि राष्ट्रवादी र परिवर्तनकारी बन्न पुगे । यो प्रवृत्ति एमालेमा मात्र सिमित छैन। तत्कालिन एकीकृत नेकपा (माओवादी)बाट अलग भएको तत्कालिन नेकपा-माओवादी हुँदै बनेको हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी)मा पनि यस्तै प्रकारका प्रवृत्तिहरू देखिए। पार्टीलाई नवसंशोधनवादी र नेतालाई लाल गद्दार भन्ने नेताहरूको ठूलै समूह पुनः एमाओवादीमा फर्किए । नवसंशोधनवादी पार्टी रातारात क्रान्तिकारी पार्टी बन्यो र गद्दार नेताहरू क्रान्तिकारी र आदर्श नेताहरू बने । देवेन्द्र पौडेलहरू पनि प्रचण्डजीहरूलाई परिवर्तनविरोधी भ्रष्टाचारी भन्दै त्यो पार्टीबाट अलग भएका थिए ।**

तत्कालिन एकीकृत नेकपा (माओवादी)बाट अलग भएको तत्कालिन नेकपा-माओवादी हुँदै बनेको हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी)मा पनि यस्तै प्रकारका प्रवृत्तिहरु देखिए। पार्टीलाई नवसंशोधनवादी र नेतालाई लाल गद्दार भन्ने नेताहरुको ठूलै समूह पुनः एमाओवादीमा फर्किए । नवसंशोधनवादी पार्टी रातारात क्रान्तिकारी पार्टी बन्यो र गद्दार नेताहरु क्रान्तिकारी र आदर्श नेताहरु बने । देवेन्द्र पौडेलहरु पनि प्रचण्डजीहरुलाई परिवर्तनविरोधी भ्रष्टाचारी भन्दै त्यो पार्टीबाट अलग भएका थिए । तर चुनावमा पार्टीको अवस्था नराम्रो आएपछि उनीहरुलाई तिनै पार्टी र नेताहरु परिवर्तनकारी भए र अहिले एकताको लागि आव्हान गरिरहेको छन् । अन्य पनि यस्तै थुप्रै उदाहरणहरु छन्, जसले जुन पार्टी र नेताहरुको विरोध र आलोचनमा आफ्नो सम्पूर्ण समय खर्च गर्ने तिनै व्यक्तिहरु आफैले विरोध र आलोचना गर्ने पार्टी र नेताहरुसँग मिल्न पुगेका छन् ।

निश्चय नै एकपटक अलग भएपछि मिल्नै हुन्न भन्ने होइन । तर परिस्थितिको विश्लेषण हुनु पर्दछ । परिस्थितिको विश्लेषण गर्दा या त जसको विरोध गरिएको थियो, त्यसको चरित्रमा क्रान्तिकारी परिवर्तन भयो, त्यसकारण मिल्नु पर्दछ भन्नु पर्दछ या त त्यसरी विरोध गर्ने क्रममा कमजोरी भयो भनेर आत्मोलाचना गर्नु पर्दछ। यो दुइवटै कुरा नगरीकन पुनः एकता गर्ने कुरा हद दर्जाको अवसरवादी कुरा हो। यस प्रकारको एकताले क्रान्तिलाई सहयोग पुऱ्याउँदैन।

हामीले सच्चा क्रान्तिकारीहरु अर्थात् सच्चा क्रान्तिकारी कम्युनिष्टहरुको बीचमा एकताको लागि निरन्तर प्रयत्न गरिरहनु पर्दछ । सच्चा क्रान्तिकारी कम्युनिष्टहरुको वीचको एकता र ध्रुबीकरण विना क्रान्ति सम्भव छैन। को क्रान्तिकारी हो र को होइन भन्ने कुरा उसले लिएको राजनीतिक कार्यदिशा र व्यहारमा खोज्नु पर्दछ। व्यवहारमा शोषित उत्पीडित वर्गको पक्षमा मूलतः सर्वहारा वर्गको पक्षमा समर्पित छ कि छैन भन्ने कुरालाई विशेष ध्यान दिनै पर्दछ। यो प्रतिक्रियावादी व्यवस्थामा सत्ता साझेदारी खोज्ने, यो व्यवस्थाको विभिन्न पदमा पुग्न चौरासी तिकड्म गर्ने, राजनीतिक क्रान्ति सकियो भन्दै आर्थिक क्रान्तिमा मात्र जोड दिने, यो प्रतिक्रियावादी राज्यसत्ताको मूल कानून अहिलेको संविधनलाई उत्कृष्ट संविधान हो भन्नेहरु क्रान्तिकारी शक्ति होइनन्। त्यसप्रकारका शक्ति र व्यक्तिहरुसँग क्रान्तिकारीहरुको एकता हुन सक्दैन । त्यसकारण हामीले क्रान्तिकारी कम्युनिष्टहरुको बीचमा एकतामा जोड दिनु पर्दछ र आफू क्रान्तिकारी हुन् र आफूलाई पनि क्रान्तिकारी बाटोमा ल्याउन निरन्तर प्रयत्न गर्नु पर्दछ । यस सन्दर्भमा क.लेनिनको यस भनाई हामीले मनन् गर्न उपयुक्त हुनेछ । लेनिन भन्नुहुन्छ "जो मात्र वर्ग संघर्षलाई मान्दछ, त्यो अझै मार्क्सवादी होइन । त्यो अझै पनि पुँजीवादी चिन्तन र पुँजीजीवि राजनीतिको घेराबाट बाहिर निस्केको नहुन सक्छ। मार्क्सवादलाई वर्ग संघर्षको सिद्धान्तसम्म मात्रै सीमित राख्नुको अर्थ हो- मार्क्सवादलाई लंगडो तुल्याउनु, त्यसलाई बंग्याउनु र त्यसलाई पुँजीजीवि वर्गको निम्ति मान्य हुन सक्ने किसिमको बनाउनु । मात्र त्यो मार्क्सवादी हो, जो वर्ग संघर्षको मान्यतालाई सर्वहारा वर्गको अधिनायकत्वको मान्यतासम्म नै लागू गर्दछ । एक मार्क्सवादी र एक साधारण निम्न (र उच्च समेत) पुँजीजीविको बीचमा सबभन्दा गम्भीर अन्तर यही हो । यसै कसिमा घोटेर नै मार्क्सवादको वास्तविक समझदारी र मान्यताको परीक्षा गरिनु पर्दछ ।" *-राज्य र क्रान्तिबाट*

## झर्रोटर्रो

कैलुब्राह

# प्रेतपार्टीमा पहिरो

पञ्चप्रेतहरूको पार्टीमा फेरी पहिरो गयो । यसपाली भने ठूलै पहिरो गयो। जस्तोसुकै डोजरले पनि सम्याउन नसक्ने गरी टुप्पिदेखि फेँदैसम्म पहिरो गयो । प्रेतपार्टीमा पनि जुट्ने र फुट्ने क्रम निरन्तर चलिरहेको छ । यो पार्टी फुट्नुमा अरू कुनै कारण छैन। केवल खानपिनको लफडाको कारण मात्रै हो। खानपिनको अर्थ बथान मालिक को बन्ने भन्ने हो। बथान मालिक बनेपछि राजकाज आफ्नो कब्जामा आउँछ र बिर्ता फिर्ता भएका खण्डमा मुकुट पहिरिन पाइन्छ भन्ने दाउका कारण यो पार्टीमा निकै लफडा चलिरहन्छ । सुरुमा दुईटाबाट जन्मिएको प्रेतपार्टी कहिले एउटा कहिले दुईटा र कहिले तिन्टासम्म पुग्दै फेरी जुट्दै र फेरी फुट्दै गरेर यतिखेर तिन्टा बनेको छ । सुरुमा जन्मँदा एउटा पार्टी हलोछाप र अर्को गाईछाप थियो। धनकुटे थापाकाजीले हलो जोते । बैतडेल बाबुसावले गाई दुहेर प्रेतपार्टी जन्माएका थिए। केही समयपछि गाईछाप र हलोछाप मिसिएर एउटै महाप्रेत पार्टी बन्यो। जुट्दै र फुट्दै गर्ने क्रममा यतिखेर फेरी फुटेर तिन्टा भएको छ।

पञ्चप्रेतहरूको पार्टी पञ्चायतका छ थान मुखिया प्रेतहरूबाट बनेको हो। धनकुटे थापाकाजी, (उनलाई छिन्ताङ-पिस्करे काजी पनि भनिन्छ ।), बैतडेल बाबुसाव, सिपाका श्री ३ महाराज, हेटौंडे थापाकाजी, गोर्खाली चारफुटे बाहुन र कान्तिपुरीका डा.बाहुन गरी छ थान पञ्चप्रेतहरूले प्रेतपार्टी जन्माएका थिए । ती मध्ये छिन्ताङे काजी र गोर्खाली बाहुनले 'स्वर्ग'तिरको बाटो तताइसके भने अरू चारथान जिवितै छन् र बेलाबखत रडाको मच्चाई रहन्छन् ।

केही समय पहिला श्री ३ महाराजको पार्टी र हेटौंडे थापाकाजीको पार्टी जुटेर महाप्रेत पार्टी बन्यो । जुटेदेखि नै लफडा सुरु भयो । अधिवेसन गर्दागर्दै डाक्टर बाहुनले जुटेको पार्टीलाई लोप्पा ख्वाउँदै अर्को बुकुरो बारेर गोठ छुट्याए । बैतडेल बाबुसाव थाकेर श्री ३ महाराज सामू त्वम् शरणम् गरिहाले । टक्र पऱ्यो हेटौंडे छोटे काजी र श्री ३ महारजको । अनेक जालझेल तिगडम मच्चाएर हेटौंडे काजीले पार्टीको श्रीपेज पहिरिएपछि श्री ३ महाराजलाई हुनसम्मको चोट पऱ्यो। त्यसपछि उनले लफडा सुरु गर्न थाले । थापाकाजीको बलबुँताले समाधान गर्नै नसक्ने लफडा चलेपछि आखिरिमा श्री ३ महाराजले आफ्ना पूर्खाको बिँडो थाम्दै बिर्ता अलग गर्दै बडाहाकिमको पदवी सम्हाले।

बुढेसकाल लागेर तिर्थाटन गर्ने बेला पार्टी फुटाउने जङ किन चलाउनुभो भन्ने झर्रोटर्रोको प्रश्नको जवाफ दिँदै श्री ३ महाराजले भनिबक्स्यो 'हेर्नुस् पत्रकार भाइ पहिलो कुरा त म जङ्गबहादुरको सन्तान हुनुको नाताले चाइन्जो जङ चलाउने कुरा त मेरो कूलधर्म भैहाल्यो । दोस्रो कुरा थापाकाजीको राजनीति कुर्चीनीतिमा बदलियो। उनी जसरी हुन्च कुर्चीको पोइल जानु पर्च भन्न थाले। दलको कुर्ची पनि उनैलाई चाहिने, चाइन्जो सरकारी कुर्ची पनि उनैलाई चाहिने भो। यस्तो नगरौं भनेको माने पो। त्यसपछि पार्टीमा लफडा चल्न थालेको हो।'

पार्टी फुटाउनै थ्यो भने पहिला किन मिलेको त उनी त राजा फर्काउन पर्च भन्ने विचारका परे भन्ने प्रश्नको जवाफ दिँदै महाराजले भनिबक्स्यो ' हो, उनी राजा फर्काउन पर्च भन्ने विचारका हुन्, म चाहीँ हैन। सातसालमा चाइन्जो राजाले हाम्रो सत्ता खोसेको हुनाले म त ज्यान गएपनि राजा फर्काउने पक्षमा त छैन। उनले पनि अब राजाको लफडामा नलागौं भनेर हामी मिल्या हो । तर उनको कुरै कुझि नसक्नु भयो। चाइन्जो कहिले राजा चाहिन्छ भन्चन्, कहिले हिन्दू धर्म मात्रै हुनपर्च भन्चन्। फेरी तिनै बहुदलबादीहरूसँग मिलेर सरकारको तर चाट्न जान पनि छोड्दैनन्। त्यो पनि आफैं जान मरिहत्ते गर्चन् । जाने भए यता पार्टीको मुखिया पद छोड त भनेको चाइन्जो त्यो पनि हुन्न भन्चन् । उनकै हिजडा नीतिका कारण अहिले स्थानीय चुनाउमा पनि चाइन्जो नराम्रो हार बेहोर्नु पऱ्यो।'

स्थानीय चुनाउमा समानुपातिक नीति नभएकाले हारेको होला नी भन्ने प्रश्नको जावाफ दिँदै महाराजले भनिबक्स्यो 'चाइन्जो तपाइँले ठिक कुरा गर्नु भो । पैला माननीयको चुनाउमा पनि प्रत्यक्षमा उनले त एउटै सिट जित्या हैन। ऐले समानुपातिक नहुनाले हारियो । चाइन्जो यसमा पार्टी मुखिया हुनुको नाताले उनले जिम्मा लिनु पर्च ।' पार्टी फुटाएर तपाइँलाई त नाफा भो नि काजीपट्टीका माननीय चोरिबक्सयो भन्दा उहाँले भनिबक्स्यो 'चाइन्जो यो त हाम्रो पुर्खादेखि चलिआएको सनातनी धर्मनीति हो। हाम्रा जिजुपुर्खा जङ्गबहादुरलाई मार्न षड्यन्त्र गरेका राजाका सेनालाई हाम्रा जिजुले आफ्नो पक्षमा तानेर कोतपर्व चलाएर शासन हत्याएको हो। अहिले पनि मैले चाइन्जो त्यही गऱ्या हो। काजीले मलाई राजनीतिबाटै सिध्याउन खोज्या'थे मैले पासा पल्टाइदिएँ।' (हाहाहा... ।) निकैबेर हाँसो चल्यो। त्यसपछि हामी बिदावारी भयौं। *२९ साउन २०७४*

*kailubraha73@gmail.com*

# विश्वदृष्टिकोण, नेतृत्व र कार्यदिशाबीचको सम्बन्ध



मोहन वैद्य'किरण'

**विषयको थालनी**

विश्वदृष्टिकोण, नेतृत्व र कार्यदिशाबीच प्रगाढ सम्बन्ध हुन्छ । यो सम्बन्धमा नेतृत्वले कडीको काम गर्दछ । त्यसैले तमाम प्रतिक्रियावादी तथा अवसरवादीहरुले क्रान्तिकारी नेतृत्वप्रति जनतामा भ्रम फैलाउने र नेतृत्वलाई नै प्रहारको प्रमुख निशाना बनाउने गर्दछन् ।

**सैद्धान्तिक मान्यता**

विश्व दृष्टिकोण भनेको दार्शनिक मान्यता हो । नेतृत्वअन्तर्गत सिंगो पार्टी, विभिन्न तहका नेताहरु र तीमध्ये सर्वोच्च नेतृत्व पर्दछन् । क्रान्तिको कार्यदिशाअन्तर्गत राजनैतिक, फौजी र सांगठानिक कार्यदिशा पर्दछन् । समग्र कार्यदिशाभित्र क्रान्तिको लक्ष्य, कार्यक्रम, बाटो, रणनीति तथा कार्यनीति, संगठन र संघर्षका रुपहरु, नारा र कामका योजना पर्दछन् । विश्व दृष्टिकोण कार्यदिशामा अभिव्यक्त हुन्छ । विश्व दृष्टिकोण र कार्यदिशाको बीचमा नेतृत्वले पुलको काम गर्दछ । नेतृत्वको विश्व दृष्टिकोण क्रान्तिकारी छ भने कार्यदिशा पनि क्रान्तिकारी हुन्छ । नेतृत्वको विश्वदृष्टिकोण गलत भएमा कार्यदिशा पनि गलत हुन्छ ।

विश्व दृष्टिकोण भनेको प्रकृति, समाज र चिन्तनका गतिको विकाससम्बन्धी दार्शनिक मान्यता हो । विश्व दृष्टिकोण दुई प्रकारका हुन्छन्- अधिभूतवादी र द्वन्द्ववादी । अधिभूतवाद भनेको पुँजीवादी-संशोधनवादी विश्व दृष्टिकोण हो । यसका मूल रुप भडुवा विकासवाद, सारसंग्रहवाद र बहुलवाद हुन् । क्रान्तिकारी द्वन्द्ववाद भौतिकवादी द्वन्द्ववाद हो । यो सर्वहारावर्गको पार्टीको अखण्ड विश्व दृष्टिकोण हो । यो आज मार्क्सवादी-लेनिनवादी-माओवादी विश्व दृष्टिकोणका रुपमा विकसित भएको छ र यसै विश्व दृष्टिकोणले समृद्ध भई सर्वहारावर्गको पार्टीले आफ्नो कार्यदिशाको निर्धारण गर्दछ । यी दुई पक्षका बीच अन्तर र्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा भीषण संघर्ष चल्दै आएको छ ।

विश्व दृष्टिकोण, नेतृत्व र कार्यदिशाबीचको सम्बन्धमाथि प्रकाश पार्दै लेनिनले भन्नुभएको थियो- ''मार्क्सले आफ्नो भौतिकवादी द्वन्द्ववादी विश्व दृष्टिकोणका सबै मान्यताको नितान्त अनुकूल सर्वहारा कार्यनीतिको आधारभूत लक्ष्य निर्धारित गर्नुभएको थियो । कुनै समाजमा विना कुनै अपवाद सबै वर्गका अनन्य सम्बन्धहरुको कूल योगको गणा तथा फलतः अरु समाजहरुको विकासको वस्तुपरक धारणाहरुको एउटा र त्यो तथा अरु समाजहरुको अर्को सम्बन्धहरुको गणनाले नै अग्रगामी वर्गको सही कार्यनीतिको आधारको काम गर्न सक्तछ । यसका साथै सबै वर्ग र सबै देश गतिहीन रुपमा होइन अपितु गतिशील रुपमा अर्थात् जडताको अवस्थामा होइन अपितु गत्यात्मकताको अवस्थामा (जसका नियमहरु हरवर्गका अस्तित्वका आर्थिक स्थितिद्वारा उत्पन्न हुन्छन्) प्रकट हुन्छन् । फेरि गत्यात्मकता अतीतका दृष्टिकोणबाट होइन अपितु भविष्यका दृष्टिकोणबाट पनि र साथै मन्द परिवर्तन देख्ने 'विकासवादीहरु'का भँडुवा अवधारणा होइन अपितु द्वन्द्वात्मक रुपमा प्रकट हुन्छन् ।'' (मार्क्स-ऐंगेल्स- मार्क्सवाद, पृ. ३९)

यहाँ लेनिनले 'कार्यनीति' पदावलीलाई व्यापक अर्थमा कार्यदिशाको समकक्षमा प्रस्तुत गर्नुभएको छ । भौतिकवादी द्वन्द्ववाद विपरीतहरुको एकत्वको सिद्धान्त हो । त्यस आधारमा कार्यदिशाको निर्धारण गर्दा लेनिनको उक्त भनाइ अनुसार निम्न कुरामा ध्यान दिन जरुरी हुन्छ- पहिलो, सम्बन्धित समाजको ठोस वर्ग विश्लेषण गरी सो समाजको विकासको प्रमुख कारण र कारकतत्वको रुपमा रहेको वर्गसंघर्षको स्वरुपलाई ठम्याउनु, दोस्रो, परस्परविरोधी वर्गहरु र सम्बन्धित देशको अन्य देशसितका सम्बन्धहरुलाई समग्रतामा हेर्नु, तेस्रो, ती वर्ग र समाजलाई गति, जीवन र परिवर्तनको स्थितिमा भविष्यको दृष्टिकोणबाट द्वन्द्ववादको गुणात्मक छलाङका आधारमा अध्ययन गर्नु र चौथो, यी कुराको संश्लेषण गरी सम्बन्धित समाजको क्रान्तिको चरण, स्वरुप र कार्यदिशाको टुंगो लगाउनु । साथै यस सन्दर्भमा लेनिनले समाज र वर्गसंघर्षको आन्तरिक गतिमाथि ध्यान नदिने, सम्बन्धित समाज, वर्गहरु र अन्य देशसितका सम्बन्धहरुलाई समग्रतामा नहेर्ने, ती सबको विकास प्रक्रियालाई स्थिरता, जडता, अतीतमुखी दृष्टि तथा मात्रात्मक मन्त गतिका आधारमा बुझ्ने भँडुवा विकासवादी अधिभूतवादी चिन्तनको पनि दृढ विरोध गर्नुभएको छ ।

भौतिकवादी द्वन्द्ववाद अन्तर्विरोधको विज्ञानमा आधारित विश्व दृष्टिकोण हो । कार्यदिशा र नीति निर्धारणका लागि अन्तर्विरोधको विज्ञानको विशेष महत्व छ । माओले भन्नुभएको थियो- ''अन्तर्विरोधहरुमा असमानताका विभिन्न अवस्थाहरुको, प्रधान अन्तर्विरोध तथा अप्रधान अन्तर्विरोधहरुको, अन्तर्विरोधका प्रधान तथा अप्रधान पहलुहरुको अध्ययन नै महत्वपूर्ण तरिका हो, जसद्वारा कुनै राजनीतिक पार्टी राजनीतिक, फौजी क्षेत्रहरुमा आफ्ना रणनीतिक र कार्यनीतिक नीतिहरुलाई सही ढंगले निर्धारित गर्दछ । सबै कम्युनिष्टहरुको यस कुरामाथि ध्यान दिनु पर्दछ ।'' (मा.सं. रचनाएँ- ग्र. १-पृ. ६०४) ।

माओले वस्तुहरुमा विद्यमान अन्तर्विरोधको नियम अर्थात् विपरीतहरुको एकताको नियमलाई भौतिकवादी द्वन्द्ववादको आधारभूत नियम मान्नुभएको छ । उहाँले वर्गसंघर्ष र दुईलाइन संघर्षका समस्याहरुको समाधानका लागि यसै नियमको प्रयोग गरी कार्यदिशा र नीतिको निर्धारण गर्न जोड दिनुभएको छ । यो नियम अनुसार समाज विकासको प्रमुख कारक तत्व समाजमा विद्यमान शोषक र शोषित, पुरानो र नयाँ बीचको अन्तर्विरोध हो र यस अन्तर्विरोधले गुणात्मक फड्को हानेपछि क्रान्ति सम्पन्न हुन्छ । पार्टीको विकासका लागि पनि पार्टीभित्रकै अन्तर्विरोध प्रमुख कारण हो र यसको समाधान भएपछि पार्टीमा नयाँ प्रकारको एकता पैदा हुन्छ । विपरीतहरुको एकतालाई माओले एकता-संघर्ष-रुपान्तरणको सूत्रमा पनि प्रस्तुत गर्नुभएको छ । उहाँले अन्तर्विरोधहरुलाई गुणात्मक रुपले भिन्न तरिकाद्वारा हल गर्नुपर्ने कुरा बताउनु भएको छ ।

वर्ग अन्तर्विरोध र वर्गसंघर्षहरुको आरोह-अवरोहका बीचबाट क्रान्तिको विकास हुन्छ । क्रान्तिको कार्यदिशा, रणनीति र कार्यनीति पनि यसै आरोह-अवरोहका बीच विकसित हुन्छन् । यो स्थितिमा नेतृत्वले अन्तर्विरोधहरुमा खेल्न, क्रान्तिका विशिष्ट चरण अनुरुप रणनीति र कार्यनीति विकास गर्न क्रान्तिको मूल लक्ष्य, कार्यदिशा र रणनीतिप्रति दृढ रही लचकदार कार्यनीति र ठोस योजना बनाई अघि बढ्न जरुरी हुन्छ । क्रान्तिको विकास सरल रेखामा नभई बक्ररेखामा हुन्छ र यो कुरा नेतृत्वले बुझ्नु पर्दछ । तर यो सब गर्नका लागि नेतृत्वको विश्वदृष्टिकोण क्रान्तिकारी हुनुपर्दछ ।

आज भौतिकवादी द्वन्द्ववाद मार्क्सवादी-लेनिनवादी-माओवादी विश्व दृष्टिकोणमा विकसित भएको छ । यो वर्गसंघर्ष, सचेतन धक्का एवं गुणात्मक छलाङद्वारा विश्वलाई बदल्ने र पुरानोको ध्वंश गरी नयाँको निर्माण गर्ने विश्वदृष्टिकोणका रुपमा नयाँ ढंगले विकसित भएको छ । तर अर्कोतिर, अधिभूतवाद आज बर्नस्टीन, काउत्स्की, ख्रुश्चोभ, गोर्वाचोभ र तेङसम्मको पुँजीवादी संशोधनवादी विश्वदृष्टिकोणमा पूरै अतीतमुखी बनेर गिर्न पुगेको छ । आज अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा यी दुई भिन्न विश्वदृष्टिकोणबीच ठूलो भीडन्त भइरहेको छ । आज कम्युनिष्ट क्रान्तिकारीहरु क्रान्तिकारी विश्वदृष्टिकोणद्वारा आलोकित भई महान जनयुद्धको तयारी र प्रक्रियाका बीचबाट नयाँ जनवादी-समाजवादी कार्यदिशा अबलम्बन गर्दै गइरहेका छन् भन्ने तमाम कम्युनिष्ट नामधारी संशोधनवादी प्रतिक्रियावादीहरु वर्गसंघर्ष, सशस्त्र संघर्ष र सर्वहारा अधिनायकत्वको सिद्धान्त लत्याउँदै संसदवादी प्रतिक्रियावादी कार्यदिशामा भासिन पुगेका छन् ।

सर्वहारा अधिनायकत्वअन्तर्गत क्रान्तिको निरन्तरताको सिद्धान्तमा आधारित महान सर्वहारा सांस्कृतिक क्रान्ति, पार्टी र सत्ताभित्रका नयाँ पुँजीपतिहरुका विरुद्ध परिलक्षित र संशोधनवादी विश्वदृष्टिकोणलाई निमूल पार्ने उद्देश्यले अभिप्रेरित थियो । ठीक यसै उद्देश्यलाई पकडेर नै हामी क्रान्तिकारी विश्वदृष्टिकोणले समृद्ध बन्न र क्रान्तिलाई अगाडि बढाउन समर्थ हुन्छौं । यो स्थितिमा क्रान्तिकारी विश्वदृष्टिकोण र कार्यदिशाबीच कडी बनेको पार्टी तथा त्यसको नेतृत्वको महत्वलाई गम्भीरताका साथ बुझ्न जरुरी छ ।

**नेपाली कम्युनिष्ट आन्दोलन**

भौतिकवादी द्वन्द्ववाद सूत्रबद्ध गर्दै माओले भन्नुभएको थियो- एकको दुईमा विभाजन हुन्छ । दुई भिन्न विश्वदृष्टिकोण, दुई भिन्न पार्टी नेतृत्व र दुई भिन्न कार्यदिशा- यसै कुराको अभिव्यक्ति हो । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहास यस्तै छ र नेपालमा पनि यो लागू हुँदै आएको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनमा अधिभूतवादी र भौतिकवादी द्वन्द्ववादी विश्वदृष्टिकोणका बीच संघर्ष चल्दै आएको छ । अधिभूतवादी विश्वदृष्टिकोण मनोगतवाद, भँडुवा विकासवाद, सारसंग्रहवाद, बहुलवाद लगायतका तत्वहरुमा प्रकट हुने गरेको छ । नेपालमा संशोधनवादीहरुले माओविचार नमान्ने, मानेर पनि त्याग्ने र अवमूल्यन गर्ने गरेका छन् । फलतः ती तल खस्कदै गएका छन् । वर्गसंघर्षका विरुद्ध वर्गसमन्वयवाद, सचेतन धक्काविरुद्ध स्वतःस्फूर्ततावाद, भविष्योन्मुख दृष्टिका विरुद्ध अतीतवाद, आमूल परिवर्तनका विरुद्ध यथास्थितिवाद, क्रान्तिकारी गुणात्मक छलाङका विरुद्ध मन्द विकासवाद- यी नेपाली संशोधनवादी विश्वदृष्टिकोणका सारभूत विशेषता हुन् । कार्यदिशाको क्षेत्रमा यी विशेषता- संसदवाद, सुधारवाद र प्रतिक्रियावादसम्ममा अभिव्यक्त भएका छन् ।

क्रान्तिकारी कम्युनिष्टहरुले यस प्रकारको पुँजीवादी-संशोधनवादी विश्वदृष्टिकोण र सुधारवादी कार्यदिशाको सक्दो विरोध गर्दै आएका छन् । यसै प्रक्रियामा माओविचारलाई माओवादको उचाइ प्रदान गर्दै नेकपा (माओवादी)बाट भौतिकवादी द्वन्द्ववादलाई मार्क्सवाद-लेनिनवाद-माओवादको विचारधाराले समृद्ध विश्वदृष्टिकोणको रुपमा अबलम्बन गर्दै जनयुद्धमा आधारित नयाँ जनवादी क्रान्तिको कार्यदिशा निर्माण गर्ने र त्यसतर्फ लाग्ने काम भएको छ ।

मार्क्सवादी द्वन्द्ववादको सारतत्वमाथि प्रकाश पार्दै क.प्रचण्ड भन्नुहुन्छ- '' मार्क्सवाद सामाजिक क्रान्तिको विज्ञान हो । मार्क्सवाद-लेनिनवाद-माओवादको विश्वदृष्टिकोण द्वन्द्वात्मक भौतिकवादले प्रकृति, समाज र मानव चिन्तनका प्रत्येक परिघटनाको विकास एवं विनाशको कारक तत्व सम्बन्धित पक्ष वा वस्तुमा अन्तर्निहित विपरीतको सापेक्षिक एकताभित्र समेत विद्यमान रहने संघर्षको निरपेक्ष चरित्रलाई मान्दछ । एकअर्कामा सम्बद्ध रही निरन्तर परिवर्तनको गतिशील प्रवाहमा रहेका हरवस्तु एवं घटना प्रक्रियाको विकासको द्वन्द्ववाद यस्तो छ, क.लेनिनले भनेझै त्यो सरल तेखामा हुँदैन, बरु त्यो त बार्तुलाकार बक्ररेखामा हुन्छ, त्यो विकास स्वतःस्फूर्त ढंगले थाहै नहुने थरी क्रमशः हुन्दैन, त्यो त निरन्तरतामा क्रमभंगका रुपमा, छलाङका रुपमा, महाविपत्ति र क्रान्तिका रुपमा हुन्छ । यो विवादसम्बन्धी मार्क्सवादी द्वन्द्ववादको वैज्ञानिक सार हो ।'' (नेपाली क्रान्तिका समस्याहरु, भाग-१, पृष्ठ २ ।)

संशोधनवादी-सुधारवादी विश्वदृष्टिकोण कस्तो हुन्छ त ? क.प्रचण्ड अगाडि भन्नुहुन्छ- ''सुधारवादीहरुको मार्क्सवादमा मात्रा कहिल्यै गुणमा रुपान्तरित हुँदैन, त्यहाँ मात्रा, मात्रा र फेरि मात्रा हुन्छ । वास्तविक जीवनमा क्रान्तिका दृष्टिले के स्पष्ट भएको छ भने सुधारवादीहरुको त्यो मात्रा बढ्दैन, बरु घट्दै जान्छ र उल्टो छलाङ अर्थात् नाङ्गो प्रतिक्रियावादमा पतन हुन्छ । नेपालमा एमाले गुट त्यसको सटिक उदाहरण हो ।'' (उक्त पृ.३) ।

क.प्रचण्डका उक्त भनाइबाट मार्क्सवादी विश्वदृष्टिकोण र संशोधनवादी विश्वदृष्टिकोण बीचको अन्तर धेरै राम्रोसँग स्पष्ट हुन्छ । त्यसका साथै उक्त भनाइबाट के पनि स्पष्ट हुन्छ भने नेपाली कम्युनिष्ट आन्दोलनमा यी दुई भिन्न विश्वदृष्टिकोणले दुई भिन्न दिशामा गुणात्मक छलाङ हान्न पुगेका छन् ।

वास्तवमा दुई विश्वदृष्टिकोण, दुई भिन्न पार्टी नेतृत्व र दुई भिन्न कार्यदिशाबीचको लामो भिडन्त हुँदै अहिलेको दशकमा आउँदा नेपाली कम्युनिष्ट आन्दोलनले एउटा सुल्टो र अर्को उल्टो दुई विपरीत दिशामा दुई छलाङ हान्न पुगेको छ । नेकपा (माओवादी)ले क्रान्तिकारी विश्वदृष्टिकोण तथा नयाँ जनवादी क्रान्तिको कार्यदिशा अवलम्बन गर्दै महान जनयुद्धको सुल्टो छलाङ हानेको छ भने एमालेले भँडुवा विकासवाद-बहुलवादको पुँजीवादी-संशोधनवादी विश्वदृष्टिकोण पकडी माओविचार, सशस्त्र क्रान्ति नयाँ जनवाद सर्वहारा अधिनायकत्व सबै लत्याउँदै बहुदलीय जनवादी संसदीय कार्यदिशा अंगीकार गरी संसदीय प्रणालीको रक्षाका खातिर प्रतिक्रियावादमा उल्टो छलाङ हान्ने काम गरेको छ । यी नेपाली कम्युनिष्ट आन्दोलनमा क्रान्ति र प्रतिक्रान्तिका दुई मूलधार हुन् । यी दुई मूलधारमा भविष्योन्मुख सुल्टो छलाङको प्रमुख प्रतिनिधित्व नेकपा (माओवादी)का नेता क.प्रचण्ड र अतीतमुखी उल्टो छलाङको प्रमुख प्रतिनिधित्व एमालेका नेता मदन भण्डारीबाट भएको छ । यसबाट आन्दोलनलाई के कस्तो मोड दिने भन्ने कुरामा नेतृत्वको भूमिका र त्यसको परिणाम कति गम्भीर महत्वको हुने रहेछन् भन्ने कुरा सहजै स्पष्ट हुन्छ । यद्यपि आज नेपाली कम्युनिष्ट आन्दोलनमा सुधारवादी कार्यनीतिप्रति दृढ र क्रान्तिकारी रणनीतिप्रति लचकदार बन्नलाई सिर्जनशीलता र गर्वको विषय ठान्ने केही बिचौलिया सारसंग्रहवादी समूहहरु अवश्यै छन्, परन्तु तिनले पनि ढिलो वा चाँडो सुल्टो वा उल्टो कुनै पनि छलाङ हान्न अवश्य नै वाध्य हुनेछन् । किनकि क्रान्तिको इतिहासले लामो समयसँग कसैलाई पनि बीचमा बसिरहन छूट नदिने कुरा निश्चित छ ।

**महान जनयुद्धको प्रक्रियाः**

मार्क्सवादी दर्शनको गुदी हो- क्रान्तिकारी द्वन्द्ववाद । यो विज्ञान हो र यसले प्रयोगको माग गर्दछ । नेपाली कम्युनिष्ट आन्दोलनमा अनेकौं कोठे विद्वान र धुरन्धर दार्शनिक त देखा परे तर ती कसैले पनि क्रान्तिकारी द्वन्द्ववादको प्रयोग गर्न सकेनन् । उनीहरुको धन्दा कुतर्कनावादी ढंगले क्रान्तिकारीहरुको खोइरो खन्ने नै रह्यो । हाम्रो पार्टीले यो कुपरम्परा तोड्यो र क्रान्तिकारी द्वन्द्ववादलाई वर्गसंघर्ष एवं दुई लाइन संघर्षका समस्याहरुको समाधान गर्न प्रयोग गर्नुपर्ने कामको थालनी गऱ्यो । महान जनयुद्ध पुँजीवादी संशोधनवादी विश्वदृष्टिकोण, सुधारवादी कार्यदिशा र गद्दार नेताहरुका विरुद्ध निर्मम वैचारिक संघर्ष र लामो सचेतन तयारीको परिणाम हो । यस कार्यमा क.प्रचण्डले दार्शनिक नेतृत्व समेत प्रदान गर्नुभएको छ ।

नेपाली क्रान्तिका वर्गसंघर्षका समस्याहरुलाई विश्लेषण र संश्लेषणको विधि निकै महत्वपूर्ण छ । तदनुसार हाम्रो पार्टीले नेपाली समाजका ऐतिहासिक विशिष्टता, देशको अर्धसामन्ती, अर्धऔपनिवेशिक अवस्था, वर्गविश्लेषण, आन्तरिक अन्तर्विरोध र त्यसको बाह्य सम्बन्ध, आर्थिक-राजनीतिक तथा साँस्कृतिक स्वरुप, बहुदलीय व्यवस्था पुनःस्थापनायताको गम्भीर संकट, त्यसबाट पैदा हुने प्रतिकूलता तथा अनुकूलता, जनमानसको चेतना तथा स्वयं आफ्नो आत्मगत अवस्था आदि विषयको ठोस विश्लेषण गरी जनयुद्धको पहल गर्ने निष्कर्ष निकाल्यो । त्यो नेपाली क्रान्तिको इतिहासमा एक महान गुणात्मक छलाङ, सचेतन धक्का, निरन्तरता, क्रमभंग र महाविपत्ति थियो । यो पुरानो प्रतिक्रियावादी राज्यसत्ताका विरुद्ध नयाँ राज्यसत्ताका लागि नेपाली सर्वहारावर्ग र जनसमुदायको एक महान ऐतिहासिक विद्रोह थियो । त्यो नेपाली धर्तीमा मार्क्सवाद-लेनिनवाद-माओवादको बिऊ रोप्ने क्रान्तिकारी द्वन्द्ववादको वैज्ञानिक प्रयोगमा आधारित एक महान अभियानको थालनी थियो । त्यो शानदार ढंगले सफल रह्यो र निरन्तरतामा सशक्त ढंगले अघि बढ्यो । क्रान्तिकारी द्वन्द्ववादको वैज्ञानिक प्रयोगले प्रतिक्रियावाद र संशोधनवादको 'स्वर्ग'मा साँच्चैको नयाँ भूकम्प ल्याइदियो र त्यसले नेपाली जनता तथा विश्व सर्वहारावर्गका सामु एक उदात्त आदर्श प्रज्जलित संसारको वैज्ञानिक संभावना प्रस्तुत गरिदियो ।

महान जनयुद्धको निरन्तरतासँगै दुश्मनको नृसंश दमन, आम जनहत्या र राज्यआतंकको प्रक्रिया तीब्र बन्दै गयो र त्यसको प्रतिरोध गर्दै अघि बढ्नका लागि पार्टीले आफ्ना राजनीतिक तथा फौजी योजनाहरु विकसित गर्दै लग्यो । महान सम्भावना र गम्भीर चुनौतीबीचको द्वन्द्वमा खेल्दै व्यापक जनपरिचालन र उच्च प्रकारका सफल फौजी कार्यवाही सम्पन्न गर्दै जनयुद्ध नयाँ जनसत्ताको अभ्याससहित आधारइलाका निर्माणको दिशामा निरन्तर नयाँ उचाइ हासिल गर्दै अगाडि बढिरह्यो ।

वर्गसंघर्षको नयाँ उचाइअनुरुप जनयुद्ध हाँक्न समर्थ नयाँ ढंगको पार्टी निर्माण प्रक्रियालाई पनि उच्चता दिंदै जानु जरुरी बन्यो । पार्टीभित्रका अन्तर-संघर्ष र दुईलाइन संघर्षका समस्याहरुको समाधान गर्दै अघि बढ्नका लागि क्रान्तिकारी द्वन्द्ववादको प्रयोग गर्नु अनिवार्य बन्थ्यो । क्रान्तिकारी द्वन्द्ववादको त्यो विधि भनेको नै विश्लेषण र संश्लेषणको विधि हो । हामीले त्यो विधिलाई दृढताका साथ अबलम्बन गर्दै आएका छौं । पार्टीभित्री संघर्ष बाह्य वर्गसंघर्षको प्रतिविम्ब हो । वर्गसंघर्षको उचाइसँग अन्तरसंघर्ष पनि उचाइमा विकसित हुँदै जान्छ । पार्टीले जनयुद्धको प्रक्रियामा आत्मसमर्पणवाद, पलायनवाद, अकर्मण्यतावाद, अराजकतावाद, व्यक्तिवाद, छाडावादलगायतका अनेकौं निम्न पुँजीवादी संस्कार र प्रवृत्तिका विरुद्ध संघर्ष चलाउँदै तथा त्यो संघर्षमा सान्दार विजय प्राप्त गर्दै अघि बढ्यो । पार्टी विपरीतहरुको एकत्व हो र त्यसैले अन्तरसंघर्ष पार्टीको जीवन हो । नयाँ ढंगको पार्टी निर्माणका लागि यो अनिवार्य छ । माओले भन्नुभएको थियो- ''हामीले एकताको पुराना आधारलाई ध्वस्त पार्नु पर्दछ, सिंधै संघर्षमा जानु पर्दछ र नयाँ आधारमा नयाँ एकता हासिल गर्नुपर्दछ । पानी जमेको पोखरी नभई बेगले अघि बढ्ने याङ्सी नदीको अनन्त धारा प्रवाह नै सही हो । पार्टी यसै दिशामा छ, जनता र वर्ग पनि यसैमा छन् ।'' (ःष्कअर्भाबिलअथ या ःत्त,एाद्दण्घ) पार्टी जीवन र त्यसको विकास प्रक्रियाबारे माओको यो मान्यता पुँजीवादी-संशोधनवादी भँडुवा विकासवाद र सुधारवादका विरुद्ध क्रान्तिकारी द्वन्द्ववादको गुणात्मक छलाङ र क्रमभंगको सिद्धान्तमा आधारित छ । साँच्चै, क्रान्तिकारी कम्युनिष्ट पार्टी कुनै स्थिर पानी जमेको पोखरी नभई एकपछि अर्को छालको उचाइमा छलाङ हान्दै अनेकौं प्रदूषण र कुडाकर्कटहरुलाई किनारामा पाखा लगाउँदै नयाँ ओजका साथ निरन्तर प्रवाहित भइरहने बेगवान नदी हो । पार्टीमा ''नयाँ आधारमा नयाँ एकता'' यसरी नै हासिल हुन सक्तछ र हामी यसै प्रक्रियामा निरन्तर क्रियाशील रहिआएका छौं ।

कुनै पनि क्रान्ति, वर्गसंघर्ष र अन्तरसंघर्षको विकास सिधा र सरल रेखामा नभई अनेकौं घुम्ती, आरोह-अवरोह र बक्ररेखाका बीचबाट हुन्छ । यो प्रक्रियामा वर्गसंघर्ष र अन्तःसंघर्षका समस्याहरुलाई बुझ्न र समाधान गर्न कुशल नेतृत्वले क्रान्तिकारी द्वन्द्ववादको प्रयोग गर्दछ । यो द्वन्द्ववाद पार्टी, नीति र योजनालाई नयाँ परिस्थिति अनुरुप विकसित तुल्याउने, संगठन र संघर्षका नयाँ रुप र नाराहरु अघि सार्ने र क्रान्तिलाई नयाँ गति प्रदान गर्ने काममा अभिव्यक्त हुन्छ । यो नेतृत्वको विज्ञान र कलाको मान्यता हो ।

वर्गसंघर्ष र अन्तःसंघर्षका समस्याहरुलाई बुझ्न र तिनको समाधान गर्नका लागि क्रान्तिकारी द्वन्द्ववादको सिर्जनात्मक प्रयोगको काम नेतृत्वको विश्वदृष्टिकोण र कार्यशैलीमा आधारित हुन्छ । यसलाई माओले नेतृत्व प्रदान गर्ने तरिका भन्नुभएको छ । यो ''सामान्यलाई विशेषसित'' मिलाउने क्रान्तिकारी द्वन्द्ववादको सही प्रयोगको तरिका हो । यो तरिकाअन्तर्गत ज्ञान सिद्धान्त, जनदिशा र जनवादी केन्द्रीयता जस्ता तीन सिद्धान्तलाई एकीकृत समग्रतामा संश्लेषित गर्ने काम हुन्छ ।

ज्ञान सिद्धान्तको क्षेत्रमा सामान्यलाई विशेषसित मिलाउनुको अर्थ पार्टीका निर्णय एवं निष्कर्षहरुलाई युद्ध मैदानका अनुभवहरुबाट नयाँ सारतत्वले समृद्ध तुल्याउन र तिनलाई पुनः युद्ध मैदानमा फर्काउनु हो । यसको अर्थ ज्ञानलाई व्यवहारबाट सिद्धान्त र सिद्धान्तबाट व्यवहारमा पुऱ्याउनु हो । जनदिशाको क्षेत्रमा सामान्यलाई विशेषसित मिलाउनुको अर्थ पार्टी नेतृत्व तथा त्यसका निर्णयहरुलाई युद्ध मैदानमा भिडेका जनसमुदायका हित, आवश्यकता र आकांक्षा परिपूर्तिका लागि जनसमुदायमा फर्काउनु हो । यसको अर्थ जनसमुदायबाट लिएर जनसमुदायलाई दिनु हो । जनवादी केन्द्रीयताको क्षेत्रमा सामान्यलाई विशेषसित मिलाउनुको अर्थ उच्चस्तरको जनवादका आधारमा उच्चस्तरको केन्द्रीयताको निर्माण गर्नु र त्यस प्रकारको केन्द्रीयताको निर्देशनमा जनवादको अभ्यास गर्नु हो ।

यहाँ ती प्रकारका एकरुपता छन्- सिद्धान्त र व्यवहारको एकरुपता, नेतृत्व र जनसमुदायको एकरुपता, केन्द्रीयता र जनवादको एकरुपता । जब यी तीन एकरुपता र एक समग्रमा एकीकृत हुन पुग्दछन्, त्यो बेला विचाहरुको नेतृत्वमा वास्तविक केन्द्रीकरण हुन्छ । यसले पार्टीलाई अखण्ड विश्वदृष्टिकोण प्रदान गर्दछ र त्यस प्रकारले कार्यदिशा तथा कार्ययोजनालाई सफल तुल्याउँछ । सामान्यलाई विशेषसित मिलाउँदा यो तरिका विश्लेषण र संश्लेषणको उच्च प्रकारको द्वन्द्वात्मक एकताको तरिका हो । साथै, यहाँ थप कुरा पनि छ । त्यो हो आफैप्रतिको आत्मालोचना । महान सर्वहारा साँस्कृतिक क्रान्तिको बेला माओले भन्नुभएको थियो-'' आफ्नो टाउकोमा आफै आगो लगाउने साहस गर ।'' हामी माओको यो ...बाँकी ८ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# मार्क्सवादी ग्रन्थहरु कुनै त्यस्तो रामवाण होइन !



● पुष्प गोपाल श्रेष्ठ

संसारमा विद्यमान भौतिकजगत्लाई कार्लमार्क्सले अत्यन्तै सुझबुझ तरिका अपनाई सुक्षम ढंगले, यो भौतिक संसारको अस्तित्व रुपान्तरण र विकास द्वन्दात्मक पद्धतिबाट संसारिक अर्थात् समाज विकास क्रमसँग सम्बन्धित, प्रत्येक विषय-वस्तुको आन्तरिक र बाह्य स्थितिको सविस्तार विज्ञानसमत तौरतरिका अपनाई, अध्ययन अनुसन्धान तथा सोधखोज गरी निर्माण गरिएको ऐतिहासिक द्वन्दात्मक भौतिकवाद, मूलतः वर्ग संघर्षमा आधारित क्रान्तिकारी सर्वहारावर्गको निमित्त अत्यन्तै जाज्वल्यमान अचुक वैचारिक हतियार हो । यो त्यस्तो वैचारिक हतियारलाई बुच्चो, निस्तेज र अर्थहीन पार्न, प्लेखानोभ तथा त्राटस्कीजस्ता अनेकन व्यक्तिहरु लागि नपरेका होइनन् लायेकै हुन् । तर सकेनन्, सत्यतथ्ययुक्त विज्ञानमा आधारित मार्क्सवाद सामु आफै बुच्चे बनी अस्तित्वबिनाको वस्तुझैं हुन पुगेर पनि बेलाबखत क्रान्तिकारी मार्क्सवादीहरुबीच त्यो प्रदूषित हावाको झोक्काले सैद्धान्तिक रुपले कमजोर दक्षिणपन्थी अवसरवादी मानसिकताका व्यक्तिविशेषहरुलाई हल्लाउन त हल्लाएकै छ ।

दुनियामा क्रान्तिकारी पार्टीको आवश्यकता जनमानिसमा त्यतिकै खड्केको हैन । त्यसरी खड्किनुमा खास कारण छ । त्यसको खास कारण हो, संसारमा त्यस्ता शत्रुहरु छन्, जस्ले जनतामाथि अचाक्ली उत्पीडन गर्छन् र जनता शत्रुबाट हुने उत्पीडनको जरो उखेल्न चाहन्छन् । तर राष्ट्र र राजनीतिक चेतनाको अभावले गर्दा आमजनता असंगठित अवस्थामा छरिएर रहेका छन् । यस्तो स्थितिबाट देश र जनतालाई मुक्ति दिलाउन (मुक्त पार्न) सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टीको आवश्यकता पर्दछ । यस्तो पार्टी बिना जनताको हातबाट शत्रुको उत्पीडनको जरो उखेल्न एकदमै असम्भव हुन्छ । हामी कम्युनिष्ट हौं, शत्रुको तख्ता पल्टाइदिने काममा हामी जनताको नेतृत्व गर्न चाहन्छौं । तसर्थ हामी हाम्रो क्रान्तिकारी पार्टीलाई मार्क्सवादी-लेनिनवादी-माओवादी अडान, दृष्टिकोण र पद्धतिअनुरुप चुस्तदुरुस्त पारी हामीले आफ्नो पार्टीको संगठनात्मक संरचनालाई सिद्धान्तनिष्ठ अनुशासित र सुव्यवस्थित राख्नुपर्छ र हामीले पाइला मिलाएर अघि बढ्नु पर्छ । यसो गर्नको निमित्त हामीले सर्वप्रथम पार्टी सम्बन्ध र अध्ययन शैलीलाई सुधार्नुपर्छ । पार्टी सम्बन्ध सुधार्नुपर्छ भन्नुको अर्थ हो उदारवाद, मनोगतवाद र नोकरशाही प्रवृत्तिसँग जुध्नु । अध्ययन शैलीलाई सुधार्नु पर्छ भन्नुको अर्थ हो पुरानो सुगारटाइ शिक्षा-प्रणालीसँग जुध्नु । यो अध्ययनशैली पनि पार्टीकै कार्य शैलीभित्र पर्दछ । एकपटक पार्टीको कार्यशैलीलाई पूर्णरुपमा ठीक पार्दासाथ, हाम्रो काँधमा रहेको राष्ट्रिय दायित्व नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने मूल बाटो खुल्ने छ । अर्थात् पार्टीको संगठनात्मक संरचनामा सुधार आई पार्टी संगठन सुदृढ र सुसंगठित हुनुको सँगै शोषित पीडित जनसमुदाय जो राष्ट्रिय चेतना एवं राजनीतिक चेतनाको अभावमा सिंगो मुलुकभरि छरिएर रहेका ती तमाम् जनसमुदायमा यस्को प्रभाव पर्ने छ । क्रान्तिप्रतिको उत्साह जाग्ने छ र क्रान्तिकारी पार्टीको वरिपरि संगठित हुन थाल्ने छ ।

सच्चा क्रान्तिकारी कम्युनिष्टहरु यसर्थ सचेत हुनु जरुरी छ कि पार्टीभित्र, बाहिर र आफ्नो सहयोगि साथीसंगीहरुबीच कहीं कतै पनि सैद्धान्तिक बिचलनका भाइरसयुक्त दुषित हावा फैलिन नपाओस् भनी हरहमेसा हामी आफू र आफू निकतम् अन्य कामरेडहरुलाई समेत सचेतता जताई बस्नु जरुरी छ । र मार्क्सवादी शिक्षा अध्ययन गर्ने र गराउने क्रममा स्टालिनको भनाइ 'व्यवहारसित नगाँसिएको सिद्धान्त निरुद्देश्य हुन्छ, निरुद्देश्य सिद्धान्त ब्यर्थ र झुटो हुन्छ र यसलाई त्याग्नै पर्छ । निरुद्देश्यको पण्डित्याइँ छाँट्न मनपराउनेहरुतर्फ हामी तिरस्कारपूर्ण औंलो ठड्याउनुपर्छ । मार्क्सवाद-लेनिनवाद वस्तुगत यथार्थताबाट जन्मेको र त्यसैको कसिमा जाँचिएको सबभन्दा सही वैज्ञानिक र क्रान्तिकारी सत्य हो, तर मार्क्सवाद-लेनिनवादको अध्ययन गर्ने धेरै मानिसले यसलाई निस्प्रान सूत्र ठान्छन् र यसरी तिनले सिद्धान्तको विकासलाई अवरुद्ध पार्छन् र आफू र अरु कामरेडहरुलाई हानी गर्छन्' लाई अत्यन्तै महत्वका साथ हृदयंम गर्नु गराउनु नितान्त जरुरी छ । किनकि यो भनाइ मार्क्सवाद-लेनिनवाद-माओवाद विरोधी संशोधनवाद तथा नवसंशोधनवाद विरुद्धको वैचारिक निरोधक सूई (इञ्जेक्सन) हो ।

मार्क्सवाद कुनै देवीदेवता वा अलौकिक शक्तिले निर्माण गरेको सिद्धान्त होइन । होइन यो आफै आकाशबाट खुसुक्क तल झरेको पनि होइन, न त यो आफै धर्तीबाट सुतुक्क पलाएकै हो, मार्क्सवाद भनेको फेरि कठमुल्लावाद पनि हैन । के हो त मार्क्सवाद ? मार्क्सवाद भनेको आर्थिक, सामाजिक, धार्मिक एवं राजनीतिलाई वैज्ञानिक दृष्टिकोणबाट बढी सतर्कतासाथ चिराचिरा पारी केलाएर विश्वमानचित्रको विकासक्रमको गहिराइसम्म पुग्नु । अनि यसभित्र रहेको गतिरोध हटाइ सहज र सरल तरिकाले अग्रगमनतिर लम्कन, द्वन्दात्मक ऐतिहासिक भौतिकवादको आधार स्तम्भ खडा गरी वर्गसंघर्षको स्वाभाविक प्रक्रिया नै एक मात्र माध्यम रहेको साबित गरिदिनु ।

मार्क्सवाद अध्ययनको क्रममा हामी देख्न सक्छौं, मार्क्सले क्रान्तिकारी आन्दोलनको व्यवहारमा भाग लिनु भयो र क्रान्तिकारी सिद्धान्तको सिर्जना पनि गनुभयो । पुँजीवादको सबभन्दा साधारण तत्व मालबाट थाले र उहाँले पुँजीवादी समाजको आर्थिक ढाँचाको सांगोपांगो अध्ययन गर्नुभयो । लाखौं-करोडौं मानिसहरु दिनदिनै माल देख्दथे र तिनको प्रयोग पनि गर्दथे, तर उनीहरु यसमा के विधि अभ्यस्त भएका थिए भने यस कुरातर्फ तिनले ध्यान नै दिन्दैनथे । मार्क्सले मात्र वैज्ञानिक ढंगले मालहरुको अध्ययन गर्नुभयो । उहाँले मालहरुको वास्तविक विकास प्रक्रियाबारे महान् अनुसन्धान कार्य गर्नुभयो र विश्वव्यापक रुपमा विद्यमान वस्तुबाट एउटा पूरापूर वैज्ञानिक सिद्धान्तको खोजी गर्नुभयो । उहाँले प्रकृति, इतिहास र सर्वहारा क्रान्तिको अध्ययन गर्नुभयो र द्वन्दात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवादको सर्वोच्च शिखरको प्रतिनिधित्व गर्ने एकजना अत्यन्त पूर्ण विकसित बुद्धिजीवी बन्नु भयो र यसरी उहाँ किताबी ज्ञान मात्र आर्जन गरेका मानिसहरु भन्दा आधारभूत रुपले नै बेग्लै हुनुहुन्थ्यो ।

हामीहरु तमासे होइनौं र हामीले कोहि कसैलाई देखाउन र सुनाउन मार्क्सवाद-लेनिनवाद-माओवादको अध्ययन गर्दैनौं, न त त्यसमा कुनै रहस्य भएको हुनाले नै गर्दछौं, तर यसको अध्ययन गर्नाको एक मात्र कारण के हो भने यो त्यस्तो विज्ञान हो; जसले सर्वहारावर्गको क्रान्तिकारी उद्देश्यलाई विजयतर्फ डोऱ्याउँछ । हुन त हाम्रो माझ त्यसता मानिसहरु कमता छैन; जस्ले मार्क्सवादी-लेनिनवादी-माओवादी ग्रन्थहरुका एकाध फाटफुटे उदाहरणहरुलाई त्यस्तो तमतयार रामवाण थान्छन्, जसलाई एकचोटि कन्ठाग्रस्त पारेपछि सारा समस्याहरुको सजिलै समाधान गर्न सकिन्छ । यहाँ यस्ता अल्लारे मानिसहरु पनि छन् जस्ले मार्क्स, लेनिन र माओका फोटोहरुमा धुप-बत्ति बालेर मिठाई चढाई मार्क्सवादी-लेनिनवादी-माओवादी ग्रन्थलाई धार्मिक वेद-पुराण सम्झि ग्रहण गर्ने गर्छन् । त्यस्ता मानिसहरुलाई हामीले प्रष्ट रुपले सम्झाइबुझाइ भन्दिनु पर्छ, यिनीहरु कुनै देवदेवता होइनन् र ग्रन्थहरु पनि धार्मिक वेदपुराण होइन । हो त यो दुनियाँका तमाम मजदुर, किसान, श्रमजीवी जनसमुदाय तथा सर्वहारावर्गको मुक्ति र स्वतन्त्रताको लडाइँको निमित्त नभई नहुने अत्यन्तै महत्वपूर्ण जाज्वल्लेमान वैचारिक हतियार हो । मार्क्सवाद ठोस अवस्थाको ठोस विश्लेषण गरेर अघि बढ्ने विचार हो । मार्क्सवाद दिशानिर्देशन गर्ने सिद्धान्त हो । यसको दिशानिर्देशन ठोस अवस्थाको ठोस विश्लेषणमा आधारित छ । विज्ञानमा आधारित छ । मार्क्सवाद अध्यात्मवाद होइन । भौतिकवाद हो । विज्ञानवाद हो । जतिजति विज्ञानको विकास हुन्छ, त्यतित्यति मार्क्सवादको पनि विकास हुन्छ ।

हाल हाम्रो पार्टीका सामू समस्या के छ ? पार्टीको आम कार्यदिशा सही छ, यसमा कुनै समस्या छैन, तर, यसो हुँदाहुँदै पनि पार्टीको कामकुरो फलदायी भएर स्मुथलि अगाडि बढ्दोछ नभनिहाले तापनि फलदायी बनाउन प्रयत्नरत रहिआएका छन् भनिरहनुपर्ने बाध्यता किन आइपऱ्यो त ? किनभने पार्टीभित्र पार्टीको गतिविधि यस्तो हुनुको मूल कारक तत्व भनेको पहिलो मार्क्सवादी शिक्षा अध्ययन अध्यापनमा रहिआएको उही पुरानो शिक्षा प्रणाली तथा अध्ययन गर्ने शैलीमा रहेको मनोगतवाद अर्थात सामन्तवाद र पुँजीवादले थोपारेको त्यो शिक्षा प्रणाली व्यावहारिक जीवन र पुस्तक बीचको गहिरो खाडल । उक्त शिक्षा-प्रणाली तथा मनोगतवादको रोगबाट मुक्त भई माथि उठ्न नसक्नु र उठाउन नसक्नु, जसले गर्दा पार्टीका नेता तथा कार्यकर्ताहरुको सैद्धान्तिक अदान फितलो हुनु । दोस्रो पार्टीको अत्यन्तै महत्वपूर्ण ओहदाका जिम्मेवार नेताहरु दक्षिणपन्थी अवसरवादमा भासिन पुगेर पार्टीभित्रै नवसंशोधनवादी सोच खुल्लैयाम् अलाप्न थाल्दा पनि अरु जिम्मेवार नेता तथा कार्यकर्ताहरु अझ भनुँ सिंगो पार्टी पङति उदासिनरहि उदारवादी निद्राबाट ब्यूँझन नसक्नु जस्तो कमि कम्जोरिबाट ती दुस्त साम्राज्यवादी विस्तारवादीहरुले फाइदा उठाउँदै, छोतै समयावधिभित्र दुई दुई पटक पार्टी विभाजन गर्न गराउन सफल हुनपुग्नुको यो परिणति हो । यसलाई यति कै रहन दिनुहुन्न । क्रान्तिकारी पार्टीको लक्ष्य र उद्देश्यअनुरुप क्रान्तिकारी रुपान्तरण गर्नै पर्छ भन्ने सोच पालेर, सोहीअनुरुप लेख लेख्दैमा र भाषण भत्याउँदै हिंडैमा क्रान्तिकारी रुपान्तरण हुँदैन, क्रान्तिकारी रुपान्तरण गर्न र हुन सामन्तवाद र पुँजीवादले ठोपारेको व्यावहारिक जीवन र पुस्तक बीचको त्यो गहिरो खाडललाई पुरेर, हामीले हाम्रो व्यवहार र सैद्धान्तिक स्तरलाई समूचित ढंगले सामञ्जस्यता कायम गरी माथि उठ्नु जरुरी छ ।

हामी उदारवाद र मनोगतवाद जस्तोबाट मुक्त हुन र शत्रुहरुलाई पराजित गर्न आधारभूत सत्यतथ्य खोज्ने मार्क्सवादी-लेनिनवादी-माओवादी अडान र दृष्टिकोणलाई हुर्काउन चाहन्छौं र हामी संकीर्णवाद र त्यसका अवशेषहरुलाई पार्टीबाट निर्मूल पारी पार्टीका हितहरु व्यक्तिगत र अंशगत हितहरु भन्दा माथि हुन्छन् भन्ने सिद्धान्तलाई प्रस्थान बिन्दु बनाई पार्टीमा पूर्ण एकता र एकजुत हुन अत्यावश्यक छ । यसो भनेर फेरि पार्टीभरिका कामरेडहरुलाई एकता गरेर मात्रै हामी शत्रुलाई पराजित गर्न सक्दैनौं, तर, मुलुकभरिका क्रान्तिकारी कम्युनिष्टहरु, वामपन्थी देशभक्तहरु तथा शोषित पीडित आम जनसमुदायलाई एकताबद्ध पारेर मात्र हामी शत्रुलाई पराजित गर्न सक्छौं । यसका निमित्त पार्टीभित्रका कामरेडहरुमा यदा-कदा देखिने, पार्टीबाहिरका मानिसहरुसितको सम्बन्धमा अहङकार देखाउने, उनीहरुलाई हेलाँ गर्ने, उनीहरुलाई तुच्छ ठान्ने अथवा आदर गर्न इन्कार गर्ने अथवा उनीहरुको असल गुणहरु स्वीकार गर्न नचाहने जस्तो संकीर्णतावादी मनोवृत्तिलाई पूरै सुधारेर पार्टीभरिका कामरेडहरु र मुलुकभरिका आमजनताबीच एकताबद्ध अर्थात राष्ट्रिय एकता कायम गरी नयाँ जनवादी क्रान्तिलाई शसक्त र जुझारु ढंगले उठाउन सक्षम भएपछि मात्र हामी शत्रुलाई पराजित गर्न र निर्मूल पार्न सक्छौं र यस सँगसँगै राष्ट्र र राष्ट्रियताको चाहना र आवश्यकताअनुरुप नेपाली भूमिमा संघात्मक जनगणतन्त्रीय राज्यव्यवस्था कायम गर्न सक्छौं र यो नै आजको एकमात्र क्रान्तिकारी कम्युनिष्टहरुको मूल दायित्व हो । *०२७४/०४/०१*

*ताहाचल, काठमाडौं, नेपाल*

# नवनिर्मित संविधान र उत्पीडित वर्ग समुदायको अवस्था



● कमल चौधरी

श्रावणको २५ गते तथा अगस्तको ९ तारीख विश्व आदिवासी जनजाति दिवस । यस अवसरमा आफ्नो अस्तित्व अधिकार तथा मुक्तिको निम्ति राष्ट्रिय/अन्तर्राष्ट्रिय क्रान्ति मुक्ति र आन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात वीर सहीदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । नेपाल बहुजातिय राज्य भए पनि लामो समयदेखि राज्यसत्ताले तथा स्रोत साधनमा अधिकार जमाएको निशिचित वर्ग र समुदाय अर्थात सामन्ती एवं दलाल पुँजीतिवर्ग अनि ब्राम्हणवादी आर्य समुदायको हाली मुहाली रहँदै आएको छ । जसले गर्दा नेपालका मजदुर किसान अनि दर्जनौं आदिवासी जनजाति, दलित, तराईवासी मधेसी लगायतका वर्ग तथा समुदायहरुले आर्थिक, भाषिक, जातीय, क्षेत्रीय विभेद र उत्पीडन बेहोर्दै आएका छन् ।

दशवर्षको महान जनयुद्ध तथा २०६२/६३ को जनआन्दोलनको वलमा राजतन्त्रको अन्त्य र संघीय गणतन्त्रात्मक व्यवस्था शुरुआत भयो । एकात्मक सामन्ती राज्यव्यवस्थालाई विस्थापन गरेर अधिकारविहीन उत्पीडित वर्ग समुदायलाई अधिकार सम्पन्न बनाउनको निम्ति संविधान सभाको निर्वाचन भयो र त्यसको प्रारम्भमा जनयुद्ध र जनआन्दोलनको उष्णताले संविधानसभाको पहिलो बैठकमा राजतन्त्रको अन्त्यको घोषणा गऱ्यो । वास्तवमा त्यो नै इतिहासको पानामा स्मरण गरिने घटना सावित हुन पुग्यो । पहिलो संविधान सभामा केही पश्चगामी राजनितिक नेतृत्वको उपस्थिति रहे पनि उत्पीडित जातिय क्षेत्रीय समुदायको प्रतिनिधिको बहुलताको कारण संविधान निर्माणको निम्ति सकारात्मक प्रयास भएको कुरालाई बिलकुलै अस्वीकार गर्न सकिन्न ।

सबै प्रकारका पश्चगामी अवरुद्धको बाबजुद जुन काम अघि बढ्न लागे, त्यसबाट भयभित भएर देशी र बिदेशी प्रतिक्रियावादी शक्तिहरु मिलेर पहिलो संविधान सभालाई संविधान बनाउन नदिएर नै विघटन गराउने योजनामा लागे । जब जनयुद्ध र जनआन्दोलनका नेताहरु दिग्भ्रमित हुँदै गए एवं जनयुद्ध र जनआन्दोलको राप चिसिदै गएपछि प्रतिक्रियावादी र पश्चगामी शक्तिहरुले त्यसलाई अनुकूल अवसर ठानेर पहिलो संविधानसभाको अन्त गराइदिए । देशी बिदेशी प्रतिक्रियावादी शक्तिको षड्यन्त्रमा दोस्रो संविधान सभाको निर्वाचन र त्यसद्वारा निर्मित संविधान जो वास्तवमा शोषित उत्पीडित नेपाली जनताको हक हित विपरीत छ, त्यसको व्यापक विरोध दोस्रो संविधान सभाको निर्माण कालदेखि हुँदै आएको र त्यसमा क्रान्तिकारी विचार लिएका राजनैतिक दल लगायतका ३३ दल भन्दाबढी पार्टी दोस्रो संविधान सभाको विरोध गर्दै बहिष्कार गरेका कुरा सर्वविदित छ । आखिर दोस्रो संविधान सभाद्वारा निर्मित संविधानले केही वर्ग समुदाय जुन शासन सत्ताको वरिपरि रहेका छन्, तिनको सन्तुष्टीलाई बढी ध्यान दिएकै कारण तिनले उत्कृष्ट संविधानको दर्जा दिएका छन् भने नेपालका उत्पीडित वर्ग र समुदायले संविधानप्रति अपनत्व जनाएका छैनन् । कम्तिमा पहिलो संविधान सभामा भएको प्रयास नै सफल भएको भए पूर्णरुपमा नभएपनि उत्पीडित जनताको भावना नजिकको संविधान बन्न सक्ने संभावना थियो ।


पहिलो संविधान सभाको प्रयासमा सर्वप्रथम राष्ट्रिय हित संरक्षण समितिले सर्वसमितिमा तयार गरेको अवधारण पत्रमा आदिवासी जनजातिहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषण पत्र र आइ.एल.ओ. महासन्धि नं. १६९ अनुरुप आदिवासीहरुको आत्मनिर्णयको अधिकारलाई पारित गरेको राज्यपुर्नसंरचना समिति तथा उच्चस्तरीय आयोगले पहिचानसहितको प्रदेश, विशेष र संरक्षित क्षेत्र बनाएको थियो । तर दोस्रो संविधान सभाले त्यसको उपेक्षा गऱ्यो । पहिलो संविधान सभामा आदिवासी जनजातिहरुको भूमि तथा प्राकृतिक स्रोतको अधिकारलाई मौलिक हकमा राख्ने अवधारणा पारित गरेको देखिन्छ र वर्तमान संविधानमा त्यो छैन । पुर्खौली भूमिमा अधिकार नभएको र त्यहाँबाट विस्थापनमा पर्ने गरेको कारण आदिवासी जनजातिहरुले राजनीतिक, आर्थिक, सांस्कृतिक, भाषिक इतिहास लगायतका पहिचान गुमाई कतिपय लोप हुन पुगेका र झण्डै दर्जन जति जनजातिहरु लोपोन्मुख अवस्थामा पुगेका छन् । निकुञ्ज, जलविद्युत जस्ता योजनाको नाममा राज्यबाट हुने गरेको मनपरी र ज्यादतीबाट धेरै जसो जनजाति विस्थापनमा परी बिचल्लीको अवस्थामा बाँच्न परेको छ । संविधानको धारा २५ मा जनतासँग कुनै परामर्श नगरी जनताको भुमि अधिग्रहण गर्ने सक्ने व्यवस्था छ । आदिवासी जनजातिलाई आफ्नै भूमिमा स्वतन्त्र र सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई असुरक्षित पारेर कुनै बेला पनि राज्यले विस्थापनको अवस्था सृजना गर्नसक्ने बाटोलाई खुला छाडिएको छ । यो संविधानले आदिवासी जनजाति, मधेसी, दलित, महिला आदिसँग गरिएको बेला बेलाका सम्झौतालाई पूर्णरुपले बेवास्ता गरेको कारण संविधानको विरोध जारी नै छ । संविधानले धर्मनिरपेक्षतालाई स्वीकारेको छैन । धारा ४ मा धर्मनिरक्षेताको स्पष्टीकरण गर्दै "सनातन देखिको धर्म र संस्कृतीको संरक्षण र स्वतन्त्रता□ भनेर प्रकारान्तरणले हिन्दू राष्ट्रको व्याख्या गरेको र धर्मनिरपेक्षतालाई अमान्य बनाएको छ । त्यसैगरी भाषिक सवालमा पनि संविधान बहुभाषिक नीतिको विपरीत धारा ७ मा देवनागरी लिपीमा लेखिने नेपाली भाषा मात्र सरकारी काम काजको भाषा रहने व्यवस्था छ । प्रदेशमा बहुसंख्यकले वोल्ने नेपाली भाषाको अतिरिक्त अन्य भाषालाई प्रदेशको कानुन बमोजिम सरकारी कामकाजको भाषा बनाउन सक्ने व्यवस्था गरिएको छ । मातृभाषाले मान्यता पाउने आधारलाई जटिल बनाइएको छ । मातृभाषीहरुलाई विभेदको चक्रब्यूयमा फसाइएको छ । जातीय विभेदको चरम उत्कर्ष खसआर्यको परिभाषा संविधान मै गरेर सर्वोच्च संबैधानिक जात बनाएको छ, जुन मान्यता जंगबहादुरको मुलुकी ऐनमा तागाधारी भनेर उल्लेख गरिएको थियो, त्यही बिरासतलाई वर्तमान संविधानले निरन्तरता दिएको छ । अर्कोतिर जनजातिको परिभाषा संविधानमा नगरी आदिवासी जनजाति उत्थान राष्ट्रियप्रतिष्ठान ऐनमा मात्र गरिएको छ । यसरी पहिलो श्रेणीमा खसआर्य, दोस्रो दर्जामा जनजातिहरु र दलितहरु ऐन भन्दा पनि तल तेस्रो दर्जामा परेका छन् ।

यो संविधान संघीय मूल्यमान्यतालाई स्वीकार गरेको छ त ? छैन । हुन त संविधानको प्रस्तावनाको पुछारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन विकास र समृद्धिको अकाँक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौ भनिएको छ तर वास्तवमा त्यस्तो नभएर केन्द्रीकृत र नियत्रित संघीयताको रुपमा मात्र यो संविधानिक प्रावधानलाई बुझन सकिन्छ । संविधानले संघीयतालाई सम्बोधन गरेकै छैन । संघीय मान्यता अनुसार प्रदेशहरुलाई केही अन्तर्राष्ट्रिय सन्धिसम्झौताको अधिकार हुने गर्दछ, तर धारा २७८ ले त्यस्तो अधिकारबाट बन्चित पारेको छ । त्यस्तै धारा २०३ ले आर्थिक प्रतिवन्ध लगाएर प्रदेशलाई कर लगाउन उठाउन, ऋण लिन र जनमत दिन रोक लगाएको छ । केन्द्रद्वारा यस्ता कार्य गरिने भनिएको छ । स्थानीय र केन्द्र बीच विवाद प्रारम्भ भै सकेको छ । स्थानीयतहको निर्वाचन सम्पन्न भै सकेका प्रदेशहरुका प्रति निधिहरुले सरकारले स्थानीय तहको अधिकार कटौती गर्न खोजेको आरोप लगाउन थालेका छन् । 'नमूना कानुन' भनी मार्गदर्शन गर्ने नाममा स्थानीय तहलाई परिपत्र गर्दै यो गर त्यो नगर भन्दै सरकारले आदेश दिन थाले पछि स्थानीय तह आदेश र परिपत्रबाट चल्दैन, परिपत्र गरेर स्थानीय सरकारको स्वायतता माथि हस्तक्षेप गरि रहने हो भने आन्दोलनमा उत्रन्छौ भनेर निर्वाचित प्रतिनिधिहरुले सरकारलाई चेतावनी दिन थालेका छन् । हुनत स्थानीय तहलाई केन्द्रीय निर्देशनमा निर्भर रहने तहको रुपमा संविधानले व्यवस्था गरेको कुरा नै बढी यथार्थ हो ।

राज्यको प्रमुख अंग मध्ये न्यायपालिकाको अवस्था के छ त ? धार १२७ ले एकात्मक न्याय प्रणालीको व्यवस्था गरेको छ । यसरी प्रदेशलाई न्यायिक अंगबाट बिच्छेद गरेको छ । यो संविधान अन्तरिम संविधान भन्दा प्रतिगामी रहेको कुरा स्पष्ट भै सकेको छ । अन्तरिम संविधानको धारा २१ मा आदिवासी जनजाति मधेसी लगायत ७ वटा समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधरमा राज्यको संरचनामा सहभागी हुने हक प्रत्याभूत गरिएको थियो । धारा ३३ घ (१) मा राज्य संरचनाको सबै अंगमा समानुपातिक समावेशी भन्ने उल्लेख गरिएको थियो । यो संविधानमा त्यो छैन । त्यसबाट यो संविधान आदिवासी जनजाति र मधेसी प्रति विभेदकारी रहेको स्पष्ट छ । मौलिक हकको सवालमा ४७ वटा मौलिकहक मध्ये ४४ वटामा कानुन अनुसार हुने भनिएको छ । कानुन अनुसारको मौलिक हक भन्नु पनि एक प्रकारको भ्रम नै हो । निष्कर्ष :यो संविधान उत्पीडित वर्ग र समुदायको हितमा छैन । यो कालो संविधान हो । यस संविधानलाई खारेज गरेर संघीय जनगणतान्त्रिक संविधानको निर्माण नगरी उत्पीडित वर्ग र समुदायको हित संरक्षण हुन सक्दैन ।

*लेखक अखिल नेपाल आदीवासी जनजाति महासंघका अध्यक्ष हुन् ।*

# युगान्तकारी अक्टुबर क्रान्तिको गौरवमय गाथा



● हस्तबहादुर के.सी. ●

२५ अक्टुबर विश्वसर्वहारावर्गका लागि एक ऐतिहासिक दिन हो । यसै दिन अर्थात् सन् १९१७ अक्टुबर २५ का दिन महान् रुसी अक्टुबर क्रान्ति सम्पन्न भएको थियो । यस क्रान्तिले विश्वमानव समाजमा पहिलो पटक सर्वहारावर्गको अधिनायकत्व स्थापना गरेको थियो र पुँजीवादी राज्यव्यवस्थालाई माटोको धुलोमा पुरी दिएको थियो । त्यसैले यो क्रान्ति एक ऐतिहासिक र युगान्तकारी घटना थियो । यस अक्टुबर क्रान्तिले एउटा नयाँ युगको महान समाजवादी क्रान्तिको युगको सूत्रपात गरेको थियो, यस क्रान्तिले कारण नयाँ संसार निर्माणको थालनी गरेको थियो । जसको अहिले पनि विश्वभरका सर्वहारा श्रमजीवी वर्गले यसको गौरव गाथा गाइनै रहेका छन् ।

कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा विश्वविख्यात कम्युनिष्ट घोषणापत्र जारी भएको ठिक ६९ वर्ष पछि, कम्युनिष्ट अन्तर्राष्ट्रिय गठन भएको ५३ वर्षपछि, पेरिस कम्युन निर्माण भएको ४६ वर्ष पछि कार्ल मार्क्सको निधन भएको ३४ वर्ष पछि र फ्रेडरिक एंगेल्सको मृत्यु भएको ठिक २२ वर्ष पछि महान् रुसी अक्टुबर समाजवादी क्रान्ति महान लेनिनको नेतृत्वमा रुसी बोल्सेविक कम्युनिष्ट पार्टीले सम्पन्न त्यहाँ पुँजीवादको पुनःस्थापना भएको भए पनि आज १०० वर्ष पुगिसक्दासम्म पनि अक्टुबर क्रान्तिको महत्व समाप्त भएको छैन, झनै बढेर गएको छ, किनभने आजको युग साम्राज्यवाद र विश्व सर्वहारावर्ग बिचको भीषण संघर्षको युग हो । फेरी पनि सर्वहारावर्गले पुँजीवादी राज्यव्यवस्थालाई ध्वंश गरेर माटोमा मिलाई दिनेछ र सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्ने छ । समाजको गतिको यो वैज्ञानिक नियमलाई विश्वको कुनै पनि ताकतले रोक्न सक्ने वाला छैन ।

यही वर्ष अर्थात् सन् २०१७ अक्टुबर २५ तारिखका दिन महान रुसी अक्टुबर क्रान्ति सम्पन्न भएको १०० वर्ष पुरा हुदै छ । यस ऐतिहासिक अवसरमा विश्वसर्वहारावर्ग र क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुले यस वर्षको २५ तारिखका दिन अक्टुबर क्रान्तिको सतवार्षिकी धुमधामका साथ मनाउने तयारी गरिरहेका छन् ।

अक्टुबर क्रान्तिको ऐतिहासिक महत्व के मा निहित छ ? यस क्रान्ति कसरी सम्पन्न गरिएको थियो र यसबाट विश्वसर्वहारा वर्गले के शिक्षा लिन जरुरी आदि विषयमा यस लेखमा संक्षेपमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

जुन समयमा रुसमा पुँजीवादी व्यवस्थाले साम्राज्यवादमा प्रवेश गरिसकेको थियो, त्यही अवस्थामा पुँजीवादी-साम्राज्यवादी व्यवस्थालाई ध्वस्त गरि वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्ने महान योजना र लक्ष्यका साथ विश्वसर्वहारावर्गका महान् नेता तथा सोभियत कम्युनिष्ट पार्टी (बोल्सेविक) का नेता भी.आई. लेनिनको नेतृत्वमा मजदूर वर्गको अगुवाइमा र किसानहरुको सहयोगमा २५ अक्टुबर सन् १९१७ मा सम्पन्न गरिएको महान समाजवादी क्रान्तिलाई महान् अक्टुबर क्रान्ति भनिन्छ ।

महान् अक्टुबर समाजवादी क्रान्ति सशस्त्र जनविद्रोहका साथ तत्कालिन रुसका दुई राजधानी मस्को र पेत्रोग्रादमध्य एक पेत्रोग्रादमा परम्परागत पात्रो अनुसार २५ अक्टुबर १९१७ र नयाँ पात्रो अनुसार ७ नोभेम्बर १९१७ मा सम्पन्न भएको थियो । सन् १९१८ पछि ७ नोभेम्बरलाई अक्टुबर क्रान्तिको वार्षिक उत्सवलाई औपचारिक राष्ट्रिय दिवस मनाइएको थियो ।

महान् रुसी अक्टुबर समाजवादी क्रान्तिले रुसमा पुँजीवादी व्यवस्थालाई ध्वंश गरि वैज्ञानिक समाजवादी राज्यव्यवस्थाको स्थापना गरेको थियो । यस महान् रुसी अक्टुबर समाजवादी क्रान्तिले विश्वमा नै मानवजातिको इतिहासमा पहिलो पटक पुँजीवादी राज्यव्यवस्थाको अन्त्य गरि सर्वहारावर्गको अधिनायकत्व स्थापना गरेको थियो । अर्थात् यस क्रान्तिले विश्वमा नै पहिलो पटक पुजीवादीवर्गको हातबाट पुँजीवादी व्यवस्था छिनेर श्रमजीवीवर्ग सर्वहारावर्गको हातमा राज्यसत्ता सुम्पेर विश्वमै पहिलो पटक श्रमिजीवी वर्ग, कामगरि खाने वर्ग अर्थात सर्वहारावर्गलाई सोभियत रुसको मालिक वर्गका रुपमा रुपान्तरण गरिदिएको थियो ।

**रुसी समाजवादी क्रान्तिलाई किन अक्टुबर क्रान्ति भनिन्छ ?**

अक्टुबर समाजवादी क्रान्ति तत्कालिन रुसी पात्रो अनुसार यो नोभेम्बर महिनामा भएको क्रान्ति भए पनि यसलाई अक्टुबर क्रान्ति नै भनिन्छ । सन् १९१७ को फेब्रुअरी क्रान्तिले जारशाहीको शासनलाई उन्मुलन गरेर पुँजीवादी लोकतान्त्रिक प्रणालीको स्थापना गरेको थियो । यसलाई बुर्जुवा डेमोक्रेटिक क्रान्ति पनि भनिन्छ । यसले जारशाहीलाई सत्ताच्यूत गरे पनि अस्थायी वा अन्तरिम सरकारका रुपमा स्थापना भएको थियो । यसको प्रमुखमा समाजवादी नेता करेन्स्की सरकारका प्रमुख थिए । त्यस सरकारमा मेन्सेबिकहरु पनि सम्मेलित थिए । मेन्सेविक भनेको रुसको सुधारवादी पार्टी थियो ।

तत्कालीन अवस्थामा पहिलो विश्वयुद्ध चलिरहेको र जनता युद्धको अन्त्य र शान्तिको स्थापना चाहन्थे । तर जनताको यो भावनालाई संबोधन गर्न अस्थायी सरकारले नसके पछि जनआक्रोस बढ्दै गए पछि त्यसै अवस्थामा लेनिनको नेतृत्वमा २५ अक्टुबर १९१७ मा क्रान्ति सम्पन्न भयो र यसलाई वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना गऱ्यो । रुसी क्रान्तिकारी कम्युनिष्ट पार्टी (बोल्सेविक) को नेतृत्वमा सम्पन्न भएको क्रान्तिलाई अक्टुबर क्रान्ति भनिन्छ । यो क्रान्तिले विश्वमै पहिलो पटक पुँजीवादको अन्त्य र समाजको स्थापनाको पहिलो राजनीतिक घटना हुन पुगेकाले अक्टुबर क्रान्तिलाई महान् युगान्तकारी समाजवादी क्रान्तिको नाम दिइएको हो । र यस क्रान्तिले सर्वहारावर्गलाई पुँजीवादको चिहान खन्ने वर्गको रुपमा स्थापित गरेको पहिलो घटना भएकोले यसलाई विश्वमानव समाजमा एक ऐतिहासिक घटना र एक युगान्तकारी घटनाका रुपमा लिइन्छ ।

यसअघि सन् १७७६ मा उपनिवेशवादका विरुद्धमा अमेरिकामा भएको स्वतन्त्रतामा संग्रामले उपनिवेशवादी युगको अन्त्यको प्रारम्भ गरेको थियो । त्यस पछि सन् १७८९ मा फ्रान्समा भएको राज्यक्रान्तिले राजतन्त्रको अन्त्यको युगलाई समाप्त गरि जनताको राज्य स्थापना गर्ने कार्य गरेको थियो भने यो क्रान्ति पछि युगलाई नै परिवर्तन गर्ने र इतिहासलाई उलटफेर गर्ने भएकाले यो महान युगान्तकारी क्रान्तिका रुपमा अक्टुबर क्रान्ति रहेको छ ।

महान् रुसी अक्टुबर क्रान्ति सम्पन्न भएको यसै वर्षको अक्टुबर २५ का दिन १०० वर्ष पुरा हुदै छ । यस वर्ष विश्वभरका क्रान्तिकारी कम्युनिष्टहरु र सर्वहारा वर्गले अक्टुबर समाजवादी क्रान्तिको सतवार्षिकी धुमधामका साथ मनाउने तयारी गरिरहेका छन् ।

**अक्टुबर क्रान्ति सम्पन्न गर्न गरिएको तयारी**

अक्टुबर क्रान्ति कुनै जादूमयी तरिकाले सम्पन्न गरिएको घटना होइन । कुनै पनि क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिकारी कम्युनिष्टहरुलाई लामो तयारीको आवश्यकता पर्दछ । जस्तै :

१) क्रान्तिकारी सिद्धान्तलाई ठोस गर्ने तयारी

२) क्रान्तिकारी पार्टी निर्माणको तयारी ।

३) ठोस कार्यदिशाको निर्माणको तयारी ।

४) निश्चित योजना निर्माणको तयारी ।

५) कार्यान्वयनको कलात्मक तयारी ।

६) सैन्य योजनाको ठोस तयारी ।

७) संयुक्त मोर्चाको निर्माण र परिचालनको तयारी

८) ठोस परिस्थितिको ठोस विश्लेषणको आवश्यकता आदि ।

**क) क्रान्तिका लागि क्रान्तिकारी विचारको प्रश्न**

'अत्यन्त विकसित सिद्धान्तद्वारा निर्देशित पार्टीले मात्र अग्रगामी लडाकूको भूमिका पुरा गर्न सक्छ' भन्नु हुने लेनिनले सर्वप्रथम क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्तको बारेमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने सिलसिलामा मार्क्सवादको दोस्रो चरणमा लेनिनवादको प्रतिपादन गरेर मार्क्सवादको सैद्धान्तिक ज्ञानभण्डारमा थप योगदान पुऱ्याउनु भयो । र क्रान्तिकारी मार्क्सवाद नै समाजवादी क्रान्तिका लागि पथप्रदर्शक सिद्धान्त हुने कुरा सुनिश्चित गर्नु भयो ।

**ख) क्रान्तिकारी पार्टीको निर्माण**

क्रान्ति सम्पन्न गर्न क्रान्तिकारी पार्टीको आवश्यक पर्दछ । अक्टुबर क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिका लागि सिद्धान्त र क्रान्तिकारी पार्टी आवश्यक पर्दछ भन्नु हुने लेनिनले सन् १९०३ मा नै तेस्रो महाधिवेशनबाट मार्तोमपन्थिी, मेन्सेविक पन्थीहरुसित सम्बन्ध विच्छेद गरेर नयाँ ढंगको क्रान्तिकारी कम्युनिष्ट पार्टी रुसी कम्युनिष्ट पार्टी (बोल्सेविक) को निर्माण गरेर अगाडि बढ्नु भयो । र जुलाई १९१२ मा प्राग पार्टी सम्मेलन सम्पन्न गरियो । प्राग पार्टी सम्मेलनले बोल्सेविक पार्टीभित्र रहेका मेन्सेविकवादीहरु, अर्थवादीहरु सामाजिक जनवादीहरु लगायतका अवसरवादीहरुलाई निकालेर लेनिनको नेतृत्वमा बोल्सेविकहरुद्वारा एउटा स्वतन्त्र मार्क्सवादी पार्टीको निर्माण गर्न सफलता मिलेको थियो । यसकै नेतृत्वमा २५ अक्टुबर १९१७ मा महान रुसी अक्टुबर क्रान्ति सम्पन्न भएको थियो । क्रान्तिका लागि क्रान्तिकारी पार्टी आवश्यक पर्दछ भन्ने लेनिनको सैद्धान्तिक मान्यतालाई यस प्रमाणित गरि दिएको थियो ।

प्राग सम्मेलन (जनवरी १९१२) मा मेन्सेविकहरुलाई पार्टीबाट निस्काशित गरियो र एउटै पार्टीभित्र मेन्सेविकहरुसितको बोल्सेविकहरुको औपचारिक एकता सदाका लागि खतम भयो । त्यस पछि अगाडि बढेर बोल्सेविकहरुले औपचारिक रुपले आफूलाई एउटा स्वतन्त्र पार्टी रसियाली सामाजिक-जनवादी मजदूर पार्टी (बोल्सेविक) मा संगठित पारे । प्राग सम्मेलनले एउटा नयाँ ढंगको पार्टी-मार्क्सवादी-लेनिनवादी पार्टी, बोल्सेविक पार्टीको श्री गणेश गऱ्यो ।

प्राग सम्मेलनमा सर्वहारा पार्टीबाट अवसरवादीहरुलाई, मेन्सेविकहरुलाई, निस्काशित गरे पश्चात यस कार्यले पार्टी र क्रान्तिको तयारीका कामलाई अगाडि बढाउन महत्वपूर्ण र निर्णायक प्रभाव पाऱ्यो । यदि बोल्सेविकहरुले सर्वहारावर्गको लक्ष्यप्रति मजदूरहरुको, लक्ष्यप्रति विश्वासघात गर्नेहरुलाई, मेन्सेविक सम्झौतावादीहरुलाई पार्टीबाट निकालेर नपठाएको भए बोल्सेवक पार्टीले २५ अक्टुबर सन् १९१७ मा सर्वहारावर्गको अधिनायकतन्त्र प्राप्तिका लागि संघर्षमा जनलाई जागृत पार्न सक्ने थिएन ।

प्राग सम्मेलन नै अक्टुबर क्रान्तिको मुख्य आधार बन्यो । मेन्सेविकहरुलाई विचारधारात्मक र संगठनात्मक दृष्टिबाट खतम पारेपछि र उनिहरुलाई पार्टीबाट निकालेपछि बोल्सेविकहरुले पार्टीको पुरानो झण्डा र.सा.ज.म.पा. को झण्डालाई कायम राखे ।

१९१२ को शुरमा गोर्कीलाई लेखेको चिठ्ठीमा लेनिनले प्राग सम्मेलनको परिणामबारे भन्नुभएको थियो :

'आखिरमा, विसर्जनवादी फोहरमैला हुँदाहुँदै पनि, हाम्रो पार्टी र त्यसको केन्द्रीय समितिलाई पुनस्थापित गर्नमा सफल भएका छौं । आशा छ, यस कुरामा तपाईंलाई पनि खुशी लाग्नेछ ।' (लेनिन, संकलित रचनाहरु, रसियाली संस्करण, भाग २५, पृष्ठ १९)

प्राग सम्मेलनको महत्वबारे चर्चा गर्नु हुँदै कामरेड स्टालिनने भन्नुभयो :

'यो सम्मेलन हाम्रो पार्टीको इतिहासमा औधी महत्वको थियो, किनभने यसले बोल्शेविक र मेन्शेविकहरुका बीचमा एउटा सीमारेखा कोरिदियो, र मुलुकभरका बोल्शेविक संगठनहरुलाई एउटा संयुक्त बोल्शेविक पार्टीमा एकत्रित पाऱ्यो ।' (सो.सं.क.पा. (बो.) को पन्ध्रौं महाधिवेशनको शब्दशः प्रतिवेदन, रसियाली संस्करण, पृष्ठ ३६१-६३)

मेन्शेविकहरुको निस्काशन र एउटा स्वतन्त्र पार्टीको निर्माणपछि बोल्शेविक पार्टी झन् दरो र बलियो भयो । पार्टीले आफ्ना पङ्क्तिहरुबाट अवसरवादी तत्वहरुलाई निकालेर आफूलाई बलियो पार्छ- यो दोस्रो इन्टरेशनलका सामाजिक-जनवादी पार्टीहरुबाट मूलतः भिन्नै नयाँ खालको पार्टी, बोल्शेविक पार्टीको एउटा सिद्धान्त हो । दोस्रो इन्टरनेशनलका पार्टीहरु आफूलाई मार्क्सवादी पार्टी भन्दथे तर तिनीहरुले वास्तवमा मार्क्सवादका शत्रु, खुल्ला अवसरवादीहरुलाई आफूभित्र राखिछाडेका थिए र उनीहरुलाई दोस्रो इन्टनशेनललाई भ्रष्ट पार्न र बिगार्न छुट दिएका थिए । त्यसको उल्टो, बोल्शेविकहरुले अवसरवादीहरुको विरुद्ध डटेर सङ्घर्ष चलाए, सर्वहारा पार्टीबाट अवसरवादका फोहरमैला बढारेर पठाए र एउटा नयाँ खालको पार्टी, लेनिवादी पार्टी निर्माण गर्नमा सफलता हासिल गरे, र यही पार्टीले पछि गएर सर्वहारावर्गको अधिनायकतन्त्र कायम गऱ्यो ।

सर्वहारा पार्टीका पङ्क्तिहरुमा अवसरवादीहरु रहिरहेका भए, बोल्शेविक पार्टीले फराकिलो राजमार्गमा निस्केर सर्वहारावर्गको नेतृत्व गर्नसक्ने थिएन, यसले सत्ता कब्जा गरेर सर्वहारावर्गको अधिनायकतन्त्र स्थापना गर्न सक्ने थिएन र यसले गृह-युद्धमा विजयी बनेर समाजवादको निर्माण गर्न सक्ने थिएन ।

सन् १९१२ देखि १९१४ सम्म बोल्सेविकहरुले वैधानिक कामलाई महत्व दियो । खुला कार्यक्रम गऱ्यो । क्रान्तिको नयाँ उत्थानको अवधिमा (१९१२-१४) बोल्शेविक पार्टीले मजदूर आन्दोलनको नेतृत्व गरेर त्यसलाई बोल्शेविक नाराहरु अन्तर्गत नयाँ क्रान्तितर्फ लग्यो । पार्टीले योग्यतापूर्वक गैर-कानूनी कामलाई कानुनी कामसित गाँस्यो । विसर्जनवादीहरु र तिनका मित्र ट्राटस्कीपन्थी र बहिष्कारवादीहरुको प्रतिरोधलाई चकनाचूर पारेर पार्टीले सबै खालको कानुनी आन्दोलनमा नेतृत्व हासिल गऱ्यो, र विद्यमान कानुनी संगठनहरुलाई आफ्नो क्रान्तिकारी कामको आधारमा फेऱ्यो ।

मजदुरवर्गका शत्रुहरु र मजदूर आन्दोलनभित्र तिनका दलालहरुको विरुद्ध सङ्घर्षमा पार्टीले आफ्ना पंक्तिहरुलाई सुदृढ बनायो, र मजदूरवर्गसितको आफ्नो सम्बन्धलाई विस्तृत पाऱ्यो । दूमालाई क्रान्तिकारी प्रचार-आन्दोलनको मञ्चको रुपमा व्यापक ढंगले उपयोग गरेर र आम मजदूर हरुको राम्रो अखबार प्राब्दाको स्थापना गरेर पार्टीले क्रान्तिकारी कार्यकर्ताहरुको एउटा नयाँ पुस्तालाई, प्राब्दापन्थीहरुलाई प्रशिक्षित पाऱ्यो । साम्राज्यवादी युद्धको बेलामा मजदूरहरुको यो अंग अन्तर्राष्ट्रियतावाद र सर्वहारा क्रान्तिको झण्डाप्रति इमानन्दार रह्यो । पछि गएर अक्टोबर १९१७ को क्रान्तिको बेलामा यो अंग बोल्शेविक पार्टीको ढाड बन्यो ।

साम्राज्यवादी युद्ध शुरु हुनुअघि पार्टीले क्रान्तिकारी कार्वाहीमा मजदूरवर्गको नेतृत्व गऱ्यो । यी कार्वाहीहरु अग्रणी मुठभेड थिए र साम्राज्यवादी युद्धले गर्दा त्यसमा बाधा पऱ्यो, र तीन वर्षपछि फेरि शुरु भई त्यसले जारशाहीलाई खतम पाऱ्यो । बोल्शेविक पार्टीले सर्वहारा अन्तर्राष्ट्रियतावादको झण्डा फरफराउदै साम्राज्यवादी युद्धको कठिन अवधिमा प्रवेश गऱ्यो ।

'ठोस परिस्थितिको ठोस विश्लेषण मार्क्सवादको आत्मा हो' भन्नु हुने लेनिनले बोल्सेविक क्रान्तिका लागि सोभियत रुस र अन्तर्राष्ट्रिय परिस्थितिको ठोस विश्लेषण गर्नु भयो । अप्रिल थेसिस मार्फत लेनिनले रुसमा क्रान्ति गर्ने बेला (जनविद्रोह गर्ने) बेला परिपक्व भई सकेको छ, ढिला गर्न हुन्न भन्ने निस्कर्ष निकाल्नु भयो । लेनिनले क्रान्तिका लागि "विद्यमान सरकार देश र जनताको लागि काम गर्नै नसक्ने अवस्थामा पुगेछ र जनता त्यस सरकारलाई स्वीकार गर्न सकने अवस्थामा नभएको परिस्थितिमा पुगेको बेला छ भने क्रान्ति सम्भव छ" भन्ने विश्लेषण गर्नु भयो । र त्यसबेला अस्थाई सरकारले सरकार चलाउनै नसक्ने अवस्थामा पुगेको थियो भने रुसी जनता त्यस सरकारलाई रत्तिभर विश्वास गर्दैन्थिए जसका कारण बोल्सेविकहरुलाई विद्रोह संचालित गर्न सजिलो भयो ।

क्रान्तिलाई सम्भव तुल्याउनका लागि निम्ति तात्कालिक नाराहरु र कार्यक्रमिक योजनाको महत्वपूर्ण भूमिका हुन्छ । तत्कालिन अवस्थामा बोल्सेविक पार्टीले "शान्ति, जमीन र रोटी" को नारा दियो । उक्त नाराले बोल्सेविकहरुलाई अक्टुबर क्रान्ति सम्पन्न गर्न कोसेढुङ्गाको काम गऱ्यो ।

सन् १८९७ देखि १९१७ सम्मको समग्र अवधिमा निम्न पुस्तकहरु लेखेर लेनिनले रुसमा दार्शनिक, सैद्धान्तिक, वैचारिक, राजनीतिक, आर्थिक आदि चेतनाको विकास गराउनु भयो :

- आर्थिक स्वच्छन्दताको चरित्र चित्रण (१८९७, दर्शन)
- रुसमा पूँजीवादको विकास (१८९९, अर्थशास्त्र)
- के गर्ने ? (१९०१ - ०२ समाजवाद)
- एक पाइला अघि दुई पाइला पछि (१९०४, समाजवाद)
- जनवादी क्रान्तिमा सामाजिक जनवादका दुई कार्यनीति (१९०५, समाजवाद)
- क्रान्तिकारी पार्टी र क्रान्तिकारी सेना (१९०५, समाजवाद)
- भौतिकवाद र अनुभवसिद्ध आलोचना (१९०८, दर्शन)
- मार्क्सवाद र संशोधनवाद (१९०८, समाजवाद)
- मार्क्सवादका ३ स्रोत र ३ संघटक अंग (१९१३, दर्शन)
- दार्शनिक नोटबुक (१९१४-१६, दर्शन)
- साम्राज्यवाद : पूँजीवादको चरम अवस्था (१९१६, अर्थशास्त्र)
- समाजवाद र युद्ध (१९१६, समाजवाद)
- समाजवादी क्रान्ति र जातिहरुको आत्मनिर्माणको अधिकार (१९१६, समाजवाद)
- सर्वहारावर्गको सैन्य कार्यक्रम (१९१६, समाजवाद)
- युद्ध र क्रान्ति (१९१७, समाजवाद)
- राज्य र क्रान्ति (१९१७, समाजवाद)
- मार्क्सवाद र विद्रोह (१९१७, समाजवाद)
- अप्रिल थेसिस (१९१७, समाजवाद)

**यसरी शुरु गरियो अक्टुबर क्रान्ति**

लेनिनको नेतृत्वमा रहेको बोल्शेभिक पार्टीले रुसमा समाजवादी क्रान्ति सम्पन्न गर्नको लागि १५ दिन अगाडि मात्रै सशस्त्र विद्रोहको कार्यान्वयन गर्ने निर्णय गरेको थियो । तारिखमा लेनिन गोप्यरुपमा फिनल्याण्डबाट पेत्रोग्रादमा आइपुग्नु भयो । १९१७ अप्रिल ४ का दिन अप्रिल थेसीस प्रस्तुत गर्नुभयो । १० अक्टोबर १९१७ मा पार्टी केन्द्रीय समितिको ऐतिहासिक बैठक बस्यो, जसमा आगामी केही दिनमा सशस्त्र विद्रोह चलाउने निर्णय भयो ।

रुसमा समाजवादी क्रान्तिको तुलनात्मकरुपले सजिलैसित विजय हासिल हुनमा धेरै कारणहरु थिए । ति मध्ये मुख्य कारण निम्न थिए :

१. जारलाई सत्ताच्यूत गरेपछि आएको बुर्जुवा सरकार एकदमै कमजोर, असंगठीत र अनुभव हिन थियो र त्यसको कामगर्ने तौरतरिका जारको भन्दा फरक थिएन ।

२. क्रान्तिको नेतृत्व दुइवटा क्रान्तिबाट गुज्रि सकेको र लडाईहरुबाट खारिएको क्रान्तिकारी मजदुरवर्गले गरेको थियो ।

३. मजदुरवर्गले गरिब किसानहरुसँग प्रभावकारी एकता कायम गरेका थिए र बोल्शेभिक पार्टीले जमिनदारहरु विरुद्ध लडेर उनिहरुको समस्या समाधान गर्न सक्दछ भनि प्रमाणित गरेको थियो ।

४. मजदुरवर्गको नेतृत्व राजनीतिक लडाइहरुमा प्रयत्नशील र परीक्षित भएको बोल्शेभिक पार्टीले गरेको थियो ।

५. साम्राज्यवादीहरु आफै युद्धमा फसेका र विभाजित भएका थिए, त्यसरी उनीहरु रुसमाथि हस्तक्षेप गर्न असमर्थ थिए ।

१० अक्टोबरको पार्टीको केन्द्रिय समितिको बैठकमा लेनिनले सशस्त्र संघर्ष सुरु गर्ने प्रस्ताव राखे । के.स. का दुईजना सदस्यहरु कामेनेव र जिनोवियवले परिस्थिति तयार नभएको भनेर त्यो प्रस्तावको विरोध गरे । त्यति मात्र होइन, पार्टीले सशस्त्र संघर्षको दुस्साहसपूर्ण कदम उठाउँदैछ भनेर त्यो निर्णयालाई बाहिर लगे र त्यो थाहा पाएर विद्रोहलाई दबाउन तयारी गर्न थाल्यो र त्यसका लागि मोर्चाबाट सेना फिर्ता बोलाएर पठायो, ट्राटस्कीले पेत्रोग्राद सोभियतको कोराउन बैठकमा धाक लगाउँदै विद्रोहको दिन पनि बताइदिए । त्यसपछि पार्टीले तोकिएको दिनभन्दा पहिले नै विद्रोह गर्ने निर्णय गऱ्यो र २५ अक्टोबर (नयाँ ७ नोभेम्बर) मा समाजवादी क्रान्ति भयो । क्रान्तिलाई दबाउन सल्लाह गर्नका लागि बैठक गर्न थालेको बेलामा घेरा हालेर पुरै मन्त्री मण्डललाई गिरफ्तार गरियो र सत्ता कब्जा गरियो ।

त्यसरी सशस्त्र विद्रोहको शुरु गरेर बोल्शेभिक पार्टीले अक्टोबर २५ मा अस्थायी बुर्जुवा सरकारलाई सत्ताच्यूत गरेर राज्यसत्ता सोभियतहरुको हातमा आएको घोषण रुसी जनता सामु गरेका थिए । बोल्शेभिक पार्टीको इतिहासबाट के कुरा स्पष्ट हुन्छ भने यदि पार्टी सशक्त छ र जनसमर्थन प्राप्त छ, त्यसै गरेर समग्र राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति अनुकुल छ भने राज्य सत्ता कब्जा गरेर अगाडि बढनकालागि तत्कालिन परिस्थितिको ठोस विश्लेषण गरेर सशस्त्र संघर्षको स्वरुप तय र किटान गर्न सकिन्छ । तर सत्ता कब्जा गर्ने नीति भएतापनि बोल्शेभिक पार्टीले उपर्युक्त परिस्थिति तयार हुनुभन्दा अगावै शसस्त्र विद्रोहद्वार सत्ताकब्जा गर्ने घोषणा गरेको थिएन ।

**अक्टुबर क्रान्तिले पारेको प्रभाव**

२५ अक्टुबर सन् १९१७ मा सम्पन्न महान् रुसी अक्टुबर क्रान्तिले विश्वभरमै ठूलो प्रभाव मात्रै पारेनकि विश्वमै ठूलो हलचल पैदा गरिदियो । त्यस क्रान्तिले पहिलो पटक सशस्त्र जनविद्रोह (आमजनविद्रोह) मार्फत पुँजी वादी राज्यव्यवस्थालाई ध्वंश गरि त्यस ठाउँमा सर्वहारावर्गको राज्यसत्ता स्थापना हुन पुगेर पहिलो पटक नै सर्वहारावर्गको अधिनायकत्व कायम हुन पुगेकाले ...बाँकी ७ पेजमा

# राष्ट्रिय संस्कृति र सांस्कृतिक साम्राज्यवाद

**प्रा.शम्भुनाथ साव**

नयाँ सांस्कृतिक स्थिति भूमण्डलीकरण, प्रविधि, क्रान्ति र उपभोक्तावादको देन हो । भूमण्डलीकरणले जसरी विश्वमा एउटै जस्तो बजारमा आधारित संस्कृति पनि चाहन्छ । उसलाई न कुनै देशको सांस्कृति बहलतासँगै सम्बन्ध छ न त सयौं वर्षदेखिको परम्परामा रहेका सिर्जनात्मकता, उदात्तता र विशिष्टतासँग । आज दुनियाँमा यस्ता अनगिन्ती मानिस छन् जसलाई आफ्नो देशको सन्दर्भसँग कुनै मतलब छैन । यस्ता 'ग्लोबल मानिस'लाई आफ्नो देशको संस्कृति बिर्सन पाउने अधिकार चाहिएको छ ।

प्रत्येक देशको संस्कृति त्यो देशको एउटा मुख्य राष्ट्रिय पहिचान मात्र होइन, त्यो देशको मूल्य रेखा (भ्यालु लाइन) र जीवन प्रेरणा पनि हुन्छ । त्यो स्थिर र शाश्वत चिज होइन । तर केवल बजारिया वस्तु पनि होइन । हेरक देशको राष्ट्रिय संस्कृति त्यो देशका मानिसहरुको सृजनात्मक, आलोचनात्मक र आध्यात्मिक क्षमताको उपज हो । त्यो सूचनाको आकाश मार्गबाट होइन ठोस समाजबाट उत्पन्न हुन्छ । दुनियाँका तमाम संस्कृति भैं एसिया उपमहाद्वीपका संस्कृतिको विकास पनि ती साम्राज्यवादी बर्बर संस्कृतिहरुसँग टकराउँदै भएको हो, जसले आजको उत्तर औद्योगिक समाजमा, विकासको यो उच्च शिखरमा पनि पछ्याउन छाडेको छैन ।

संस्कृति उद्योगको प्रक्रिया १९ औं शताब्दीमा प्रारम्भ भएको थियो । ग्रामोफोन, रेडियो र सिनेमा नै सर्वप्रथम समुह संस्कृति (मास कल्चर)का औद्योगिक रुपहरु थिए । तिनको विकास १९ औं शताब्दीको पुँजीवादले गरेको थियो । समूह संस्कृतिका यी रुपहरु समाजमा प्रशस्त लोकप्रिय भएका थिए । यिनैको समानान्तर समाचार पत्र, पुस्तक प्रकाशन र थिएटर पनि अस्तित्वमा आए जसमा वैयक्तिक सृजनात्मकताको सम्भावना बढी थियो । उल्लेखनीय के हो भने यी सबै सांस्कृतिक माध्यम निश्चित सीमासम्म औद्योगिक वस्तु हुँदा हुँदै पनि आफ्नो सम्पर्कका राष्ट्रिय र लोकतान्त्रिक जागरणबाट प्रभावित थिए, त्यसका अङ्ग थिए र त्यसलाई विस्तार गरिरहेका थिए । उपनिवेश विरोधी आन्दोलनको क्रममा पाठक या श्रोता वर्ग सांस्कृतिक उपयोगको एउटा जागरुक, कल्पनाशील र अन्तर्सक्रिय इकाई थियो । स्वाधिनता सङ्ग्रामका दौरानमा जब राष्ट्रिय संस्कृतिहरुले नयाँ आधुनिक आकार लिइरहेका थिए, संस्कृति उद्योग पतनशील थिएन एवम् निर्बुद्धिपरकता (ईर्स्यानालिति) मौलाउने अवसर थिएन । त्यस बेला मानिक तर्क गर्थ्यो जुन मानवतावादको साथमा थियो । त्यसबेलाको संस्कृति उद्योगमा एउटा रोमान्सवाद थियो, जसले सामन्ती रुढिहरु एवम् कूपमण्डुकताहरु चुनौती दिएर समाजमा उत्थान ल्याइरहेको थियो । यसैले व्यक्ति स्वतन्त्रतासँगसँगै विश्वबन्धुत्व र समानताको सन्देश पनि दिँदै थियो ।

ती दिनहरुमा संस्कृतिको अर्थ काँटछाँट गरिएको थियो । आज संस्कृति भौतिक वस्तुमा फेरिएको छ या संकीर्ण राजनैतिक चिह्नमा । हामीलाई के गुमाइ रहेका छौं भन्ने पत्तो समेत छैन । हाम्रो चारैतिर पुँजीको बलमा स्थापित संस्कृति उद्योगका यस्ता लोकप्रियतावादी वस्तुहरु छाएका छन जसले मनोरञ्जनसँगसँगै समाजको वैचारिक नियन्त्रण समेत गर्छन । यिनलाई पपुलर कल्चर (लोकप्रिय) संस्कृति) भनिन्छ । एकातर्फ संस्कृतिको बजारीकरण भएको छ भने अर्कातर्फ संस्कृतिको राजनीतिकरण/सामुदायिक अस्मिता र स्थानीयताको राजनीतिले आज संस्कृतिलाई 'ताकत'का चिह्नहरुमा यसरी फेरि दिएका छन् कि संस्कृति आज लडिरहेको छैन लडाइ रहेको छ भन्ने देख्न सकिन्छ । एकातिर संस्कृति ठुलो पुँजीका मसिनबाट पैदा भइरहेको छ, संसारभरि एउटै जस्तो हुँदै छ र पप संस्कृतिका रुपमा मनोरञ्जनको वस्तु बनेको छ, अर्कोतिर संस्कृति संकीर्ण राजनीतिको मसिनबाट उत्पन्न गरिँदै छ । समाजमा धर्म, जाति, क्षेत्रीयता आदिका आधारमा पृथकतावाद ल्याइरहेको छ र केवल सामुदायिक अस्मिताको राजनैतिक चिह्न बनेको छ ।

आजको नयाँ सांस्कृतिक स्थिति भूमण्डलीकरण, प्रविधि, क्रान्ति र उपभोक्तावादको देन हो । भूमण्डलीकरणले जसरी विश्वमा एउटै जस्तो बजारमा आधारित संस्कृति पनि चाहन्छ । उसलाई न कुनै देशको सांस्कृति बहलतासँगै सम्बन्ध छ न त सयौं वर्षदेखिको परम्परामा रहेका सिर्जनात्मकता, उदात्तता र विशिष्टतासँग । आज दुनियाँमा यस्ता अनगिन्ती मानिस छन् जसलाई आफ्नो देशको सन्दर्भसँग कुनै मतलब छैन । यस्ता 'ग्लोबल मानिस'लाई आफ्नो देशको संस्कृति बिर्सन पाउने अधिकार चाहिएको छ । उनीहरु 'कस्मोपोलिटन' भइसकेका छन् । एक पल्ट एउटा उत्तर औपनिवेशिक सिद्धान्तकार गायत्री स्पिवाक चक्रवर्तीसित कसैले उनलाई निरन्तर विदेशमा रही रहने कारणले सोधे - "तपाईँको जरो कहाँ हो ?" उनले जवाफ दिइन् - "मलाई जरो आवश्यक छैन, के म रुख हुँ र ?" उनको यस्तो उत्तर नै भूमण्डलीकरणको सफलता हो । यो सांस्कृतिक आधार विहीनता हो ।

भूमण्डलीकरणले आफुसित जुन सांस्कृतिक साम्राज्यवाद ल्याइरहेको छ - त्यसको लक्ष्य एकातिर सांस्कृतिक समरुपीकरण हो भने अर्कातिर साम्प्रदायिक कट्टरतावादको पोषण पनि हो । जसरी ग्लोबल -मानिसलाई बिर्सने अधिकार चाहिएको छ, त्यसरी नै स्थानीयहरुलाई धार्मिक रुढि, जातिवाद, क्षेत्रवादमा सङ्कुचित राखिराख्नका लागि अतीतका केवल नकारात्मक चिजहरुलाई जिउँदो राख्ने स्मृति अधिकार चाहिएको छ । यसरी बिर्सने अधिकार होस् वा सम्झने अधिकार यिनले मनुष्य जातिलाई राष्ट्रिय संस्कृतिका उच्च, सकारात्मक र प्रगतिशील विरासतबाट विच्छिन्न गर्दछन् । एकातिर उपभोक्तावाद वढ्छ, अर्कातिर कट्टरतावाद । यी दुवै मान्छेका सृजनात्मकताका शत्रु हुन र अन्धानुकरणलाई प्रोत्साहित गर्दछन् । हामी पश्चिमी जीवनशैलीतर्फ बढेका आकर्षण र धर्म, जातिवाद, क्षेत्रवादका विषयमा स्पष्ट के देख्छौं भने मान्छेको आफ्नो विवेक घटिरहेको छ र अन्धानुकरण बढिरहेको छ । जुन देशमा अन्धानुकरण नै एउटा मूल्य बन्न थाल्यो सोच्नुस् - त्यो देशको आत्माको मृत्यु भइरहेको छ ।

भूमण्डलीकरणका समर्थकले सोचेका थिए कि नयाँ उदार अर्थ व्यवस्थाले दुनियाँमा अपृथकता ल्याइदिनेछ, सामुदायिक कट्टरतावाद व्यर्थ हुनेछ र मानिस स्वतन्त्र उपभोक्ता भएर विश्वग्राम बनाउँने छौं तर के देखिदै छ भने उपभोक्तावादले सामुदायिक कट्टरतावाद मेटाउन सकिरहेको छैन र उसको भूमिका सुखका केही द्वीप रचना गर्न मै सीमित भएको छ । उभोक्तावादको प्रभाव यति धेरै छ कि अब आमाहरु नानी होइन ग्राहक जन्माउँछन् । उपभोक्तावादी समाजमा तर्कको ठाउँमा मजाले लिएको छ । उपयोगिताभन्दा बढी महत्वपूर्ण कृत्रिम इच्छाहरु हुँदै छन् । केही उपभोग गर्नु र उपभोक्तावादमा फरक छ । उपभोक्तावादले समाजलाई उन्मत्त भुण्डमा फेरिदिन्छ जुन कुरा आज धर्म, राजनीति र बजार हरेक ठाउँमा देखिन गर्छ । मान्छेको वैयक्तिकता समाजमा सम्भव छ, भुण्डमा होइन । उपभोक्तावादको एउटा भूमिका उच्च क्लासिक संस्कृति र लोक संस्कृति बिचको भिन्नता मेटाउने हो यसले दुवैलाई उपभोगका वस्तुमा फेरिदिन्छ । यसरी उपभोक्ता संस्कृतिको अङ्ग बन्नु भनेको राष्ट्रिय संस्कृतिबाट टाढा हुनु हो । यो लोक संस्कृतिका आदर्शबाट पनि विच्छिन्नता हो ।

उत्तर आधुनिकता नव जागरण (रेनेसाँ) को आधुनिकता विरोधी मानिन्छ । यो 'इतिहासको अन्त', बहुकेन्द्रिकता, अस्मिताको रजानीति, अपरम्पराहरुका बहुलताको धारणहरु लिएर आएको थियो । प्रश्न हो - उत्तर आधुनिकताले जुन विकेन्द्रित विश्व र बुहलतावादको दुहाइ दिन्छ, के त्यसलाई भूमण्डलीकरण र उपभोक्तावादले असम्भव बनाइ दिएन ? भूमण्डलीकरण एक ध्रुवीय हो । पश्चिमबाट केही लिनु, सिक्नु गलत होइन तर जीवनका सारा तौर तरिकाहरु र पुरा जीवन संसार यही पश्चिमी भइ दिनु, अमेरिकी भइ दिनु त एक ध्रुवीय भूमण्डलीकरण या अमेरिकी संस्कृतिको भूमण्डलीकरण हुनु हो । उपभोक्तावादले उत्तर आधुनिकतावादलाई अमेरिकी सर्वसत्तावादमा फेरिदिएको छ । तपाईं कुनै पनि नृत्य हेर्नुस एउटै ढङ्गको, कुनै पनि सङ्गीत सुन्नुस, एकै खालको । सबै खिचडी मनोरञ्जन एउटै खालका । धर्मबाट मनोरञ्जन र प्रेम पनि केवल मनोरञ्जन, शिक्षाबाट मनोरञ्जन र प्रेम पनि केवल मनोरञ्जनका लागि । आज मनोरञ्जन र मजा बिना केही पनि सम्भव छैन । सैब ठाउँ एकै जस्तो, 'फास्टफुड'को एक जस्तो स्वाद । कुनै लोकप्रिय मेन्यु हेर्नुस्, एक जस्तो मसला । अर्थ व्यवस्थामा एक जस्तो खुल्लापन र उस्तै लुट । सारा स्वर्ग पनि एक जस्तो । एक जस्तो यान्त्रिक हाँसो । बहुलता आज कहाँ छ ? खै विकेन्द्रीकरण ?

नव जागरणको एसियाली सन्दर्भमा हामी एक रेखीयता, कुनै तर्कधाराको स्थिति पाउँछौं । जति मत उति पथ । पश्चिम भन्दा अन्यत्र अलग - अलग ठाउँमा नव जागरण अलग अलग बाटोबाट आएको थियो । आज बहुलताका लागि स्पेस साँघुरिँदै गएको छ र नयाँ एक केन्द्रवाद मौलाउँदो छ । सर्वसत्तावादी प्रवृत्तिहरु समाजमा ठुलो मात्रामा रहेका छन् भन्ने देखिन्छ । यो हो उत्तर आधुनिक परिदृश्य । त्यसैले भन्न मन लाग्छ - उत्तर आधुनिक महाशय ! पहिले अलिकति आधुनिक त बन ।

उत्तर आधुनिकतावाद र निर्बुद्धिपरकताको ब्यापक गठबन्धन विपत्तिजनक छ । आज दुनियाँमा 'सांस्कृतिक एकरुपता-सामाजिक भिन्नता'को दृश्य देख्न सकिन्छ । राष्ट्रिय आत्म पहिचानका लागि जहाँ पश्चिमबाट भेद हुनुपर्छ, त्यहाँ अभेद देखिएको छ । यो बौद्धिक 'पुनःउपनिवेश' हो । राष्ट्रिय स्तरमा जहाँ भेदमा अभेद हुनु पर्छ त्यहाँ भेदवाद अथवा राष्ट्रिय विखण्डन छ । यो पुरानो सामन्ती रुढिहरुको पुनरुत्थान हो । यसको अर्थ हो - उत्तर आधुनिकतावादको आवश्यकता छैन । हामीलाई के आवश्यक छ भने आधुनिकताका अपुरा परियोजना पुरा गरियुन । नव जगारणमा अपुरा परियोजना पुरा गरियुन र राष्ट्लाई बढी समावेशी बनाइयोस । हामी विश्व बजारमा उभिएका छौं । ग्लोबल मानिस हौं । तर हाम्रो विश्व मन होइन । यो जाति मन हो, धार्मिक मन हो, क्षेत्रीय मन हो । हामी हाम्रा भक्त कविहरुलाई जान्दछौं । तिनीहरु भानुभक्त हुन या तुलसीदास । उनीहरुको सिद्धान्त थियो - 'एक्ट ग्लोबली, थिंक ग्लोबली' । आज त्यो ठिक उल्टिएको छ - 'एक्ट ग्लोबली, थिंक लोकली' । यसले एकातिर सुखवाद र अर्कोतिर सङ्कीर्णवाद मौलाउँछ जुन राष्ट्रिय सङ्कट हो । जनावर र मान्छेमा फरक के छ भने जनावर त्याग गर्दैन केवल भोग गर्छ । विश्वमा मुक्त आचरण, मनोरञ्जन र फास्तफुडको ठेगाना बढेका छन् । मान्छे सुखमा नाकसम्म डुब्न चाहन्छ । यस्तो सुख विचारमा धमिरो हो । यदि जीवनमा थोरै दुःख छ या अरुको दुःखको थोरै मात्र अनुभूति बचेको छ भने तब मात्र जीवनमा विचार बाँच्ने छ ।

आज शिक्षाको अर्थ साँगुरिएको छ । शिक्षाको अर्थ प्राविधिक कुशलता हासिल गर्नु हो । प्रबन्धनको कुशलता हासिल गर्नु हो । डाक्टर र प्रविधिज्ञ बनेर खुप कमाउनुहोस्, खुप किन्नुहोस, खुप मोज मजा गर्नुहोस । आज शिक्षाको अर्थ केटाकेटीका दिमागलाई सूचनाको बाकस बनाइ दिनु हो । आज शिक्षाको अर्थ मनुष्यता सिक्ने होइन । ज्ञान त आज सूचना र 'हुनर'मा सीमित भएको छ । अलि अघि बढेर भनौं - ज्ञानको अर्थ भएको छ चतुर्याइँ ।

हाम्रो संस्कृति के हो ? कसरी बनेको छ ? दुनियाँका अन्य संस्कृतिहरुसँग यसले कुन चाहिँ सारवान् चिज लिएको छ र आफ्ना अतीतको कुन चाहिँ निकृष्ट चिज छोडिदिएको छ ? यी विषयमा सोच्न हामीले करिव करिव छोडिदिएका छौं । हामी जे छौं, पछिल्लो इतिहासका देन हौं - यसमा सन्देह छैन । हामीले चाहेर पनि इतिहासमा भएका अन्यायहरुबाट हाम्रो समाजलाई मुक्त गर्न सक्छौं । हामीले आफ्नो संस्कृति बचाउनका साथै सांस्कृतिक सुधारको अभियान पनि थाल्नु पर्छ ।

हामी जब संस्कृतिका बारेमा कुनै कुरा सोच्छौं, पहिलो प्रश्न संस्कृतिलाई कुन नजरले हेर्ने भन्ने हुन्छ । तिन दृष्टि छन् - सत्ताको, शास्त्रको र लोक दृष्टिको । हाम्रो प्राचीन सांस्कृतिक निर्माणमा यी तिन वटैको जमघट होस, तिनैको लुकिछिपी होस् । फेरि पनि भन्न सकिन्छ कि दुनियाँका सबै संस्कृतिमा जो उत्कृष्टम छ, त्यो सत्ता विमर्श र शास्त्रीय विमर्शबाट होइन लोक विमर्शबाट आएको हो । आम जन जीवनबाट आएको हो । आमजनका संस्कृतिमा उदात्तता छ । तिन अरु महत्वपूर्ण क्रम पनि छन् - निरन्तरता, समावेशिता र नवन्मेषशीलता । निश्चय पनि हाम्रो संस्कृतिका उच्च परम्पराहरु बारम्बार अवरोधका सिकार भएका छन् । जस्तो आज भूमण्डलीकरणको उत्तर आधुनिक परिदृष्यमा सिकार भएका छन् तर भन्न सकिन्छ - कुनै पनि महान् संस्कृतिका गुणहरुलाई अन्तिम रुपले कहिल्यै मेटाउन सकिँदैन ।

आज सत्ता राजनीति, नयाँ समाज वैज्ञानिक अध्ययन तथा उत्तर औपनिवेशिक सिद्धान्तहरुका बलमा संस्कृतिलाई लडाउने निर्जीव औजारमा रुपान्तरित गरिँदै छ । हाम्रा सामु चुनौती के छ भने कसरी त्यसलाई लडाइँ गर्ने राष्ट्रिय औजारमा फेर्ने ? आज जब चौरैतिर धर्मकर्म र संस्कृतिको स्वर सुनिन्छ, सब भन्दा बढी धर्म र संस्कृति नै सङ्कटमा छ । एक जमाना 'लो टेक्नोलोजी हाइ कल्चर'को थियो । आज 'हाइ टेक्नोलोजी लो कल्चर' छ । टेक्नोलोजी उच्चबाट उच्च छ तर संस्कृति निम्नबाट निम्न ।


पश्चिमको एउटा देन छ - ओरियन्टालिजम् । यो पूर्वका बारेमा पश्चिमका लेखक-बुद्धिजीविहरुको दृष्टिकोण हो । एडवर्ड सइदले यसबारे धेरै लेखेका छन् । युरोप केन्द्रीत सोचका पौर्वत्यवादी लेखकहरुले बारम्बार यो धारणा ब्यक्त गरेका छन् कि पूर्वका देश साहित्य, संस्कृति र जीवन मूल्यहरुमा पिछडिएका छन् । यी असभ्य छन् । यिनलाई औपनिवेशिक प्रभुत्व र पश्चिमी जीवन शैली आवश्यक छ । ओरियन्टालिज्मबाट प्राभावित बुद्धिजीवि हुन या सबाल्र्टन कल्चरको धारणा राख्ने बुद्धिजीवि - दुवैले साम्राज्यवादी हस्तक्षेप र एक ध्रुवीय भूमण्डलीकरणको विरोध गर्दैनन् । यिनीहरु जातिवाद, सामुदायिक कट्टरवाद र अन्ध राष्ट्रवादको विरोध गर्दैनन् । आज जुनसुकै उत्तर औपनिवेशिक सिद्धान्तलाई हेर्नुस्, ती आफ्नो काँधमा बन्चरो बोकेर हिँड्छन् - कुन रुखबाट कुन हाँगो काटेर अलग गर्ने भन्दै । हामीले निश्चय पनि स्त्री, दलित र अशक्त इलाकाका समस्याहरुलाई गम्भीरतापूर्वक लिनु पर्दछ । यो आजको युगको नयाँ साम्राज्यवादले पनि बुभ्नु पर्छ । निश्चय नै सामुदायिक उत्पीडनलाई समाप्त पार्ने कुरासँगै साम्राज्यवादका विरुद्ध राष्ट्रिय एकता पनि एउटा आवश्यक चिज हो । बञ्चरो वा सियो के छ तपाईंसँग ?

आज संस्कृति एउटा महत्वपूर्ण प्रश्न बनेको छ । कुनै पनि ठुलो सामाजिक परिवर्तन संस्कृतिमा परिवर्तन बिना, सांस्कृतिक सोचमा रहेका रुढिवादी, ब्यक्तिवादी तत्वहरुको समाप्ति बिना सम्भव छैन । यहाँ भाषाको पनि प्रश्न उठ्छ । के अङ्ग्रेजी वर्चश्वका अगाडि आफ्नो मातृभाषाको प्रतिष्ठा बिना हामी आफ्नो संस्कृति बचाउन सक्छौं ? यतिखेर चारैतिर एउटा ब्यापक सांस्कृतिक विपर्यय आएको छ । देख्न सकिन्छ - फेसबुक या ब्लगले मान्छे मान्छे बिच कनेक्सन त बनाउँछ तर रिलेशन होइन । कर्पोरेट घरानियाँहरु संस्कृतिको एउटा नयाँ परिभाषा दिन्छन् र गुलामीको आनन्द सिकाउँछन् । निस्सन्देह हामीले यो भूमण्डलीकरणको युगमा बहुराष्ट्रिय कम्पनीहरुका ठुला ठुला विकासहरुलाई रोक्न सक्दैनौं तर ती विकासहरुमा आफ्नो राष्ट्रिय संस्कृति निमिट्यान्न पार्ने कुरा त बचाउन सक्छौं नि । यो चुनौती स्वीकार गर्नै पर्ने छ ।

## कविता

हुचरा

### म नीति मुखि !



नीति मुखि !
म कति नीति मुखी ?
अस्ती !
म निकै आदर्शवादी थिएँ, आदर्श छाट्नसम्म छाटें
कसैको मजबुरी मेरो ओछ्यान बन्यो,
कसैको स्वार्थ, कसैको खाली पेट मेरा लागि
अगाडि बढ्ने मार्गदर्शन बन्यो,
सिद्धान्त त मेरा लागि मागिखाने भाँडो बन्यो ।
हिजो !

अनेक स्वार्थ भिडाएर, भाई–भाई लडाएर
मौरीको घार जस्तै मानव घार निर्माण गरें,
त्यो घारलाई समृद्धिको सपना बाँडें ।
कसैले पनि म माथि अनविश्वास गरेनन्
एकचुङ्कीमा जीवन आहुती गर्न कोही पछि हटेन ।
यसैको आडमा म सबैभन्दा ठुलो शेर बनें,
त्यो शेरले भ्याएसम्म धनार्जन गरें,
मेरा अगाडि कोही बोल्दैनन्,
अनुपस्थितिमा स्याल पनि शेर हुन्छ,
मेरो पेशामा जति आलोचना भयो
उति विज्ञापन हुन्छ ।
आज,
म शेर भएको छु,
सबैले मेरो चमत्कारको प्रसँशा गरिरहेका छन् ।
हुन पनि देशी हुन् वा विदेशी
मेरै इशारामा नतमस्तक भएका छन् ।
कोहीकोही भन्छन्, मैले सिद्धान्त छाडें आरे
यत्रा मानिस पछिलाग्नु पनि त एउटा सिद्धान्त नै हो
बुद्धिमान देखि बुद्धुसम्म मेरा अघिपछि
लागिरहेका छन् ।
भोलि,
भोलिको भरोसा कसले गरेकोछ र ?
अस्ति जसरी बित्यो, हिजो पनि त्यसैगरी
भोलि बित्न के को आइतवार ?
विचार र सिद्धान्तका कुरा त विद्वान र बुद्धुलाई
देखाउने दाँत मात्रै हो
जसले हान्यो, उसैले जान्यो ।
कि कसो हो ?

## परिवर्तनका आवाजहरू

✍ भवानी खतिवडा



बर्सै र दिनमा रमाउँदै आयो तिजैको लहर
नखोजौं खुसी औकातभन्दा हौसिने रहर ।
आफूमा जस्तो गच्छे छ त्यस्मै रमाऊँ खुलेर
ज्ञानको दियो बालेर रमाउँ दुःखलाई भुलेर ॥

पौरखी बनौं कर्मको ढोका मिलेर उघारौं
जोसिलो पाइला बढाउँदै जाऊँ हिम्मत नहारौं ।
फाटेका चोली चुहिने भुप्रा हेरेको हेर्यै छन्
पैसाका धनी देशै र भरि रमेका रम्यै छन् ॥

संस्कृति भुल्दै विकृतिसँगै भुल्नलाई सिकेछौं
ज्ञानको खोजी गर्नुमाभन्दा स्वाङमा बिकेछौं
दासता रुपी साङ्लोमा छौं कि मनले गुन न
अर्कोको धुनमा रम्दछौं हामी बाँसुरी सुन न ॥

फजुल खर्च गरेर माया सद्भाव बाँडिन्न
ज्यादै छ प्यारो संस्कृति हाम्रो भाँडेर भाँडिन्न
घिन लाग्ने शब्द गीतमा बज्दा मन दुख्छ कटक्क
किन पो होला लोक गीतलाई बिर्सेको चटक्क ॥

गहना, धन, महिनौं भोजको विकृति फालेर
उघारी हेर ज्ञानको बत्ती सबैले बालेर ।
चेतना रुपी गहना लगाऊ यो सृष्टि हाँस्ने छ
समस्याहरू मासिदै जान्छन् हिम्मत बढ्ने छ ॥

चौरासी भोज खाएर मात्रै मित्रता गाँसिन्न
स्वदेशकै व्यञ्जन खाएका हाम्रो संस्कृति मासिन्न ।
सम्झेर हेर आमाले तिज कसरी मनाउँथे
विदेशी धुन के बज्नु त्यहाँ सँस्कृति सजाउँथे ॥

पराईको देशमा पसिना पोख्छौ यो माटो रुँदैछ
मोतीका दाना उठाउन यहाँ अबेर हुँदैछ ।
सिर्जना पोख्तै लेख र बेंसी तराई सजाऔं
भृकुटी सीता पासाङ बन्दै आमालाई हसाँऔं ॥

अरुको गाना कति हो गाउने आफ्नोलाई छाडेर
कसरी बाँच्ने यो मातृभूमि अरुलाई बाँडेर
मेची र काली हिमाल तराई जहाँ छौं हामी छौं
आफ्नो यो देशको सुरक्षा गर्न संसारमा नामी छौं ॥


## सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित हुन गइरहेको विचारप्रधान त्रैमासिक

**'वर्गबोध'**

छिट्टै बजारमा उपलब्ध हुने सहर्ष जानकारी गराइन्छ ।
प्रकाशन विभाग
वर्गबोध त्रैमासिक

## युगान्तकारी...

विश्वभरका श्रमीक सर्वहारावर्ग ज्यादै उत्साहित हुन पुग्यो ।

महान् रुसी अक्टुबर समाजवादी क्रान्ति उत्पीडित राष्ट्र र जनताका निम्ति आफ्नो मुक्तिको महान् अभियानमा एउटा महत्वपूर्ण प्रेरणाको श्रोत बन्न पुग्यो ।

त्यसपछि एशिया, अफ्रिका, युरोप, ल्याटिन अमेरिका लगायत विश्वका कैयन देशहरुमा एक पछि अर्को गर्दै कम्युनिष्ट पार्टीहरु निर्माण हुन पुगे जस्तै जर्मन कम्युनिष्ट पार्टी (१९१८), भारतमा- हिन्दुस्तान कम्युनिष्ट ग्रुप (१७ अक्टोबर १९२० रुसमा), भारतीय कम्युनिष्ट पार्टी (सन् १९२८), भियतनामी कम्युनिष्ट पार्टी (१९२०), मङ्गोलियन कम्युनिष्ट पार्टी (१९२०), चिनियाँ कम्युनिष्ट पार्टी (१९२१), जापनीज कम्युनिष्ट पार्टी (१९२२), फिलिपिन्स कम्युनिष्ट पार्टी (१९२४), इन्डोनेसियन कम्युनिष्ट पार्टी (१९२१), युगोस्लाभ कम्युनिष्ट (१९१९), बुल्गेरियन कम्युनिष्ट पार्टी (१९१९), हङ्गेरियन कम्युनिष्ट पार्टी (१९१८) भए । त्यसैगरी, इटालियन कम्युनिष्ट पार्टी (१९२१), बर्मिज कम्युनिष्ट पार्टी (१९४३), पेरुभियन कम्युनिष्ट पार्टी (१९२८), साउथ सिज कम्युनिष्ट पार्टी (१९२८)- यसलाई १९३० मा मलाया कम्युनिष्ट पार्टी भनियो । कोरियन वर्कस पार्टी (१९२५), इराकी कम्युनिष्ट पार्टी (१९३४), नेपालमा नेपाल कम्युनिष्ट पार्टी वि.सं. २००६ साल वैशाख ९ गते (२२ अप्रिल १९४९ भारतमा) ।

पूर्वी युरोपका २० औं देशहरुमा सोभियत मोडेलको समाजवादको स्थापना गरियो । चीन, उत्तर कोरिया, भियतनाम, कम्बोडिया लगायतका देशहरुमा जनवादी तथा समाजवादी क्रान्तिहरु सम्पन्न भए ।

**अक्टुबर क्रान्तिबाट लिनु पर्ने शिक्षा**

यद्यपि लेनिनको नेतृत्वमा बोल्सेविक पार्टीले सोभियत रुसमा महान अक्टुबर क्रान्तिद्वारा निर्माण गरिएको समाजवादमाथि प्रतिक्रान्तिकारीहरुद्वारा प्रति क्रान्ति भएर त्यहाँ पुनः पुजीवादीको राज्यव्यवस्था स्थापना हुन पुग्यो । त्यसपछि घटनाले विश्वसमाजवादी शिविरमा ठूलो क्षति पुऱ्यायो र पूर्वी युरोप, चीन, भियतनाम, उत्तर कोरिया, कम्बोडिया लगायतका देशमा पनि प्रति क्रान्ति भएर तर पनि आज १०० वर्ष पछि पनि महान् रुसी अक्टुबर समाजवादी क्रान्तिको महत्व र सान्दर्भिकता उत्ति नै प्रेरणाको श्रोतका रुपमा रहेको छ ।

महान् लेनिनले नै परिभाषित गर्नु भएको आजको युग साम्राज्यवाद र सर्वहारावर्ग बीचको भीषण संघर्ष युग हो । सर्वहारावर्गले विश्वक्रान्ति सम्पन्न गर्ने काम त बाँकी नै छ । त्यस अघि एशीया, अफ्रिका, युरोप, ल्याटिन अमेरिका लगायत विश्वभरका उत्पीडित राष्ट्र र जनताले आ-आफ्नो देशको विशेषतामा आधारित रहेर मालेमावादको पथप्रदर्शन र मार्ग निर्देशनमा क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुले मुक्ति आन्दोलन तथा क्रान्ति सम्पन्न गर्ने काम पुरै बाँकी छ । यसका लागि अक्टुबर क्रान्तिबाट शिक्षा लिन जरुरी छ ।

नेपाल त भन आजसम्म पनि अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामै छ । यहाँ गरिने नया जनवादी क्रान्ति आम जनविद्रोह र सशस्त्र जनविद्रोह मार्फत पनि गर्न सकिने अवस्था रहेकाले मतान रुसी अक्टुबर क्रान्तिको शिक्षा लिन जरुरी छ नै ।

हुन त नेपालमा रसियन मोडेल र चिनीयाँ मोडेल बाहेक अर्को नेपाली विशेषतामा आधारित मोडेल अवलम्बन गरेर महान नेपाली जनवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ, तैपनि महान रुसी अक्टुबर समाजवादी क्रान्तिको महान शिक्षा ग्रहण गर्ने सवालमा पूर्णरुपमा उदासीन बन्न मिल्दैन । त्यसबाट शिक्षा लिन जरुरी छ ।

## देशको...

त्यसलाई रोक्न भारत समक्ष अनुरोध र सहयोग मागेकाले आफ्ना सैनिकहरु त्यस स्थानमा पठाएको बताएको छ भने अर्कातर्फ दोक्लाम क्षेत्र पूर्वोत्तर भारतका सातवटा राज्यहरुलाई भारतको मुख्य भूमिसँग जोड्ने पश्चिम बंगाल राज्यको उत्तरमा रहेको कुखुराको घाँटी (चिकन नेक) भनिने सिलगुढी क्षेत्र नजिक पर्ने भएकाले आफ्नो सुरक्षामा खतरा उत्पन्न हुने गएकाले त्यस्तो कदम चाल्नुपर्ने भएको बताउँदै आएको छ । तर चीनले भने त्यो क्षेत्र चीन र भूटानको सीमावर्ती स्थानमा भएकोले त्यो उनीहरुको द्विपक्षीय मामिला भएको र कुनै देशले आफ्नो सीमाभित्र सडकलगायत विकास निर्माणको कार्य गर्दा अर्को देशमा सुरक्षा खतरा उत्पन्न हुन्छ भनी तर्क गर्नु हास्यास्पद भएको बताउँदै आएको छ । त्यसैले चीनले भारतले गरेको कार्यलाई हस्तक्षेपकारी र अतिक्रमणकारी भएको भनेको छ ।

चीन र भारतका बीचमा हजारौं किलोमिटर लामो सिमाना जोडिएको छ, जुन पश्चिममा काश्मिरदेखि लिएर पूर्वमा अरुणाञ्चलसम्म (त्यस बीचमा पर्ने नेपाल चीन सीमालाई छोडेर) तन्केर गएको छ । त्यति लामो स्थल सिमा जोडिएर रहेका दुई निकटतम छिमेकी देशहरुका बीचमा सीमाको वैज्ञानिक नियमन हुन सकेको छैन र टुंगो लाग्न सकेको छैन । उनीहरुले दुई देशबीचका सीमालाई छुट्याउनका लागि वास्तविक नियन्त्रण रेखा (याक्चुअल लाइन अफ कन्ट्रोल) भन्ने पदावली प्रयोग गर्दै आएका छन् ।

आठ वटा दक्षिण एशियाली देशहरुमध्ये अफगानिस्तान, पाकिस्तान, भारत, नेपाल र भूटान गरी पाँच वटा देशहरुसँग चीनको स्थल सिमा जोडिएको छ । जबकि भारत स्वयंको पाकिस्तान, नेपाल, बंगलादेश र भूटान गरी चार वटा दक्षिण एशियाली देशहरुसँग स्थल सिमा जोडिएको छ । आफ्नो स्थल सिमा जोडिएका दक्षिण एशियाली देशहरुमध्ये अफगानिस्तान, पाकिस्तान र नेपाल गरी तीनवटा देशहरुसँग चीनको सीमा विवाद रहेको देखिदैन । चीन र भूटानले दुई देशबीचका सिमानालाई टुंगो लगाउन विगतमा धेरै चरणमा वार्ता, संवाद गर्दै आएको अवस्थामा भारत त्यसबाट असन्तुष्ट रहेको थियो । त्यसको परिणामस्वरुप यस अगाडि भूटानमा भएको आम निर्वाचनमा तत्कालीन प्रधानमन्त्री जिग्मे वाई थिन्लेको सरकारविरुद्ध नाकाबन्दी गराएर उनको पार्टीलाई निर्वाचनमा पराजित गराउने भूमिका भारतले नै खेलेको थियो । अहिले भूटानमा भारतपरस्त अर्थात् समर्थित सरकार सत्तामा रहेको छ ।

भूटान संयुक्त राष्ट्रसंघको पूर्ण सदस्यता प्राप्त देश भैसकेर पनि उसले एउटा स्वाधीन र स्वतन्त्र राष्ट्रको हैसियतमा विकास गर्न नसकेको अवस्था रहेको छ । बेलायती साम्राज्यवादको औपनिवेशिक शासनबाट मुक्त भएपछि भारतले आफ्ना साना छिमेकीहरुप्रति त्यही पैरासतलाई कायम गर्ने प्रयत्न गऱ्यो र गरिरहेको छ । त्यसरी भारतबाट बेलायती शासनको अन्त्य भएपछि भूटान भारतको संरक्षित राज्यका रुपमा रहँदैआएको थियो । त्यसअनुसार भूटानको अन्तर ष्ट्रिय सम्बन्ध र राष्ट्रिय सुरक्षाको जिम्मा भारतले लिएको थियो । तर पछि आएर भूटान र भारतबीच भएको सन्धि/सम्झौतामा त्यो प्रावधानलाई हटाए पनि भूटानले संयुक्त राष्ट्रसंघका पाँचवटा स्थायी सदस्य राष्ट्रहरु संयुक्त राज्य अमेरिका, जनवादी गणतन्त्र चीन, संयुक्त अधिराज्य बेलायत, फ्रान्स र रुसी महासंघसँग कूटनैतिक र दौत्य सम्बन्ध कायम राख्न नपाउने प्रावधान राखिएको छ । त्यसैगरी भूटान एउटा न्यून सैन्य क्षमता भएको देश भएता पनि भूटानी सेनालाई सैन्य कला सिकाउन र तालिम दिन भनेर भारतीय सेना नियमित रुपमा आफ्नो सैन्य शिविर खडा गरेर बसिरहेको अवस्था रहेको छ । भूटानले त्यो अवस्थाबाट मुक्त हुने प्रयास गरेता पनि सफल हुन सकेको छैन ।

दुई महिना अगाडि चिनियाँ जनमुक्ति सेनाले चीन र भूटानको सीमावर्ती क्षेत्र दोक्लाममा सडकलगायतका विकास निर्माणका पूर्वाधार बनाउने कार्य सुरु गरेपछि एक्कासी भारतले आफ्ना सेनालाई त्यसप्रकारको निर्माण कार्य बन्द गराउने गरी उपस्थित हुन पठायो । त्यसपछि चिनियाँ र भारतीय सेनाका बीचमा हतियारबद्ध लडाइँ नभएता पनि दुवै पक्षका सेनाहरुका बीचमा शारीरिक रुपले धकमुक्का गर्ने कार्य भएको थियो । चीन र भूटानको दुई देशीय सीमा भएकाले भारतीय सेना पठाउनु सिधै तेस्रो पक्षको उपस्थिति हुनु हो । चीनले त्यसलाई आफ्नो सार्वभौमिकता एवं भौगोलिक अखण्डतामाथिको अतिक्रमण भएको भनेको छ र त्यहाँबाट भारतीय सेना फिर्ता नभएसम्म वार्ता-संवाद हुनै नसक्ने बताएको छ भने भारतले दुई पक्षका सेनाहरु पहिलेको अवस्थामा फर्किनुपर्ने बताएको छ ।

दोक्लाम विवादका सम्बन्धमा चीनले लिएको नीति जायज देखिन्छ भने भारतले आफू फस्न पुगेको महसुस गरेको बुझ्न सकिन्छ । त्यसैले अहिले उक्त कार्य भारतका लागि इज्जतको सवाल (प्रेष्टिज इस्यु) जस्तो बन्न पुगेको छ । चीनले उक्त समस्याको शान्तिपूर्ण समाधान खोजेको बताएको छ र साथसाथै युद्धको अवस्था आएमा भारतले लज्जास्पद अवस्था बेहोर्नुपर्ने धम्की दिएको छ भने भारतले आफ्नो स्थिति पनि कमजोर नभएको र नडराउने बताएको छ ।

चीन र भारतका बीचमा सन् १९६२ मा सिमानाकै विवादलाई लिएर संक्षिप्त युद्ध नै भएको थियो र उक्त युद्धमा चीनले भारतलाई नराम्रोसँग पराजित गरेको थियो । अहिले पनि चीनले दोक्लाम नजिकको तिब्बती क्षेत्रमा सैन्य अभ्यास गरिराखेको र आफ्नो सैन्य उपस्थिति मजबुत बनाएको बुझिन्छ । त्यस्तो अवस्था भए पनि दुवै देशका बीचमा पूर्णयुद्ध (फुल वार) हुने सम्भावना भने कम नै देखिन्छ । त्यसैगरी चीनले भारतलाई आफूले पनि नेपालको कालापानी र पाकिस्तानको काश्मिरमा भारतले जस्तै दलिल दिएर आफ्नो सेनालाई उपस्थित बनाएमा भारतको अवस्था के होला भन्ने बुझ्न पनि चेतावनी दिएको पाइन्छ ।

नेपाल चीन र भारतको बीचमा अवस्थित भए पनि नेपालको सिमाना चीनभन्दा भारतसँग लामो रहेको छ । चीनसँग नेपालको सीमा निर्धारण टुंगो लागि सिकेको छ भने भारतसँगको सीमा क्षेत्र अधिकांश सुगम भए पनि टुंगिसेको छैन । नेपालको भूभाग कालापानीमा त भारतीय सेनाले आफ्नो शिविर कायम गरेर बसिरहेको छ । राजा महेन्द्रले आफ्नो निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाप्रति भारतीय शासकवर्गको समर्थन प्राप्त गर्न कालापानीमा भारतीय सेना राख्न दिएका थिए । अहिले चीन र भारतबीचको सीमा विवाद नेपालको सीमाभन्दा टाढा रहेको भएता पनि त्यसबाट नेपाल पनि प्रभावित नभई रहन सक्दैन । तर नेपाल सरकारले लामो समयपछि आफ्नो प्रतिक्रिया दिँदै चीन-भारत सीमा विवादमा तटस्थ रहने बताएको छ ।

नेपाल एउटा सार्वभौमसत्ता सम्पन्न र आफूलाई स्वाधीन दावी गर्ने देशको सरकारले आफ्ना छिमेकीहरुका बीचमा विवाद चर्केको अवस्थामा तथ्यका आधारमा सहि के हो र गलत के हो भन्ने कुरा स्पष्टसँग राख्नुपर्दछ । तर सरकारले त्यसो गर्न सकेन । त्यति मात्र होइन यसभन्दा अगाडि नेपालको कालापानी क्षेत्रलाई चीनले समेत नेपाल-भारत-चीनको त्रिपक्षीय सीमा क्षेत्र (ट्राइजंक्सन)को मान्यता दिएर भारतसँग व्यापार तथा पारवहन सम्झौता गरेर नेपालको हितविरुद्ध कार्य गर्दा पनि नेपालको सत्ता र सरकारले त्यसको विरोध नगरी हुतिहारा, लाछी र कायरपना देखाएको छ । चीनले भने त्यो मामला नेपाल र भारतको द्विपक्षीय मुद्दा भएको बताउँदै आएको छ । चीन नेपालको एक असल छिमेकी राष्ट्रको हैसियतले त्यसो गर्नु सही काम थिएन र होइन । नेपालको राजनीतिक इतिहासमा राणा शासन, राजाको पञ्चायती शासन हुँदै अहिलेसम्म आउँदा पनि सत्ता र सरकारमा रहने वर्ग र पक्षले राष्ट्रघाती कार्यलाई घटाउनेभन्दा बढाउँदै लगेको तथ्य जगजाहेरै छ ।

## पीडितको...

किरण विज्ञप्ति जारी गर्दै पार्टी पंक्तिलाई पीडितको उद्धारमा खटिन आग्रह गरेका हुन् । अध्यक्ष किरणद्वारा जारी वक्तव्यमा भनिएको छ, 'केही दिनदेखि परिरहेको अविरल बर्षाका कारण बाढी, पहिरो र डुवानमा परी मुलुकका विभिन्न भागमा ठूलो धनजनको क्षति हुन पुगेको छ । प्राकृतिक प्रकोपको यस दुःखद् घडीमा हाम्रो पार्टी मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ र शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ । साथै, घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ । यस विपदको घडीमा हाम्रो पार्टी पंक्तिलाई पीडितहरुको उद्धारको कार्यमा लाग्न हार्दिक अपील गर्दछ ।'

वक्तव्यमा घाइतेको उपचार, पीडितलाई राहत तथा पुनर्स्थापनाको तत्काल यथोचित व्यवस्था गर्न सरकारसँग जोडदार माग समेत गरेको छ । वक्तव्यमा तराईका अधिकांश जिल्लामा नेपाल-भारतको सीमामा भारतले एकतर्फी रुपमा निर्माण गरेका बाँध र निर्माण गरेको पक्की सडकका कारण डुवानको समस्या विकराल बनेको भन्दै अध्यक्ष किरणले डुवानकै कारण हजारौं परिवार विस्थापित हुन पुगेको उल्लेख गरेका छन् ।

उनले भनेका छन्, 'सीमा सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको उल्लंघन गर्दै नेपालको सहमति समेत नलिई भारतले एकतर्फी रुपमा बनाएका बाँध र सडकका कारण उत्पन्न समस्याको समाधानका लागि भारत सरकारसँग तत्काल आवश्यक पहल गर्न सरकारसँग हाम्रो पार्टी जोडदार माग गर्दछ ।'

## देशभर...

मृत्यु हो ।

मृत्यु हुनेमा चार पुरुष र दुई महिला छन् । जीपका चालक र अर्का एक व्यक्ति भने पौडिएर ज्यान बचाउन सफल भएका छन् । झाँक्र, बागमती, लाल बकैया र चादी नदीमा आएको बाढीले गौर, गरुडा र चन्द्रपुर नगरपालिका डुबानमा परेका छन् ।

लालबकैया नदीको बहाव उच्चबिन्दुमा पुगेपछि करुनिया र देवाहीसहित आधा दर्जन स्थानमा तटबन्ध भत्किएको छ । गौर चन्द्रनिगाहपुर सडकखण्डको सखुअवामा समेत बाढीले १० मिटर सडक कटान गरेको प्रहरीले जनाएको छ ।



दैनिकी दुर्वाच्य... रामचन्द्र हुमागाई

# आखिर जनताको हातमा अमिलो लड्डु

**साउन २३ गते ।** 'स्थानीय तहको निर्वाचनपछि मुलुकले पक्कै तरक्की गर्छ' भन्ने विश्वास बोकेका जनता फेरि निराश भएर हातमा अमिलो लड्डु लिएर बस्न बाध्य भएका छन् । यो निराशा पलाउनुको कारण स्थानीय जनप्रतिनिधिको बगालालाई तलब, भत्ता, विदेश भ्रमण भत्ता जस्ता बिलासिताको सुविधाका लागि सरकारी खजान्ची खानामा एकमुस्ट दावी गर्नु । यो भन्दा अगाडि भू.पू. राष्ट्रपति देखि प्रधानमन्त्रीसम्मको सुविधा बढाउने तयारी भैसकेको छ । विधायकहरूले ' आफ्नै हात जगन्नाथ' भने झैं सुविधा हासिल गरिसकेका छन् र सबैभन्दा बढी भ्रष्टाचार पनि यही वर्गबाट भैरहेको छ । के स्थानीय तहका पदाधिकारीले तलब-भत्ता पाउँदैमा भ्रष्टाचार गर्दैनन् भन्ने कुनै ग्यारेण्टी छ छ र ? ढुकुटीमा आम्दानी कसरी बढाउने भनेतिर कसैको ध्यान छैन, जनताले तिरेको कर र विदेशीले गरेको सहयोगमा रजाइँ गर्ने गणतन्त्रले के नेपालको उन्नति होला ?

**साउन २४ गते ।** विगत ५० वर्षयता विश्वका कैयन मुलकुहरूमा परिवर्तन आयो । पूर्वी एशियामा त यो परिवर्तनले पल्टा नै खायो, जस्तो चीन, मलेसिया, सिंगापुर र कोरियालाई मात्रै लिंदा पनि पुग्छ । यो परिवर्तनको हावा नेपालमा पनि नलागेको होइन तर नेपालमा ठोकिएको परिवर्तनको हावा दिल्लीमा गएर रोकिने गरेको छ, दिल्लीमा पानी पर्दा नेपाली नेताहरू काठमाडौंमा छाता ओढ्ने गरेका कारण नेपालमा परिवर्तनमा अवरोध भैरहेको एकातिर देखापरेको छ भने अर्कातिर परापूर्वकालका संस्कृति र संस्कारलाई निरन्तरता दिने आडम्बरी मानिसहरूका कारणले पनि परिवर्तनमा बाधा पुगिरहेको देखिएको छ, उधारणका लागि आज मनाइएको गाईजात्रा पर्व पनि हो, जसको नाता कुनै धर्म, संस्कृति र परम्परासँग जोडिएको पाईदैन । मल्लकालीन राजपरिवारले सुरु गरेको यो पर्व यतिबेला नेवारी संस्कारसँग गाँसिएको छ र यसले अनावश्यक धार्मिक संस्कारको पंक्तिमा उभिने प्रष्ट भैरहेको छ । यदि परिवर्तन नै गर्ने हो र मुलुकलाई अगाडि बढाउने हो भने यस्ता चाडपर्वहरूलाई सहजीकरण गरिनु आवश्यक छ ।

**साउन २५ गते ।** पञ्चायती कालरात्रीका खुँखार मण्डले कमल थापाको पार्टी रा.प्र.पा.ले नयाँ घोषणा गरेछ, 'हामीले सरकारलाई दिएको समर्थन फिर्ता लियौं' । ए बा ! बा ! मण्डलेहरूले कहिले राम्रो आम गरेका छन् र नेपाल सरकार वा जनताले विश्वास गर्ने ? कसलाई थाहा नभएको हो र ? कमल थापा किन बौलाए भनेर ? सधैं उपप्रधानमन्त्री मात्रै चाहिने, पार्टीले थापालाई काँधमा राखेर थामिरहनुपर्ने भएपछि जन्मदै जर्नेल दर्ज्यानी पदवी पाएका राणा रामराज्यका एकमात्र बिरुवा पशुपति शम्शेर राणाको पञ्जामा परेपछि कमल थापा स्थनिएर अरु केही गर्न नसके पनि यति वक्तव्य जारी गरौं न भन्ने सोचमा पुगेछन् । तर, सत्यभित्र लुकेको वास्तविकता भने अर्कै छ । राणाले थापालाई लोप्पा ख्वाएर भए जति सांसद आफ्नो पक्षमा तानेपछि थापा एक्लै भएर वक्तव्य जारी गरेका हुन् ।

**साउन २६ गते ।** आजका दुईवटा समाचारलाई हाइलाइट गर्न गैरहेको छु, एक मेलम्चीको पानी काठमाडौं आउने कछुवाको कहानी र अर्को नेपाल आयल निगम घोटाला काण्डमा लज्जास्पद मौनताका बारेमा केही लेख्न गैरहेको छु । सिन्धुपाल्चोक जिल्ला मेलम्चीमा रहेको पानी काठमाडौं ल्याएर सिंगापुरमा झैं सडक पनि पखालिने हुँकार २०४७ सालमा नै तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले टुँडिखेलबाटै उद्घोष गरेका थिए तर 'मेलम्चीको पानी ल्याएर काठमाडौंकाकाकुल मार्गबाट बचाउनु पर्छ' भन्ने प्रस्ताव टंकप्रसाद आचार्य प्रधानमन्त्री हुँदै आएको अवधारणा हो । टंकप्रसाद आचार्य प्रधानमन्त्री भएको कतिवर्ष भयो आफैं हिसाब निकालौं । तर, विदेशी ठेकेदार र नेपाली सम्बन्धित निकायको सुनको फुल पार्ने चरी भएकाले गम्भीर भएर काम गर्नुको साटो म्याद थपिदै गएको छ । यसै वर्षको दशैंमा काठमाडौंका नागरिकलाई मेलम्चीको पानी उपहार दिने फोस्रो आश्वासन पनि फोस्रै भएको छ र सम्बन्धित निकायले अर्को दशैंमा मात्रै पानी काठमाडौं आउने म्याद सारिसकेका छन् । यो आश्वासन पनि बोकालाई कुभिण्डो हुने पक्का छ । किनभने पानी आउने टनेल प्लास्टर पनि भएको छैन । अर्को आयल निगमको जग्गा खरिद प्रकरणले त्यहाँका कार्यकारी प्रमुख गोपाल खड्का आयल निगमका ज्वाइँ नै सावित भैसकेका छन्, होइन भने ७० अर्बको घोटाला काण्डमा पनि मौनधारण गरिन्छ भने दोष कसलाई लगाउने ? कि यहाँ पनि दोषी नेपाली नै हुन् ?

**साउन २७ गते ।** पार्टीमा के.पी.को पकड जमेपछि माधवकुमार नेपाल निकै निराश थिए । आर.के.ले 'नलेखिएको इतिहासमा माधव नेपाल वाणिज्य बैंकका सुब्बा थिए' भनेर लेखिदिएपछि झापालीसँग आगो भएको उनैका आसेपासेहरूले बताइहँदा एकाएक उत्तर कोरियाको एउटा कार्यक्रममा प्रमुख अतिथिको भूमिका निभाउने निम्तो आएपछि परराष्ट्रको निर्देशनलाई पनि पैतालामुनी कुल्चिएर उत्तर कोरिया पुगेका नेपाल दोहोरो माखेसाँगोमा फसेका छन् । एकातिर पार्टीले स्पष्टीकरण सोध्ने तयारी गरिरहेको छ भने अर्कातिर उत्तरकोरियाबाट आउने आ.स.च.पु.को सुचीमा मधावको पनि मान रहेछ भन्ने चर्चाले काठमाडौंका गल्लीगल्ली तात्तिएका छन् ।

**साउन २८ गते ।** निर्वाचन आयोगले साउन मसान्तभित्र निर्वाचन कानुन निर्माण गरेर मिति तय गर्न सरकारलाई दवाव दिएपछि फास्ट्र्याकबाट नियम पास गराएर नियमावली जारी गर्न खोज्दा प्रधानमन्त्री शेरबहादुर देउवाले हस्तक्षेप गरेको समाचार बाहिर आएको छ । यस्तो किन भयो ? भन्दै खोजि गर्दा निर्वाचन सम्बन्धी नियमावलीको दफा १३ को (ड) मा भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन, तथा ओसारपसार, लागुऔषधी बिक्रीवितरण तथा निकासी पैठारी, सम्पत्ती शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य सजायँ पाई वा कुनै पनि कसुरमा जन्मकैद वा २० वर्ष वा सो भन्दा बढी कैदको सजायँ पाई फैसला अन्तिम भएको व्यक्ति उम्मेदवार बन्नपाउने प्रस्ताव गरेपछि प्रधानमन्त्री देउवाले विध्येयक नल्याउन दवाव दिएको बुझिएको छ । यस्तो अवस्थामा चुढामणि शर्मा, गोपाल खड्का लगायतका भ्रष्टाचारीले उन्मुक्ति नपाए कसले पाउने ? न्याय र स्वाभिमानका लागि १० वर्ष युद्ध लडेका नेपालीहरू निन्याउरो मुख लगाएर झोक्रिएका छन् ।

**साउन २९ गते ।** यो वर्षको साउन महिना नेपालीका लागि अफाप सिद्ध भएको छ । बाढी र पहिरोका कारण ३ दिनभित्र (शनिबार साँझसम्म) ३३ जनाको मृत्यु भैसकेको छ भने लाखौं मानिस घरबारविहीन भैसकेका छन् । सडकको सञ्जाल टुटेको छ भने यात्रुहरू अलपत्र परेका छन् । यो बाढीपहिरो आउने कुनै अप्रत्यासित प्रकोप होइन र पनि सरकार निरीह भएर मुकदर्शक बन्ने गर्छ । जनतालाई विपत् परेका बेला उद्धार कार्य गर्न नसक्ने सरकार के को सरकार ? सरकार कसका लागि सरकार ? भन्नै पर्ने भएको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-४२७०७०४, ४२७६३८१

तेह्रथुम सम्पर्क : डिल्लाराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर

फोन नं. : ०१-५१८७२५६

बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर

काठमाडौं - ९८६९८३३३९९

खलंगा - ९८५१२४९९४८

किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क

कृष्ण सुवेदी - ९८५१०१८९१२

राम के.सी. - ९८५१०५४२६४

होम छन्त्याल - ९८४९१९०६५७२

गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ

बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिबाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# डा.केसीको समर्थनमा उर्लेको जनलहर र यसले उब्जाएका प्रश्नहरु



● धनेश्वर पोखेल

भनिन्छ, सत्य पहिला-पहिलो एक्लो हुन्छ । ऊ सुरु सुरुमा असत्य, भुट र प्रतिगामी तथा यथास्थितिको घेरामा हुन्छ । सत्य ओकल्ने व्यक्तिमाथि असत्यको बौछार हुन्छ । ठूलो हमला हुन्छ र त्यसलाई हुर्कत नदिई समयमै भ्रुणहत्या गर्ने कुचेष्टा गरिन्छ । विज्ञानको प्रादुर्भाव हुँदा वैज्ञानिकहरुले पृथ्वी गोला छ भन्दा उनलाई बोलाहाको संज्ञा दिइयो । सूर्य अटल र यसलाई पृथ्वीले परिक्रमा गर्छ, पृथ्वी भौतिक वस्तुले बनेको छ भन्दा असत्यका पुजारीहरुले उनीहरुलाई फासी दिनेसम्मको हर्कत गरे । असत्यको दुनियामा सत्यको आवाज ओकल्नु आफैमा चुनौतीपूर्ण र एउटा महान् काम हो । समयको विकासक्रममा सत्यको विजय र असत्यको पराजय विज्ञानको नियम हो । मानव सभ्यताको विकास भएदेखि हालसम्मको इतिहासले यो तथ्यलाई पुष्टि गर्दै आएको छ । यो धर्तीमा एकदिन सत्यको राज हुनेछ र असत्य भुट, भ्रम र प्रतिगामी, यथास्थितिका पहाडहरु ध्वस्त हुनेछन् । असत्यका पुजारीहरुको एउटै चिहान बन्नेछ । यो तीतो यथार्थलाई कसैले नकार्न सक्नेछैन ।

स्वास्थ्य क्षेत्रमा देखिएको माफिया तन्त्रका विरुद्ध डा.गोविन्द केसी करिब एक दशकदेखि निरन्तर संघर्षमा हुनुहुन्छ । अहिलेको डा.केसीको आमरण अनसन एघारौंपटकको अनसन हो । एघारौंपटकको अनसनले बीसौं दिन पार गरिसकेको छ । एउटा स्वास्थ्यकर्मी हुनुको नाताले स्वास्थ्य क्षेत्रमा देखिएका विकृति र विसंगति तथा माफियातन्त्रका विरुद्ध उहाँले आजा उठाइराख्नुभएको छ । यद्यपि स्वास्थय क्षेत्रमा वर्षौवर्षदेखि काम गर्दै आएका सयौं होइन हजारौं वरिष्ठ डाक्टरहरु नेपालका विभिन्न स्वास्थ्यकेन्द्रमा विद्यमान छन् । कैयौं डाक्टरहरु नेपाल मात्र नहेरेर कैयौं छिमेकी मुलुकहरुमा पनि आफ्नो पेशालाई विस्तार गर्दै आएका छन् । ख्यातिप्राप्त कैयों डाक्टरहरुका पनि डाक्टरहरु यो मुलुकमा छन् । तर कसैले पनि अहिलेसम्म स्वास्थ्य क्षेत्रमा देखिएको व्यापारीकरण, माफियाकरणजस्ता विकृति र विसंगतिका विरुद्ध आवाज ओकल्न सकेनन् । कसैले पनि यो अनियमितता र अराजकतालाई रोक्न- नियन्त्रण गर्न र खबरदारी गर्न सकेनन् कि ? सरकारले जस्तोसुकै नियम कानुन लाद्दा पनि त्यसलाई खारेज गर्नतिर नलागेर 'त्वंम शरण, गच्छामी' भन्दै आँखा चिम्लिेर समर्थन गर्दै आए किन ? स्वास्थ्य, शिक्षा र सुरषा क्षेत्रजस्तो अति महत्वपूर्ण र संवेदनशील षेत्रमा यति नांगो, निकृष्ट र भद्दा प्रकारको अराजकता र माफियातन्त्र जस्ता विकृति र विसंगति मौलाउँदा पनि र यसले राष्ट्रको अस्मितामाथि नै धावा बोल्दा पनि यहाँको राजनीतिक मठाधिसशरु, आफूलाई बुद्धिजीवी भन्न रुचाउने बौद्धिक समुदायहरु, प्राज्ञिक क्षेत्रमा काम गर्ने डाक्टर, वकिल, इञ्जिनियर, प्राध्यापकहरु किन चुप लागेर बसेका छन् । जल, जमिन, जंगल, जडीबुटी र जनशक्तिसमेत बेचबिखन गरेर रातारात धन कुम्ल्याउन लिप्त यी माफियाहरुको छाडातन्त्रका विरुद्ध किन डा.गोविन्द केसीले मात्र जीवनको जोखिम उठाउनुपऱ्यो ? के केसीबाहेक यो मुलुकमा त्याग र बलिदानी भएका मानव छैनन् ? प्रश्नहरु गम्भीर छन् । यी प्रश्नहरुको तथ्यसंगत जवाफ खोजेको यो मुलुकले ।

डा.गोविन्द केसी व्यक्ति होइन, संस्था हुन् । त्यति मात्र नभएर उनी अहिले आन्दोल नबनेका छन् । उनले दुर्गम क्षेत्रका जनताले सिटामेल, मेट्रोनिजाजोललगायतका अति सामान्य औषधीसम्म नपाएर अकालमा मृत्युवरण गरिरहेको र प्रसूति गृहको अभावमा हजारौं महिलाहरुको ज्यान गुमाउनु परेको अवस्था छ । यो स्थितिमा उनीहरुको समस्याप्रति पूरै बेवास्ता गरेर उनीहरुलाई स्वास्थ्य अधिकारबाट बञ्चित गरी धन कुम्ल्याउने र रातारात कुबेर बन्ने उद्देश्यका साथ राजधानी र देशका ठूला शहरहरुमा केन्द्रित रहेर खोलिएका मेडिकल कलेजहरुको खारेजी र दुर्गम क्षेत्रहरुमा त्यसको स्थापनाको माग राख्ने र स्वास्थ्य क्षेत्रमा देखिएको अराजकता र माफियातन्त्रका विरुद्ध जुन आवाज उठाउँदै आएका छन्, त्यो अत्यन्त न्यायिक माग हो । यो मागले जनताको बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्छ । डा.केसीका कतिपय मागहरुले माफियाको सञ्जालमा फसेका सत्तासीन वर्ग, कथित बौद्धिक र प्राज्ञिकवर्गहरुको लुटको स्वर्गमा अवश्य धावा बोलेको छ । तयसमा कतिपय स्वास्थ्यकर्मीहरुलाई समेत चुनौती खडा दिएको छ । अत्यन्त ठूलो महत्वाकांक्षा राखेर निर्माण गरिउका मेडिकल कलेजका संरचनाहरु घाँटीको हड्डीभैंं निल्नु र ओकल्नु बनेका छन् । त्यसैले त्यस्ता संरचनासँग सम्बन्धित स्वास्थ्यकर्मी प्राज्ञिकवर्ग तथा कतिपय राजनीतिज्ञहरुको निम्ति केसीको माग अपाच्य हुनसक्छ । भित्रभित्र त्यो माग कुनै पनि हालतमा पूरा हुन नदिने माफिया षड्यन्त्र हुनसक्छ । त्यो मागलाई तुहाउन राज्यशक्तिको दुरुपयोग हुनसक्छ । तर त्यो माग आम उत्पीडित जनता, क्षेत्र, लिंग र जातिको निम्ति जायज छ, विज्ञान र न्यायसंगत छ । त्यसैले यो मागलाई नेकपा (क्रान्तिकारी माओवादी)लगायत करिब ५० वटा संघसंस्थालगायत राजनीतिक दलले समर्थन गर्दै सडकमा उत्रेका छन् । यदि डा.केसीका यी मागहरुप्रति गिद्दे दृष्टिकोण राखेर बेवास्ता गर्छ र सडकमा उत्रेको जनसागरमाथि लाठी र गोलीको भाषा बोल्छ भने यो माफिया सरकारले इतिहासमा सबभन्दा ठूलो मूल्य चुकाउनुपर्ने छ । त्यति मात्र होइन उयसको जनविरोधी, प्रतिगामी संविधान धुजाधुजा हुनेछ ।

अतः आन्दोलनको प्रतिविम्ब बनेको डा.गोविन्द केसीको न्यायिक माग र जीवनमाथि यो माफिया सरकारले खेलवाड नगरोस् । यथाशीघ्रस उक्त ञमागहरु सम्बोधित होइन र शिक्षा, स्वास्थ्य क्षेत्रमा व्याप्त माफिया तन्त्र र अराजकताको अन्त्य होस् । उपेक्षित र उत्पीडित जात, क्षेत्र, लिंगको बाँच्न पाउने नैसर्गिक अधिकार सुरक्षित होस् । बिरामी र सुत्केरीका कारण अकालमा कसैको ज्यान नजाओस् । राज्यले आफ्नो दायित्व पूरा गरोस् । माफिया सरकारलाई साउन २८ गतेको विशाल विरोध प्रदर्शनले दिएको अन्तिम सुझाव हो । साथै यो चुनौती दिएको छ कि यदि सरकारले उदासिनता, हेलचक्र्याइँ र पूर्वाग्रहका कारण डा.केसीको ज्यान जोखिममा गयो भने, यदि राष्ट्रले उउटा होनहार योद्धा गुमाउनुपऱ्यो भने अनसन बस्ने डा.केसीको मात्र ज्यान जाने छैन माफियाको नायक राष्ट्रका खलनायकहरुले समेत डा.केसीसँगै सति जानुपर्ने छ । सडकको जनसागरलार्य पुलिस र सेनाको बन्दुकले भुट्न सक्ने छैन । मुलुकमा अर्को विद्रोहको भूकम्प आउने छ । शासकहरु हत्यार र अपराधीको रुपमा दर्ज हुनेछन् । त्यसको फैसला सडकले गर्ने छ । आन्दोलनकारीहरु खुट्टा कमाउनु हुँदैन अन्तिम जित सत्यको हुनेछ । न्यायको हुनेछ, गोविन्द केसीको हुनेछ र न्यायको पक्षमा उभिने आन्दोलनकारीको हुनेछ । अस्तु

## सहयोग...

तर्फबाट यथासक्य आर्थिक, भौतिक, नैतिक सबै प्रकारका सहयोग, यथासिघ्र गरिदिनुहुन केन्द्रीय समिति र जिल्ला समितिका साथीहरु तथा शुभचिन्तक महानुभावहरुमा आव्हान गर्दछु ।'

## सहयोग...

गरी डा. के.सी. को जीवन रक्षाका निम्ति हामी नेपाल सरकार र सम्बन्धीत पक्षसँग जोडदार माग समेत गर्दछौं ।'

कात्तिकभित्र सम्मेलन गर्ने निर्णय

वर्गदृष्टि संवाददाता/काठमाडौं- नेकपा (क्रान्तिकारी माओवादी) निकट मजदुर संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघ काठमाडौंले आगामी कात्तिक मसान्तभित्र जिल्ला सम्मेलन गर्ने निर्णय गरेको छ ।

जिल्ला समितिको विस्तारित बैठकले जिल्लामा रहेका विभिन्न पेशागत जिल्ला समिति तथा घटकहरुको भेला बैठक सम्पन्न गरी आगामी कात्तिक मसान्त सम्ममा जिल्ला महासंघको सम्मेलन गर्ने निर्णय गरेको हो ।

यसैगरी बैठकले जिल्ला महासंघ मातहत रहेका विभिन्न पेशागत घटकहरुको संयोजकहरु समेत अनुमोदन गरेको छ । जसमा होटल संयोजक दिनेश गौतम, निर्माण संयोजकमा नन्दिराज रुचाल, पर्यटन संयोजक बालकुमार सुनुवार, सेक्युरिटी संयोजकमा रनसुर महतरा, अटो संयोजकमा बैकुण्ठ घिमिरे, यातायात संयोजकमा जितबहादुर राई, उद्योग संयोजकमा बुद्ध घलेलगायत रहेका छन् ।

क्रान्तिकारी माओवादीका काठमाडौं जिल्ला इन्चार्ज सुरेश श्रेष्ठ, संयोजक शारदा महत, फ्याक्सिन इन्चार्ज भरत बुर्जामगर, कार्यालय सदस्य खगेन्द्र छन्त्याल समेतको उपस्थितिमा बसेको बैठकमा महासंघका केन्द्रीय संयोजक ईश्वर तिमिल्सिना तथा कार्यालय सदस्य बद्री चापागाईंको उपस्थिति रहेको थियो । बैठकको अध्यक्षता एवम् संचालन जिल्ला महासंघका संयोजक उद्धव गुरुङले गरेका थिए ।

## गोलबजारमा...

उपयोगमा होमिएको बताए ।

अखिल नेपाल जनजाति महासंघका केन्द्रीय अध्यक्ष समेत रहेका नेता कमल चौधरीले अहिलेको संघीयता नामको मात्र रहेको भन्दै उत्पीडित जातिको मुक्तिका निम्ति नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको दावी गरे । कार्यक्रममा अन्य वक्ताहरुले पनि नयाँ जनवादी क्रान्तिको आवश्यकतामाथि जोड दिएका थिए ।

## गोलबजारमा...

श्रेष्ठको नेतृत्वमा गएको क्रान्तिकारी विद्यार्थीहरुको टोलीले सो ज्ञापन पत्र बुझाएको हो । संगठनले विना आधार बढाइएको शुल्क खारेज गरी सबै सैक्षिक संस्थाहरूमा समान शुल्क हुनुपर्ने, सामुदायिक शिक्षाको गुणस्तर वृद्धिमा जोड दिनुपर्ने, ऐनअनुसार छात्रवृत्ति नदिएका र सरकारी मान्यता विपरित पाठ्यक्रम पढाउने शिक्षणा संस्थाहरूलाई कारबाही गर्नुपर्ने, पाठ्यक्रममा एकरूपता ल्याउनुपर्ने, पाठ्यक्रम अनुसार प्रश्नपत्र तयार पार्नुपर्ने लगायतका मागहरू राखेको छ ।

क्रान्तिकारीले शिक्षा जस्तो क्षेत्रमा समस्याले सीमा नाघेको स्मरण गराउँदै नियम कानुनलाई एकातिर थन्काएर संचालकहरुले मनोमानी ढंगले शुल्क असुलेकाले उनीहरुमाथि राज्यले उचित कारबाही गर्नुपर्ने जनाएको छ ।

शिक्षा सेवा भन्दा पनि व्यापार र उद्योगमा परिणत गरिएको भन्दै नियमन गर्ने निकायहरु कानमा तेल हालेर निधाएको अभिनय गरहेकाले शैक्षिक अराजकता टुलुटुल हेरेर बस्न नसक्ने क्रान्तिकारीले स्पष्ट पारेको छ । आफूहरुका माग सम्बन्धित निकायले पूरा नगरेमा तालाबन्दी, कालोभ्ज्ञण्डासतिह घेराउ तथा कोणसभा हुँदै सामाजिक बहिस्कार सम्मका कारबाही गर्ने संगठनले जनाएको छ ।

## विश्वदृष्टिकोण...

भनाइप्रति गम्भीर बन्दै आफ्नै निर्मम आलोचना गर्न तयार हुँदै आएका छौं ।

वर्गसंघर्ष र अन्तःसंघर्षबीच द्वन्द्वात्मक सम्बन्ध हुन्छ । यो सम्बन्धमा वर्गसंघर्षका समस्याहरुको समाधान गर्न सर्वप्रथम अन्तःसंघर्षका समस्याहरुको समाधान गर्न जरुरी हुन्छ । पार्टीले यी दुवै समस्याको समाधान गर्नका लागि क्रान्तिकारी द्वन्द्ववादको प्रयोग गर्नुपर्छ ।

**निष्कर्ष**

विश्वदृष्टिकोण, नेतृत्व र कार्यदिशाबीचको द्वन्द्वात्मक सम्बन्धको उल्लेख गर्दा निष्कर्षका रुपमा निम्न कुरामा ध्यान दिन जरुरी छ । पहिलो, मार्क्सवाद-लेनिनवाद-माओवाद क्रान्तिको विज्ञान हो । यसले प्रयोगको माग गर्दछ । जसले प्रयोगका प्रयोगका लागि नभई प्रयोगमा लागेकाहरुको बदनाम गर्नका लागि यो विज्ञान दुरुपयोग गर्दछ र बालको खाल खिच्दै क्रान्ति क्रान्तिकारीहरुको विरोधमा उत्रने गर्दछ, त्यो कुतर्कवादी मात्र नभई प्रतिक्रियावादीहरुको चाकर पनि हो । दोस्रो, मार्क्सवादी द्वन्द्ववादको सार आलोचनात्मक र क्रान्तिकारी छ । यसले असत्यका विरुद्ध सत्य, गलतका विरुद्ध सही र कुरुपका विरुद्ध सुन्दरको पक्षपोषण गर्दछ । यो कुरा विश्वदृष्टिकोण, नेतृत्व र कार्यदिशाको क्षेत्रमा पनि लागू हुन्छ । तेस्रो, यसले क्रान्तिको ऐतिहासिक आवश्यकता अनुसार क्रान्तिकारी नेतृत्व पैदा हुने र त्यो जनसमुदायको कोखबाट जन्मने कुरा मान्दछ । चौथो, क्रान्तिका लागि क्रान्तिकारी नेतृत्व अनिवार्य हुने र त्यो विश्वदृष्टिकोण तथा कार्यदिशाबीचको कडी बन्ने भएकै कारण दुश्मन र अवसरवादीहरुले त्यसप्रकारको नेतृत्वमाथि प्रहार गर्दछ र हामीले त्यसको डटेर मुकाविला गर्नुपर्दछ । विचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबैथोकको निर्धारण अवश्यै हुन्छ तर त्यो कार्यदिशा आकाशबाट बर्षदैन । त्यसको निर्माण, विकास वा अवलम्बनका लागि नेतृत्वकै आवश्यकता पर्दछ ।

*(जनादेश साप्ताहिकको वर्ष ८, अंक ४४, २०५६ साल भाद्र २२ गते मंगलबारमा प्रकाशित लेख सान्दर्भिक भएकोले पुनःप्रकाशित गरिएको हो,सं.)*

## पुरानै...

अमूर्त भएको आरोप लगाएका छन् । उनले भनेका छन्, 'मात्र सम्बृद्धिको कुरा गरेर वा पाँच 'स' को कुरा गरेर मात्र हुँदैन । कसको लागि सम्बृद्धि, कस्तो सम्बृद्धि ? त्यो स्पष्ट हुनुपर्यो । हामीले नयाँ शक्ति भनेर पार्टी त बनायौँ । तर, अहिले हाम्रो पहिचान के हो भन्ने अलमल छ । हामी कता हराएको जस्तो भएका छौं ।'

नेता पौडेलले बाबुराम भट्टराई सीमित व्यक्तिहरुको घेराबन्दीमा परेको पनि आरोप लगाए । 'उहाँ बढी एकाडेमिक साथीहरुको प्रभावमा पर्नुभएको छ । उहाँ सीमित व्यक्तिको घेराबन्दीमा पर्नु भएको छ,' उनले भने, 'हामी बाबुराम भट्टराईलाई नेता बनाउन चाहन्छौं । तर, यसरी सीमित घेरामा बसेर हुँदैन । यो उहाँकै हितमा छ ।' उनले पार्टी श्रमजीवी र उत्पीडित वर्गको हितमा हुनुपर्नेमा भट्टराईको दस्तावेजमा त्यो कुरा उल्लेख नभएको बताउँदै पार्टी एनजिओ जस्तो भएको पनि आरोप लगाएका छन् ।

पौडेलले नयाँ शक्तिसहित परिवर्तनकारी शक्तिहरुबीच ध्रुवीकरण हुनुपर्नेमा पनि जोड दिए । 'प्रचण्ड, बाबुराम, किरण, विप्लव, उपेन्द्र, जनजातिहरुको ध्रुवीकरण हुनुपर्छ भन्नेकुरा बाबुरामजीले बुझ्नुपर्छ । नत्र परिवर्तन सम्भव छैन,' उनको भनाइ छ । पौडेलसहित महेन्द्र पासवान, बामदेव क्षेत्री, कुमार पौडेल, मुक्ति प्रधान, पासाङ शेर्पा, हिसिला श्रीपाली, बलावती शर्मा, तिलक थापा, अमरध्वज लामा, वाहिद अनसारी, लाल किरण, शमिर्ली लामा, रत्न राणा र रविन्द्र सुनुवारको हस्ताक्षरमा अपील समेत जारी गरेका छन् ।

२०७२ साल असोज ९ गते डा. बाबुराम भट्टराईले बानेश्वरको इन्द्रेणी फुडल्यान्डबाट तत्कालीन एकीकृत माओवादी परित्याग गरेर नयाँ शक्तिको गठनमा लागेका थिए । ०७३ साल जेठ ३० गते राजधानीको दशरथ रंगशालाबाट नयाँ शक्ति पार्टीको घोषणा गरेका बाबुरामले कर्मचारी, प्रहरीबाट अवकाश पाएका व्यक्तिहरू, स्वनामधन्य कलाकारहरू र विभिन्न पार्टीबाट आएका असन्तुष्ट व्यक्तिहरूलाई मिलाएर नयाँ शक्ति पार्टीको निर्माण गरेका थिए । तर बाबुरामको सैद्धान्तिक असंगति र पार्टी संचालनको शैलीप्रति असन्तुष्टी जाहेर गर्दै क्रमशः नेताहरुले पार्टी परित्याग गर्दै आए ।

**क-कसले छाडे भट्टराईलाई ?**

गत चैत १ गते सामाजिक सञ्जाल ट्वीटरमार्फत् पूर्वअर्थसचिव रामेश्वर खनालले आफू नयाँ शक्तिमा नरहेको घोषणा गरे। खनाल बाबुरामले पार्टी घोषणा गर्नुअघि नै गठित केन्द्रीय परिषदका संस्थापक सदस्य मध्येका एक थिए । उनले नयाँ शक्ति पार्टीका आर्थिक निति र योजना तयार पार्न महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

पार्टीको आर्थिक नीति विभागमा रहेर काम गरेका खनालले ट्वीटरमा लेखे, 'म कुनै पार्टीमा छैन, राजनीति मेरो क्षमताको विषय रहेनछ ।' गत असोजमा नयाँ शक्ति पार्टीका केन्द्रीय कार्यकारी सदस्य मुमाराम खनालले पनि एक विज्ञप्ति जारी गर्दै पार्टी परित्याग गरे । विज्ञप्तिमा उनले भनेका थिए, 'हामीले १७९ वटा दलहरूको बीचमा एउटा थपेर १८० औं बनाउन खोजेका होइनौं । तर, नयाँ शक्ति पार्टीको विकासक्रमले एउटा नयाँ थपिएर १८० औं बन्नुवाहेक अर्को सम्भावना देखिएन ।'

यद्यपि नयाँ शक्तिले भने खनाललाई कारबाही गरिएको जनाएको थियो । यस्तै, लामो समयदेखि नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहेर नयाँ शक्ति प्रवेश गरेका पुराना नेता महेश कोर्मचाले पनि नयाँ शक्ति पार्टी परित्याग गरे । उनलाई नयाँ शक्तिले सहसंयोजक बनाएको थियो। उनी विजयकुमार गच्छादार नेतृत्वको लोकतान्त्रिक फोरममा प्रवेश गरे । स्थानीय तह निर्वाचनमा नयाँ शक्तिको परिणाम निराशाजनक रहेपछि पार्टी परित्याग गर्ने क्रम झनै बढेको छ । पूर्व माओवादीहरू 'पुरानै घर' फर्किने क्रम तीव्र बनेको छ ।

पार्टी छाडेको लगत्तै डा.भट्टराईले माउ पार्टी माओवादीलाई 'रातो स्टिकर टाँसेको' घर भनेका थिए । गत असार ७ गते नयाँ शक्ति विद्यार्थी युनियनकी संस्थापक संयोजक ओमकुमारी पौडेलसहित ठूलो संख्यामा युवा विद्यार्थीको समूह माओवादी केन्द्रमा फर्कियो । पौडेलसहित स्ववियु विभाग प्रमुख युवराज दाहाल, विद्यार्थी युनियन प्रदेश नम्बर ४ का संयोजक सुमन आचार्य, नयाँशक्ति निकट प्रेस सोसाइटीका केन्द्रीय सदस्य नवराज बराल लगायत ठूलो संख्यामा युवा विद्यार्थीहरू लाजिम्पाट पुगेर माओवादी केन्द्र प्रवेश गरे।गत चैत ६ गते नयाँ शक्ति नेपाल मलेसियाका संस्थापक सदस्य राजु ढुंगाना 'प्रनिल' सहित २६ जना सदस्यले नयाँ शक्ति परित्याग गरे ।

उनीहरूले नयाँ शक्ति बाबुराम भट्टराईको निजी कम्पनीजस्तो भएको र बाहिर भनेअनुसारको राजनीतिक बातावरण नरहेको आरोप लगाएका थिए।यतिबेला नयाँ शक्ति छाड्ने क्रम अझ बढेको छ । बिहीबारमात्र नयाँ शक्तिसँग असन्तुष्ट एउटा पक्षले नेता देवेन्द्र पौडेलको नेतृत्वमा पत्रकार सम्मेलन गरेको छ । यसरी पत्रकार सम्मेलन गर्नेमा पौडेलसहित कुमार पौडेल, महेन्द्र पासवान, वामदेव क्षत्री लगायतका नेताहरू छन् भने उता नयाँ शक्तिका सहसंयोजक रामचन्द्र झा पनि पार्टी परित्याग गर्ने अन्तिम तयारीमा रहेका छन् ।

उनी माओवादी केन्द्र वा एमाले प्रवेश गर्ने तयारीमा रहेका छन् । दशवर्षे जनयुद्ध परित्याग गर्दै शान्तिप्रक्रियामा आउने वित्तिकै 'राजनीतिक क्रान्तिको युग सकियो, अब आर्थिक क्रान्तिको युग आयो' भनेर अभिव्यक्ति दिएका बाबुरामको यो असफलताले पनि के पुष्टि गरेको छ भने नेपालमा राजनीतिक क्रान्ति नै पूरा भएको छैन । त्यसैले आर्थिक क्रान्ति होइन, नेपालमा फेरि पनि राजनीतिक क्रान्तिको नै खाँचो छ । त्यो भनेको नयाँ जनवादी क्रान्ति नै हो ।

## बाढीग्रस्त जिल्लामा औषधिसहितको 'र्‍यापिड रेस्पोन्स टिम'

वर्गदृष्टि संवाददाता

काठमाडौं- तराईका बाढी प्रभावित १८ वटा जिल्लामा सरकारले औषधीसहितको 'र्‍यापिड रेस्पोन्स टिम' परिचालन गरेको छ । केही दिनदेखि परेको अविरल बर्षाका कारण देशैभर ठूलो जनधनको क्षति भएको छ । स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले बाढीपहिरोपछि टाइफाइड, आउँ, झाडापखाला जस्ता रोगको महामारी नफैलिओस् भनेर चिकित्सकको टोली बाढीबाट अति प्रभावित जिल्लाहरुमा पठाइएको जनाएको छ । टिममा विशेषज्ञ डाक्टरसहित ११ जना छन् ।

महाशाखाले पठाएको चार वटा र्‍यापिड रेस्पोन्स टिम जनकपुर, नेपालगञ्ज, रौतहट र विराटनगरमा विपद व्यवस्थापनका लागि परिचालित गरिएको छ । बाढीका कारण मानवीय क्षति थप नहोस् भन्नका लागि क्षेत्रीय निर्देशनालयहरुलाई समेत अलर्ट हुन निर्देशन दिइएको छ ।

हरेक ठाउँको जानकारी मन्त्रालय र इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखालाई भइरहेको महाशाखाले जनाएको छ । स्वास्थ्य मन्त्रालयले सबै स्वास्थ्यकर्मीहरुलाई विदा नबस्न र गोष्ठी सेमिनार जस्ता कार्यक्रम रोकेर बाढी प्रभावित क्षेत्रमा परिचालित हुन निर्देशन दिएको छ ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।